# प्राचीन डोटी राज्यको राजनैतिक तथा सांस्कृतिक इतिहास

लेखक—विश्वनाथ भट्टराई
पुरातत्त्व विभाग

## सुदूर पश्चिमाञ्चल विकास क्षेत्र

नेपाल अधिराज्यका चार विकास क्षेत्र मध्ये एक महत्त्वपूर्ण विकास क्षेत्र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र हो । सुदूर पश्चिमाञ्चल विकास क्षेत्र– यस समस्त शब्दबाटै यस विकास क्षेत्रको वास्तविक स्वरूप र स्थितिको अनुमान गर्न सकिन्छ ता पनि भौगोलिक विविधता, सामाजिक विषमता, आर्थिक विषमता, जाति एवं भाषागत असन्तुलनता आदि अनेकौं वैविध्यताबाट परिभाषित गर्न सकिने यस विकास क्षेत्रलाई सामान्यतया उच्च हिमाली प्रदेश, पर्वतीय भूमि, भित्री मध्येश र तराइ प्रदेश गरी चार भागमा बाँड्न सकिन्छ । नदी, नाला, खोला, पाखा, पखेरा, छहरा, पहरा, नागबेली गोरेटा, वस्ती बगर, खाल्डा, खोंच, वन, उपवन, ताल, पोखरी आदि अनेकन प्राकृतिक संपदाले सुशोभित एवं खनिज संपदाले परिपोषित यस विकास क्षेत्रको केन्द्रविन्दु सुर्खेत हो ।

यस विकास क्षेत्रभित्र रापती, कर्णाली, भेरी, सेती र महाकाली अञ्चलहरू पर्दछन् । यस विकास क्षेत्रको क्षेत्रफल नेपाल अधिराज्यको क्षेत्रफलको २६.२ प्रतिशत छ (१) । यस विकास क्षेत्रको पूर्वमा पश्चिमाञ्चल विकास क्षेत्र, पश्चिम र दक्षिणमा भारतको उत्तर प्रदेश र उत्तरमा जनवादी गणतन्त्र चीनको तिब्बत क्षेत्र पर्दछन् । भौगोलिक दृष्टिबाट यस विकास क्षेत्रको अवस्थिति २७·४०' देखि ३०·२६' उत्तरी अक्षांशमा र ८०·३' देखि ८७·३' पूर्वी देशान्तरको वीचमा पर्दछ (२) ।

अधिराज्यका अन्य विकास क्षेत्रहरू भन्दा यो क्षेत्र आर्थिक, सामाजिक एवं राजनैतिक दृष्टिबाट पिछडिएको भए पनि पुरातात्विक तथा सांस्कृतिक महिमामय गरिमा-हरूले भरपूर छ ।

## प्राचीन डोटी राज्य

यस राज्यको प्राचीन ऐतिहासिक रूपरेखाबारे पुरातात्विक, सांस्कृतिक एवं राजनैतिक स्थितिको सम्यक् अध्ययन अनुसन्धान नभएसम्म ठोस रूपमा केही भन्न सकिन्न । तर पनि आज सम्म प्रकाशित केही ऐतिहासिक पानाहरूले प्राचीन कालमा यो राज्य पाल एवं मल्लहरूको अधीनस्थ क्षेत्र भएको कुराको संकेत गरेका छन् । यी खसिया मल्ल राजाहरूले ईशाको दशौं शतीदेखि ईसाको चौधौ शतीको उत्तरार्धसम्म पश्चिम नेपालको एक वृहत् क्षेत्र भित्र शासन गरेका थिए । यिनीहरूको राज्य क्षेत्र पूर्वमा त्रिशूली गण्डकीदेखि, पश्चिममा गढवाल संम र उत्तरमा ताक्लाकोटदेखि दक्षिणमा तराइ सम्म फैलिएको थियो । यी मल्लराजाहरूको राजधानी सिजा

१ मेची—महाकाली — भाग ४ पृष्ठ १ ।
२ ऐजन — भाग ४ पृष्ठ २ ।

थियो (३)। पछि राजा क्राचल्लको पालादेखि दुल्लूले पनि राजधानीको रूप लियो। खसिया मल्ल राजाहरूलाई ह्यामिल्टनले असन्ती र बसन्ती (अस्कोट र वस्कोट) वंशका भनी बताएका छन् (४)। राजा क्राचल्लदेवको पालादेखि दुल्लूले पनि राजधानीको रूप लिएको कुरा क्राचल्लको कुमाउँ बालेश्वरको मन्दिरमा रहेको शक संवत् ११४५ (वि. सं १२८०) को अभिलेखबाट प्रष्ट हुन्छ। उक्त अभिलेखलाई आधार मानी धनवज्र वज्राचार्यज्यूले पनि "कर्णाली प्रदेशको एक झलक" लेखमा राजधानी सिंजा र दुल्लूको विषयमा चर्चा गरेका छन् (५)।

दुर्लङ्घ्यनगर कोटि स्तम्भको (कीर्तिस्तम्भ) अभिलेखमा पुण्यमल्लका छोरा पृथ्वीमल्लले आफ्नो र नागराजको वंशावली दिएका छन्। नागराजको वंशावली अनुसार खसिया मल्लवंशका संस्थापक प्रथम राजा नागराजनै देखिन्छन। यिनै नागराजले खारिप्रदेशबाट जावेश्वर (जुम्ला) मा आई सिंजा सहरमा स्थिति बसालेको उल्लेख पनि उक्त स्तम्भाभिलेखमा गरिएको छ (६)। नागराजले स्थापित गरेको यस प्रसिद्ध राजवंशका राजाहरूमध्ये राजा क्राचल्ल एक प्रख्यात तथा विजयी राजा थिए। यिनले वि. सं. १२८० मा कुमाउँमा प्रवेश गरी कार्तिकेयपुरका राजाहरूलाई पराजित गरी कार्तिकेयपुरमा अधिकार स्थापित गरेका थिए (७)। यसरी राज्य गरेको महान् उपलक्षमा राजा क्राचल्लदेवले बंगज ब्राह्मण भइ नारायणलाई शक संवत ११४५ (वि. सं. १२८०) मा पूर्वमा स्वहारगाडी, दक्षिणमा कुहुडकोट, पश्चिममा तलकोट र उत्तरमा लाधौंल सम्मको जमिन पनि दान गरेका थिए (८)। राजा क्राचल्लदेव ई. १२२३ (वि.सं. १२८०) मा अनेकमल्लको बत्तिस वर्षपछि एक नयाँ विजेताको रूपमा कुमाउँमा आएको र क्राचल्लदेव नेपाली नै भएको कुराको उल्लेख पनि राहुलले गरेका छन् (९)। वस्तुतः राजा क्राचल्लदेव सिंजास्थित नाग राजवंशका एक महान् विजयी राजा भएको तथा नेपाली भएको कुरा माथि

---

३ करदीकृत-कोंकण-कर्णाट-लाट-मुरल- केरलऽहालांग -वंग-कलिङ्ग—मिथिल-मालव—नेपाल—गुर्जर-जालंधरांध्र-प्रमुख— मेदिनीनाथ संसेव्यमाना— स्थानी— निकेतनाजिरे श्रीमती सेंजापुरे सम्राट अपाडराज पुण्यमल्ल देवको शाके १२५९ को कनक पत्रबाट-यो कनकपत्र ईतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ पृष्ठ ७६२ मा योगी नरहरिनाथले प्रकाशित गरेका छन्।

4. I think it probable, that the Rajas of Yumila (Jumla) are the descendants and representative of Asanti and Basanti. An Account of the Kingdom of Nepal–Page 287

५ त्यसबाट क्राचल्लको समयमा दुल्लू बसिसकेको र संपन्न भइसकेको देखिन्छ। यसरी सिंजा र दुल्लु दुवै सहरले राजधानीको रूप लिन थालेको देखिन्छ। यसै हुँदा यिनका उत्तराधिकारीहरूले कहिले सिंजामा र कहिले दुल्लूमा बस्ने गर्न लागेको उल्लेख पाइन्छ" पूर्णिमा वर्ष २ अङ्क २ पृष्ठ २०।

६ अथ् खारि प्रदेशस्थो यो जावेश्वरवामगात् तेन श्री नागराजेन सेंजापुर्यां स्थितिः कृता—'कर्णाली प्रदेशको एक झलक, धनवज्र वज्राचार्य, पूर्णिमा वर्ष अङ्क २, पृष्ठ १५।

७ परम भट्टारक महाराजाधिराज परमेश्वर श्रीमान क्राचल्लदेव नरपतिने १६ वें विजय राज्य (संवत्सर) में अधिकृत क्षेत्रों में हथियारों से अपना सारे शत्रु चक्रको परास्त किया, और विध्वस्त कीर्तिपुर (कार्तिकेयपुर) के राजाओंको नष्टकर वहाँ अपना अधिकार स्थापित किया। राहुल सांकृत्यायन, कुमाउँ, पृष्ठ ६४।

१० उक्त दानभूमिका सीमान्त यस प्रकार है-पूर्व में स्वहारगाडी, दक्षिणमें कहुड कोट पर्यन्त, पश्चिममें तलकोटा तक और उत्तरमें लघौल तक। इस प्रकार चतुः सीमावद्ध कोनदेव में अवस्थित आकर नदी तट जंगल, तथा उनकी उपजको इस दानपत्र द्वारा (हमने) यावत चन्द्र दिवाकर सदा प्रवर्तित रहने के लिए दे दिया—राहुलको अनुवाद, गढवाल, पृष्ठ ११४—१६। कुमाउँ पृष्ठ ६४, ६५।

९ क्राचल्लदेव (१२२३ ई.) अनेकमल्ल के बत्तिस बर्षों-वाद एक नये विजेताके कुमाउमें आनेका पता लगता है। क्राचल्लके नेपाली होनेका पता नेपालके इतिहाससे लगताहै-कुमाउँ. पृष्ठ ६३

चर्चित पृथ्वीमल्लदेवको कीर्ति स्तम्भाभिलेखबाट स्वतः सिद्ध हुन्छ । यसै गरी वि.सं. १२८० मा कार्तिकेयपुर वैजनाथका राजाहरूलाई ध्वस्त पारी अपने राज्यके सोलहवें वर्षमें सं. १२८० वि. में क्राचल्लदेव ने उत्तराखण्ड पर आक्रमण करके कीर्तिपुर (कार्तिकेयपुर वैजनाथ) के राजाओं को नष्ट करके वहाँ अपना राज्य स्थापित किया । उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास भाग ३ पृष्ठ–५२० । क्राचल्लदेवले राज्य स्थापित गरेको कुरा उल्लेख गर्नुको साथै अशोक चल्लको मृत्युको आसपासमा राजा क्राचल्लदेवलाई डोटीराज्यको अधिकार प्राप्त भएको उल्लेख पनि शिव प्रसाद डवरालले गरेका छन् (१०) । डवरालजीको उल्लेख बमोजिम डोटी राज्य खसिया मल्लहरूको अधीनस्थ क्षेत्र भएको तथ्य प्रकाशमा आउँछ । तर स्मरणीय के छ भने शाके १२७९ को पृथ्वीमल्लदेवको कीर्तिस्तम्भाभिलेखबाट क्राचल्लका छोरा अशोकचल्ल भएको हुँदा अशोक चल्लको मृत्युको आसपास राजा क्राचल्ललाई डोटीको राज्याधिकार प्राप्त हुनु सन्देहास्पद देखिन्छ । राजा क्राचल्लदेवले समयमानै छोरा अशोक चल्ललाई राज्य भार सुम्पी आफू अलगगै मौन भई बसेको वा सन्यास लिई बसेको तथा अशोक चल्लको मृत्यु राज्य गर्दागर्दा आकस्मिक रूपबाट भएको र पुनः राजा क्राचल्लले राज्याधिकार सम्हालेको प्रामाणिक ऐतिहासिक तथ्य प्राप्त नभए सम्म डवरालजीको भनाइमा सत्यताको मात्रा आउँछ भन्न सकिदैन । क्राचल्लका छोरा अशोक चल्लले डोटीदेखि लिएर पश्चिम यमुना उपत्यकासम्म आफ्नो अधिकार जमाएका थिए (११) । यस प्रकार विशाल भूभागमा शासन गर्ने दुल्लू र जुम्लाका खसिया मल्लराजाहरूको ईशाको चौधौं शतीको अन्त्यतिर भएको अवनतिको परिणाम स्वरूप पश्चिम नेपालमा बाइसे चौबिसे जस्ता विभिन्न सानातिना राज्यहरूको आकस्मिक समुदय भयो ।

बाइसे राज्यहरू

समाल साहीको राज्य

१ जाजरकोट
२ रुकुम
३ सल्यान
४ विलासपुर
५ दैलेख
६ दुल्लू
७ रासकोट
८ सान्नी
९ छिल्ली
१० दाङ
११ जहारी
१२ अछाम
१३ डोटी
१४ वीमकोट
१५ दर्ना
१६ रोल्पा

कल्याल साहीको राज्य

१७ जुम्ला

सिंह ठकुरीको राज्य

१८ बझाङ
१९ थलहरा
२० बाजुरा

मल्ल साहीको राज्य

२१ वोगटा

सिंह ठकुरीको राज्य

२२ खुम्री

चौबिसे राज्यहरू

राणा भूपालको राज्य

१ गहुँकोट २ भिरकोट ३ ठोर ४ स्याङ्जा नुवाकोट ५ सतहूँ ६ कास्की ७ लमजुङ ८ गोर्खा

सेनहरूको राज्य

९ रिसिङ
१० तनहूँ
११ पाल्पा

सिंह ठकुरीको राज्य

१५ गुल्मी
१६ मुसीकोट
१७ हस्मा

मल्ल साहीको राज्य

१८ खांची
१९ धुरकोट

समालसाहीको राज्य

१२ पर्वत
१३ गलकोट
१४ प्यूठाना

कार्की बाहुनको राज्य

२१ उदयपुर

जाडको राज्य

२२ मुस्ताङ

सिंह सेनको राज्य

२३ पन्यूँ

---

१० अशोकचल्लकी मृत्यु तिथिके आसपास क्राचल्लको उसकी मूलभूमि डोटी पर अधिकार प्राप्त होनेसे अनुमान लगता है कि संभवतः उन दोनोंका पारिवारिक सम्बन्ध भी था– उत्तरा खण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास, भाग ३ पत्र ५२१

११ अशोक चल्लने कत्युरी नरेशोंके सारे शासित प्रदेश पर जो संभवतः नेपालमें डोटी से लेकर पश्चिममें यमुना उपत्यकातक फैला था, अधिकार कर लिया था-उत्तरा खण्डका इतिहास, भाग ३ पृष्ठ ४९५

२० अर्घा  कान्तिपुरे मल्लको राज्य
२४ नुवाकोट

यद्यपि उक्त बाइसी तथा चौविसी राज्यहरूको गठन बारेमा विभिन्न विद्वानहरूका विभिन्न मत मतान्तरहरू पाइन्छन् र कसैले बाइसेका कतिपय राज्यलाई चौबिसेमा र चौबिसेका कतिपय राज्यलाई बाइसेमा पारेका प्रमाण-हरू पनि पाइन्छन् ता पनि जुम्ला, डोटी र दुल्लू जस्ता प्रभावशाली राज्यहरूलाई भने इतिहासकारहरूले चौबिसी राज्यमा गणना गरेका छैनन् । यसरी जुम्ला, दुल्लू र डोटीलाई चौविसेमा परिगणना नगर्नुबाट उक्त तीन राज्य-हरू बाइसे राज्य अन्तर्गत परेको कुरा स्वतः सिद्ध हुन्छ । इतिहासकार सूर्य विक्रम ज्ञवालीज्यूले वाइसी चौबिसी राज्यहरूलाई जुम्लाको अधीनस्थ भएको कुरा बताएका छन् (१३) पछि नेपाल अधिराज्यको एकीकरणको सिल-सिलामा यी चौबिसी र बाइसी राज्यहरूमात्र नभएर पूर्वतिरको सप्त कौशिकी, (किरात) नेपाल, सप्त गण्डकी र काली कर्णाली तकका साना ठूला सबै राज्यहरूसंग पनि संघर्ष गर्नु परेको थियो ।

डोटी राज्यको ऐतिहासिक चर्चाको सिलसिलामा राम-निवास पाण्डे लेख्छन्– ईसाको चौधौं शतीमा जुम्ला र दुल्लूका शक्तिशाली मल्ल राजाहरूको अवनति भएपछि पश्चिम नेपाल बाइसे राज्यहरूमा बिभाजित भयो । नाम मात्रको आधिपत्य लिएका राजाहरूद्वारा प्रत्येक राज्य शासित थिए । यी राजाहरूमध्ये डोटी र डंडेल्धुराका रैका राजाहरू विशेष प्रभावशाली थिए । पश्चिम काली कुमाउँदेखि पूर्वमा कर्णाली सम्म र उत्तरमा ठाकुरजी-देखि दक्षिणमा तराइ संमको भूभाग यिनीहरूको स्वशासित क्षेत्र थियो । अल्मोडा र गढवालका चन्दराजाहरू बाहेक अन्य सबै छिमेकी राज्यहरू डोटी राजाको अधीनस्थ थिए । प्रत्येक वर्ष ती राज्यहरू डोटीको रैका राजालाई उपहारस्वरुप केही तिरो तिर्ने गर्दथे । हिमाली राज्य डोटी संपन्न तथा सीमाविहीन थियो । मध्यकालमा इण्डियाका मुस्लिम सुल्तानहरूले डोटी राज्यको धन सम्पत्ति र खजाना लुट्नको लागि दुई पटक सम्म आक्रमण गरेका थिए (१४) । उपन्यासकार मोहन बहादुर मल्लज्यू-ले– "कर्णाली प्रदेशका वर्मन" लेखमा बाइसे राज्यहरूको सम्बन्धमा चर्चा गर्दै आदित्य मल्लले वि.सं १३८६ मा देव चन्द्र वर्मनलाई अछामको रजाइँ दिएको, वि. सं. १४१७ तिर पृथ्वीमल्लले भीम वर्मनलाई कर्णाली प्रदेशको राज्य दिएको तथा कर्णाली प्रदेशलाई वि. सं. १४६१ मा मेदनिले जाजरकोट, रुकुम्, सल्यान्, विलासपुर र जुम्ला गरी पांच भागमा विभाजित गरेको र त्यसपछि मेदनिका नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिंदै गएको कुराको उल्लेख गर्दै विशाल नेपालमा बाइसे राज्य विलीन हुनु भन्दा पहिले सम्म दुल्लू, बझाङ, जाजरकोट, डोटी, सल्यान तथा जुम्ला

---

१२ **यो बाइसे तथा चौविसे राज्य र राजाहरूको नाम मैले उपन्यासकार मोहनबहादुर मल्लज्यूको सौजन्य-बाट पाएको हुँ । उहाँको भनाइ अनुसार वहाँले वाइसे चौविसे राज्य र राजाहरूको विषयमा लेखेको कृति प्रकाशमा आउँदैछ ।**

१३ **राम शाहको जीवन चरित्र– पृष्ठ ६—७**

14. **After the ebb of the mighty Mallas of Dullu and Jumla in fourteenth century, Western Nepal sandered twenty two small principalities, each to be ruled by a small king of nominal suzerainty. Among them, the Rainkajyus of Doti and Dadeldhura were the most important and they had ruled over a vast territory ex-**tending between Kali and Karnali rivers and the Thakurjee and Siwalika mountains. Except the Chandas of Almora and Garwhal, the other neighbouring states of the area were the vassals of the Doti kings. Each year they had to pay a genteel visit to the Rainkajyus Court including a sumptuous tribute of wealth and jewellery. The riches of this mid Himalayan Kingdom was unbounded, known even to the Muslim Sultans of this country in later medieval period for looting its treasury and property. Nepal Review, April 1969 Vol I No. 6 Page 247— Ram Niwas Pandey.

ठूला राज्य भएको तथा बाजुरा, छान्ना र खुम्री ससाना राज्य भएको कुराको अड्कल काटेका छन् (१५) ।

डोटीका राज्यहरूलाई रैंका राजा, महाराजा तथा राजाधिराज भनिन्थ्यो । एट्किन्सन एवं राहुल सांस्कृत्यायन आदि र अन्य कतिपय इतिहासकारहरूले टोटीका राजाको संवन्धमा "रैनका राजा" को उल्लेख गरेका छन् तापनि डोटचाल राजाहरूले जनता जनार्दनलाई गरिदिएका ताम्र-षत्र एवं ऐतिहासिक पत्रहरूमा रैका राजा, राजाधिराज, महाराजा, शब्दको प्रयोग भएको हुँदा उक्त इतिहासकार-हरूले प्रयोगमा ल्याएको 'रैनका राजा' शब्द ऐतिहासिक परिप्रेक्ष्यमा नसुहाउने तथा अनुचित प्रयोग जस्तो देखा पर्छ । यी डोट्याल राजाहरूको ग्रीष्मकालिन राजधानी डडेलधुरा-को अजयमेरकोट र शीतकालिन राजधानी डोटीको दिपायल थियो (१६) । ग्रीष्मकालिन राजधानी अजयमेरकोटको विषयमा स्थापित समाजमा परम्परागत रूपमा चलेर आए-को लोकगीत यस प्रकारको छ–

मदेस जाई दिल्ली गडाया पर्भत जाई सिजो विलोस्या
सिजाका बुरुकाटी अजयमेरू जाई थाप्या ।
हो, हेमन्तपाल राजा भया... ।

यस परम्परागत लोकगीतले अजयमेरकोट पाल राजाले बनाएको र त्यहाँ हेमन्तपाल राजा भएको तथ्यलाई हाम्रो अगाडि सार्दछ । यद्यपि हेमन्तपालको उल्लेख डोटचाल वंशावलिमा कतै पाइँदैन तापनि राहुल सांस्कृत्यायनले ई० ८४१ तिर देवपालले नेपाललाई (१७) आफ्नो प्रभा-वमा ल्यएका थिए भनी 'कुमाउँ' कृतिमा गरेको उल्लेख पनि यस लोकगीतबाट संगतिपूर्ण देखिन आउँछ । यस पुछार माथिको लोकगीत र राहुलको भनाइ मुताविक डोटीको विशाल क्षेत्र पाल राजाहरूकै शासनाधीन भएको तथ्य प्रकाशमा आउँछ । साथै योगी नरहरी नाथज्यूले पनि डोटीको श्रीकोट (सिरकोट) लाई पाल राजाहरूको राज-धानी बताएको (१८) बाट पनि डोटी राज्य पालहरूको अधीनस्थ क्षेत्र भएको प्रष्ट हुन्छ । यसैले यसबारे विशेष अनुसन्धान गर्नु अनिवार्य भइसकेको छ । डोटी राज्य तथा राजधानी दिपायलको संवन्धमा चर्चा गर्दै ह्यामिल्टनले डोटी राज्य काली नदी तक विस्तृत छ र यसलाई कालीले कुमाउँबाट छुट्याउँछ । यस राज्यको विच भागबाट सेती

---

१५ गण्डकी प्रदेश र कर्णाली प्रदेशको सीमानामा आजतक भूगोलवेत्ताहरूको एकमत भइसकेको छैन ता पनि स्वर्गद्वारीलेकको पश्चिम सखीको लेकलाई नै धेरैले सीमाना मानेका छन । राप्ती नदीका आसपासको जमीन कुनै कर्णालीमा र कुनै गण्डकीमा पर्न जान्छ । किनभने यसका किनारका ठकुराइन यस नदीका वारपार सम्म फैलिएका थिए । प्यूठान र उदयपुर चौविसेमा तथा रोल्पा खुम्री र छिल्ली बाइसेमा गणना गर्न मिल्दछन् । वि. सं. १३८६ तिर आदित्य-मल्लले देवचन्द्र वर्मनलाई अछामको रजाइँ दिए वि. सं. १४१७ तिर पृथ्वी मल्लले भीम वर्मनलाई संपूर्ण कर्णाली प्रदेशको रजाइँ दिए । डोलिएको यस प्रदेशलाई वि. सं १४६१ मा मेदनिले ५ टुक्रा पारे । जाजरकोट, रुकुम, सल्यान, विलासपुर र जुम्ला । मेदनिके पालामा झैं गरेर उनका छोरा नातिका पालामा पनि कर्णाली प्रदेश टुक्रिदै जान लाग्यो । जाजरकोटबाट जहारी, रुकुमबाट रोल्पा, सल्यानबाट छिल्ली, विलासपुरबाट दुल्लू, दैलेख, रामकोट र सान्नी तथा अछामबाट दर्ना, वोगटा, डोटी, वाजुरा र छान्ना बनी वर्मन राज्यहरू बढेका या फैलिएका जस्तो बुझिन्छ । यो बाहेक जुम्लामा कल्याल शाही, दाङमा थारु र बझाङ, थलरा तथा खुम्रीमा सिंह औ अन्य ठकुरी वंशको रजाइँ चलेको थियो । विशाल नेपालमा बाइसे राज्य विलीन हुने समयमा डोटी, दुल्लू बझाङ, जाजरकोट सल्यान र जुम्ला यी ठूला राज्य र वाजुरा छान्ना र खुम्री साह्रै साना राज्य थिए'– प्राचीन नेपाल, संख्या २७, वैशाख ०३१ पृष्ठ ६२ ।

16. The title Rainka Raja is that of Doti at this time and we may identify the name Wajrail with either Jurail or Dipail, the cold-weather residence of the Doti Raja on the Seti river at the foot of the hills. His principal fort was Ajmergarh near Dadel-dhura, where the Chauntara or governor now resides· E.T. Atkinson, Kumaun, Hills 1974– Page 544-451

१७ राहुल सांस्कृत्यायन, कुमाउँ पृष्ठ– ३६–३७ ।

१८ योगी नरहरिनाथ, इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १ पृष्ठ–

नदी बहेको छ । सेतीको किनारामा एक सुन्दर उपत्यका छ, जसको लम्वाइ २ कोष र १ कोष छ। यहाँ नै दिपायल राजधानी छ । यस दिपायललाई सेती नदीले तीनतिरबाट घेरेको छ । यहाँ ढुङ्गाले बनाएका एवं ढुङ्गाकै छानो भएका ४०० जति घरहरूपनि छन्" भनी उल्लेख गरेका छन् (१९) । योगी नरहरिनाथले डोटचाल राजाहरूको वंशावलि प्रकाशित गरेकाछन् (२०) । यस वंशावलिमा १८२ राजाहरूको नामोल्लेख गरिएको छ । जसमध्ये कतिपय राजाहरूका नाम पौराणिक ढाँचाका देखिन्छन् ता पनि संवन्ध जोड्न उल्लेख गरिएका यी प्राचीन राजाहरूमा पनि सत्यताको अंश छैन भन्न सकिन्न । यसैगरी एट्किन्सनले (२१) र राहुल सांस्कृत्यायनले (२२) पनि डोटचाल राजाहरूको ऐतिहासिकताको चर्चा गर्नुको साथै उनीहरूको वंशावलि पनि प्रकाशित गरेकाछन् । साथै पालराजाहरूको पनि । यी प्रकाशित वंशावलिहरूबाट डोटचाल राजाहरूको संवन्धमा केही मात्रामा जानकारी-प्राप्त भएतापनि यी राजाहरूको संवन्ध विशेष गरेर कत्युरवंशी राजाहरूसंग भएकोले डोटी र डोटचाल राजाहरूको इतिहासको अनुसन्धानतिर दौडिदा सर्व प्रथम कत्युरहरूको चर्चा गर्नु उपयुक्त देखिन्छ ।

कार्तिकेयपुर वर्तमान जोशीमठको राजवंशलाई नै कत्युर राजवंश भनिन्छ । यो कत्युर राजवंश हिमालयको प्रथम ऐतिहासिक राजवंश हो । यस वंशका प्रथम राजाहरूको काल तथा वंश परम्परावारेमा अझै पनि इतिहासकारहरूलाई एक प्रमुख समस्या बनेको छ ता पनि कत्युरी अभिलेख र पालहरूको अभिलेखको अत्यधिक समानताबाट प्राचीन कत्युर राजाहरूबारे केही मात्रामा जानकारी पाउन चाहिं सजिलो भएको छ । राहुल सांस्कृत्यायनले कत्युरीहरूको विषयमा विशेष जानकारी दिने खालका पाँच ताम्रपत्र र एक शिलाभिलेखको उल्लेख गरेका छन् (२३) । उल्लिखित ताम्रपत्र मध्ये एक ताम्रपत्र अनुसार कत्युरी राजा सुभिक्ष राजको समय १०४५ ई० देखि १०६० इस्वी तक भएको अनुमान हुन्छ । यिनै सुभिक्षराजले आफ्ना पिता पद्मटदेवको राजधानी कार्तिकेयपुरलाई आफ्नो नामबाट सुभिक्षपुर राखेको अडकल पनि राहुलले गरेका छन् (२४) । यस प्राप्त ऐतिहासिक सामग्रीको आधारमा पाल तथा कत्युरी राजाहरूको वंशपरम्पराको उल्लेख गर्नुको साथै राहुलले कतिपय ऐतिहासिक सामग्रीहरू पनि प्रकाशित गरेका छन् । यी प्रकाशित ऐतिहासिक सामग्रीहरूबाट प्राचीन कत्युरी राजाहरूका समसामयिक महेन्द्र पाल, महीपाल, देवपाल, विनायकपाल, विजयपाल, राज्यपाल, त्रिलोचनपाल, यशपाल अदि पालहरू भएको तथ्य प्रकाशमा आउँछ (२५) । यसको साथै ई. संवत् ८४१ मा गलङदरमाको समयमा तिब्बती राज्यको स्थिति छिन्नभिन्न हुंदा देवपाल र भोज प्रथम (कन्नोज) ले हिमालयतिर आफ्नो शक्ति फैलाउन कुनै वाला नभएकोले ठीक यसैवेला देवपालले नेपाललाई आफ्नो प्रभावमा पारेका थिए भने कत्युरी राजा वसन्तदेवले पनि केदार खण्डमा आफ्नो राज्य बलियो बनाएका थिए ।

उक्त घटनाहरूो आधारमा ई. सं. ८५० तिरनै कत्युरी राजवंशले हिमालयमा आफ्नो राज्य स्थापना गरेको र कत्युरीहरूको शासनकाल ई. ८५० देखि १०५० ई. सम्म भएको कुराको चर्चा पनि राहुल सांस्कृत्यापनले गरेका

19. The country extended to the Kalinadi or black river, which separated it from Kumau, and through its center passes the Seti Gangga, or White river, on the banks of this is a sine valley, two coses long and one broad, in which stands Dipayal, the capital, surrounded on three sides by the river, it contains about 400 houses built of stone and roofed with the same material. An Account of the Kingdom, Page 282

२० इतिहासप्रकाश सन्धि पत्र संग्रह भाग १ पृष्ठ ७४६–४७ ।

21. Kumaun Hills 1974 Page No. 530-532.

२२ कुमाउँ पृष्ठ–७० ।

२३ कुमाउँ — पृष्ठ ३७ ।

२४ सुभिक्ष राजने अपने पिता पद्मटदेवको राजधानी कार्तिकेयपुरको ही, जान पडताहै, अपने नाम पर सुभिक्षपुर कहा । कुमाउँ पत्र ३८ ।

२५ कुमाउँ पृष्ठ ३७–३८–३९.

छन् (२६)। प्रकाशित वंश परम्परा अनुसार कत्युरी वंशका अन्तिम राजा सुभिक्षराज देखिन्छन्। सुभिक्षराज पछिको अवस्था संभवतः विनाससूचक थियो। त्यसैले तेह्रौ शतीको अन्त्यतिर यस प्रसिद्ध राशवंशको अवनति भएको थियो र फलस्वरूप डोटी, अस्कोट र पाली (द्वारहाट) मा स्वतंत्र कत्युरी शासकहरूको समुदय भएको तथ्य इतिहासले दर्शाउछ।

परम्परानुसार कत्युरी वंशका संस्थापक बासुदेव र विनाशक वीर देव मानिन्छ (२७)। यद्यपि वीरदेवको नाउँ न कुनै अभिलेखमा पाइन्छ, न त कत्युरहरूको प्रचलित वंशावलिमा नै भेटिन्छ। तैपनि प्रचलित परम्परा वीरदेवलाई नै कत्युरवंशको अन्तिम राजा बताउँछ (२८)। कत्युर वंशका अन्तिम राजा वीरदेव पछि विशाल कत्युरी राज्य छिन्न भिन्न हुन्छ। गढवाल अलग हुन्छ। फलस्वरूप विशाल कत्युरी राज्य यसरी छ भागमा विभाजित हुन्छः–(२९)

१. काली उपत्यका
२. डोटी डडेल्धुरा (नेपाल)
३. अस्कोट
४. वासमण्डल (अल्मोडा)
५. कत्युर (वैजनाथ वागेश्वर) दानपुर
६. छाराहाट, लखनपुर

कत्युर वंशका अन्तिम राजा वीरदेवको विषयमा चर्चा गर्दै शिवप्रसाद डवरालले वीरदेवलाई जागरमा कत्युरी नरेश भनी गरेको उल्लेखबाट मात्रै कार्तिकेयपुरका (कुमाउँ–गढवाल) राजाहरूलाई कत्युरी (३०) भन्न नसकिने कुरामा जोड दिंदै कत्युरी वंशका संस्थापक वा प्रथम कत्युरी राजा अनुश्रुति प्रसिद्ध वासुदेव नभएर त्रिभुवनराजको प्राप्त शिलाभिलेखको आधारमा प्रथम कत्युरी राजा वा कत्युर वंशका प्रथम संस्थापक राजा वसन्तनदेव भएको कुरा बताएका छन् (३१)। वीरदेवको

---

२६ सं. ८४१ में ग्लङ दर्मा के समग तिब्वती राज्यकी स्थिति के डांवाडोल होते ही देवपाल (८१५–५४) भोज प्रथम (कन्नोज) को हिमालयकी ओर हाथ बढाने में कोई बाधा नहीं थी। हो सकता है, इस समय देवपालने नेपालको अपने प्रभावमें कर लिया हो। और उसकी या भोजकी शहसे कत्युरी वसन्तदेव ने केदार खण्डमें अपना पैर मजबूत किया हो। इस प्रकार हम इतना तो अनुमान कर सकते हैं कि ८५० ईस्वी के आस पास के कत्युरी राजवंश ने अपना राज्य हिमालय में स्थापित किया। इन तेरह पिढियों को यदि एक दूसरेका उत्तराधिकारी और एक शताब्दी में छ राजाओंका होना मान लें, तो तेरह कत्युरी राजाओं का शासनकाल ८५०—१०५० ई० तक मानना होगा... ऐजन पृष्ठ ३६–३७

२७ परम्पराके अनुसार इस वंशका संस्थापक वासुदेव और समापक वीरदेव था... ऐजन पृष्ठ–५४

२८ यद्यपि वीरदेवका नाम न किसी अभिलेखोंमें मिलता है न कत्युरी वंशकी किसी प्रचलित वंशावलि में हो, तो भी परम्परा इसे ही महान् कत्युरी वंशका अन्तिम राजा वतलाती है— ऐजन पृष्ठ–६०

२९ वीरदेव के वाद कत्युरी राज्य छिन्नभिन्न होकर अपने खानदान और बाइखालों में बंट गया। गढवाल अलग होगया। (१) कत्युरी ब्रह्मदेव ने काली कुमाउँ (काली उपत्यका) का शासन संभाला। इसका दुर्ग सुई में था। (२) दूसरी शायद जेठी शाखा डोटी में शासन करने लगी। (३) तीसरी अस्कोट चली गयी। (४) चौथी वारामण्डल (अल्मोडा इलाके में) राज करने लगी। (५) पांचवी शाखा कत्युर (वैजनाथ वागेश्वर) और दानपुर पर्गनो की शासक हुई। (६) छठी शाखाका राज्य छाराहाट और लखनपुर में था–कुमाउँ पृष्ठ ६१

३० इस वीरदेवको जागरों में कत्युरी नरेश कहा गया है किन्तु केवल इसी आधार पर कार्तिकेयपुरके नरेशोंको भी कत्युरी नहीं कहा जा सकता। क्योंकि वीरदेव कुमाउँ में कत्युर उपत्यकाका राजा था। उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास, पृष्ठ ४४०

३१ अनुश्रुति के अनुसार कत्युरी वंशका संस्थापक वासुदेव था। काबुलके कठोरमान वंशका अन्तिम नरेश भी वासुदेव था। एटकिन्सन दोनोंको एक माननेके पक्ष में हैं, किन्तु वागेश्वर में प्राप्त त्रिभुवन राजके शिलालेखसे विदित होता है कि प्रथम कत्युरी नरेशका नाम वसन्तनदव था, वासुदव नहीं—ऐजन पृष्ठ ४४३

शासनको अन्त्यपछि कत्युरी राज्य छ भागमा बाँडिएको कुराको परिचर्चा गर्दै राहुलले कत्युरीहरूको जेठो (पहिलो) शाखाले डोटीमा राज्य गरेको उल्लेख समेत गर्दै वीरदेव पछिको कत्युरी वंशको अन्तिम राजा त्रिलोकपाल भएको र त्रिलोकपालका छोरा जेठा निरञ्जनदेव डोटी क्षेत्रमा आई शासन गरी बसेको र त्रिलोकपाल कै अर्को छोरो अभयपाल ई० १२७९ मा अस्कोट गई शासन गरी बसेको समेत उल्लेख गरेका छन् (३२)। यस प्रकार वि० सं० १३३६ तिर डोटीमा कत्युर राजाहरूले शासन गरेको कुरा एकातिर प्रमाणित हुन्छ भने अर्कातिर डोटी क्षेत्रमा सर्व प्रथम पाल राजाकै शासन भएको कुरामा थप वल पनि मिल्न जान्छ। यसको साथै डोटीका सर्व प्रथम राजा निरञ्जनदेव हुन पुग्छन् भने अस्कोटका संस्थापक अभयपाल देखा पर्छन्। यसबाट हामीलाई के अनुमान गर्न सजिलो हुन्छ भने योगी नरहरि नाथको भनाइ नै ठीक हो। अर्थात डोटी क्षेत्रमा राज्य गर्ने सर्वप्रथम राजा पाल नै थिए। यसको साथै उक्त अजयमेर कोट संबन्धी लोक गीत पनि सत्यताको छेउछाउतिर आइपुग्दछ भने अस्कोटका राजालाई रजवार र डोटीका राजालाई महाराज भनिनुबाट डोटीको शाखा नै जेठो शाखा थियो भन्ने कुरामा निकै ठूलो बल मिल्छ।

इतिहासकारहरूले प्रकाशित गरेको डोटी, अस्कोट र पालीको वंशावली हेर्दा डोटी, पाली र अस्कोटका राजाहरूका पूर्खा शालिवाहनदेव थिए। योगी नरहरिनाथले प्रकाशित गरेको वंशावली (डोट्याल) मा ११८ रौं पुस्तामा राजा शालिबाहनको नाम आउँछ। यद्यपि अद्यावधि प्रकाशित वंशावलीहरूमा केही भिन्नता पाइन्छ। यसरी भिन्नता हुँदा हुँदै पनि समानताको प्राप्तिबाट के अनुमान गर्न सकिन्छ भने डोटी, आस्कोट, पाली र सीरा प्रदेशका राजाहरूको वंश परम्परा एउटै भएपनि पछिबाट विभिन्न शाखा–प्रशाखामा विभाजित भएको थियो।

कुमाउँका राजा उद्यानचन्द्रको समयमा ई० १४२०, १४२१ तिर डोटी राज्यको स्वशासित क्षेत्र सिरा, सोर, अस्कोट, दार्मा उपत्यका र जहारका भोटिया उपत्यकाहरू थिए। उत्तरमा सरयूदेखि दक्षिण तराइ सम्म र पश्चिम कालीदेखि कोशी र सुवाल सम्म उद्यानचन्दको राज्य विस्तार थियो। सरयूको उत्तरमा गङ्गोलीका मानकोटी राजाको राज्य थियो। जुम्लाको स्वशासित क्षत्र ब्यान र चौधन थियो भने कत्युरीहरूको क्षेत्र कत्युर, स्यूनारा र पालीको लखनपुर थियो। काँथी राजपूतहरू चाहिं फालदकोटमा नै राज गरिरहेका थिए। खसिया परिवारको राज्य रामगढ र कोता थियो।

वस्तुतः तेह्रौं शतीमा कत्युरी राज्यको विभाजन भएपछि डोटी राज्य कुमाउँमा स्थापित भइसकेको थियो। त्यसवेला चन्द वंशको प्रथम ऐतिहासिक राजा थोहर चन्द डोटीको एक सामन्त राजा थियो। यद्यपि चम्पावतका चन्द राजाहरूले थोहर चन्दको पाला सम्म मात्र डोटी राज्यको स्वाधीनतालाई स्वीकारेको कुराको चर्चा राम निवास पाण्डेज्यूले गरेका छन् (३४)। तर पनि ऐतिहासिक पानाहरूले हामीलाई तेह्रौं शतीदेखि पन्ध्रौं शतीको मध्यसम्म चन्दराजाहरूले डोटी राज्यको स्वामित्वलाई स्वीकारेको कुराको संकेत दिन्छन्। कुमाउँको चन्द खानदानमा उद्यान चन्द, कल्याण चन्द, विक्रम चन्द जस्ता कतिपय शक्तिशाली

---

३२ **शायद वीरदेवके भी वाद त्रिलोकपाल अन्तिम कत्युरी राजा था जिसका एक जेष्ठ पुत्र निरंजनदेव डोटी में रहा और दूसरा अभयपाल १२७९ ई० में अस्कोट चला गया– कुमाउँ पृष्ठ ६१।**

23 His (Udyanchand 1420 A D.) possessions therefore extended from the Sarju on the north to the Tarai on the south and from the Kali westwards to the Kosi and Suwal. To the north of the Sarju lay the estates of the Mankoti Raja of Gangoli, and the Maharaja of the Doti held Sira, Sor, Askot and the Bhotiya valleys of Juhar and Darma. The Raja of Jumla ruled over Byans and Chandans and Katyuri Rajas were established in Katyur, Syunara and Lakhanpur of Pali. A Kathi Rajput still help Phaldakot and a Khasiya family ruled in Ramgar and Kota. E. T. Atkinson, Kumaun Hills, Page 527

34 Till Thokarchand, the Chands of Champawati were the vassals of Doti, Nepal Review 1969, Vol I No 6, Page 250

राजाहरू भए र विक्रम चन्दको पालासम्म पनि डोटीको अधीनतालाई चन्दराजाहरूले शिरोपर गरेका थिए। विक्रम-चन्दको राज्यशासनको अन्त्यमा कुमाउँको राजगद्दीमा ईस्वी १४३७ (वि. सं. १४९४) मा भारतीचन्दको प्रवेश भए-पछि भारतीचन्दले डोटीका रैका राजालाई तिरो तिर्न बन्द गरे। फलस्वरूप डोटी र कुमाउँ बीच झगडा हुन थाल्यो। आफ्नो राजधानी चम्पावतबाट सेना लगी भारती चन्दले डोटीका आसपासमा रहेका प्रदेशहरूमा लूटपीट गर्न सुरु गरेपछि डोटी र कुमाउँको परस्परमा लडाइँ प्रारम्भ भयो र यो लडाइँ बाह्र वर्ष सम्म समय-समयमा भई नै रह्यो। यस दीर्घकालिन युद्धमा डोटीको विजय हुने देखि भारतीचन्दका छोरा रतन चन्द कटेहर (रूहेलखण्ड) को सेना लिएर आफ्ना पिता भारतीचन्दको सहायता गर्न युद्ध भूमिमा खडा भए। अन्त्यमा डोटीको हार भयो। फल स्वरूप ई० १४५० तिर चन्दराजाहरूले स्वतन्त्रताको स्वास फेर्ने मौका पाएका थिए (३५)। ई० १४६१ (वि० सं० १५१८) मा रतन चन्दका पिता भारतीचन्दको स्वर्ग-वास भएपछि डोटीका राजाले काली कुमाउँमाथि आफ्नो प्रभुत्व जमाउन खोजेकोले फेरि डोटी र कुमाउँको परस्पर-मा युद्ध भयो। यसबेला डोटीका राजा नागमल्ल थिए। युद्ध हुनु भन्दा अगाडि शाही खानदानका डोटयाल शासकहरूलाई हटाई नागमल्ल राजा भएका थिए। नागमल्ल राजा भए-पछि डोटीका शाही भारदारहरू चम्पावत गई बसेका थिए। पछि नाग मल्ल संग रतनचन्दको युद्ध हुँदा रतनचन्दलाई नागमल्ल संग बदला लिन डोटीका भारदारहरूले प्रशस्त मदत गरेका हुँदा युद्धमा नागमल्लको मृत्यु भयो। त्यसपछि रतनचन्दले आफूलाई सहायता गरे वापत चम्पावतमा आसीन डोटीका शाही परिवारलाई नै डोटीको राजा बना-एको उल्लेख एट्किन्सनले गरेका छन् (३६)। त्यतिमात्र होइन, डोटीले कुमाउँलाई वार्षिक नजराना बुझाउनुको साथै पछि राजा रतन चन्दका छोरा किराती चन्दको समय ई० (१४८८) तिर डोटीले फेरि कुमाउँ माथि हमला गरेको (३७) तर डोटी कै हार भएको कुराको चर्चा परि-चर्चा समेत गरेका छन् (३८)। ईस्वी संवत १६८० तिर डोटी र गढवाल मिली पूर्व र पश्चिम दुबैतिरबाट कुमाउँ माथि हमला गरे। त्यसबेला कुमाउँका राजा उद्योतचन्द

35 When the war had lasted for twelve years, Ratan Chand, the son of Bharti Chand, who had been left in charge of Kali Kumaun, having received aid from the Raja of Katehir, collected a large reinforcement and joined his father in time to take part in a general action in which the Rainka Raja was defeated—E. T. Atkinson, Kumaun Hill, Page 529

36 His (Ratna Chanda) father died in 1461 A. D. and about this time the Rainka Raja again made an effort to reassert his supremacy over Kali Kumaun. Ratan Chand, however, was prepared for the emergency and assembling an overwhelming force invaded Doti. The reigning Raja was Naga Malla, who had overthrown the Sahi dynasty, and the followers of the old family, who had fled for protection to Champawat, now assisted the invaders. Ratanchand defected and slew Naga Malla in battle and restored the country to the Sahi Raja. Taking advantage of its position, he penetrated as far as Jumla, Bujan and that, then held by Jagarnath Bhat, Kharku Singh Muhara and Shor Singh Muhara respectively and compelled each of them to tender his submission and agree to pay an annual tribute of one pod of musk, a bow, a quiver full of arrows, a hawk and a horse to the Raja of Kali Kumaun—Kumaun Hills, Page 530

37 The Doti Raja again threw off his allegiance, and while Kirati Chand was calling in his men from the detached posts which the insecure state of his frontier obliged him to maintain, the Dautiyals invaded Kumaun in force— Kumaun Hills, Page 533

38 The result was that the Doti army was almost annihilated and for a long time dared not appear again in force in Kali Kumaun—Kumaun Hills, Page 534

थिए । दुई वर्ष सम्म भएको यस लडाईंमा कुमाउँले डोटी र गढवाल दुबैमाथि विजय प्राप्त गऱ्यो (३९) । यसको केही वर्ष ढछि अर्थात १६८५ ईस्वी तिर उद्योतचन्दको अनुपस्थितिमा फेरि काली कुमाउँको झगडा डोटीसंग भएको थियो । यसवेला डोटीमा राजा देवपाल थिए । यस लडाइँमा डंडेल्धुराको ग्रीष्मकालिन राजधानी अजयमेरकोट समेत कुमाउँले आफ्नो अधीनमा लिएको हुँदा डोटीका राजा अजयमेरकोटबाट भागी शीतकालिन राजधानी दिपायलमा गई बसेको कुरा पनि एट्किन्सनले वताएका छन् (४०) । यसको दुई वर्षपछि शीतकालिन राजधानी दिपायलबाट भागेर रैंका देवपाल राजधानी खैरागढमा गई शरण लिई बसेका थिए । बहादुर उद्योतचन्दले १६८० ईस्वीमा खैरागढमाथि पनि अधिकार जमाएकोले रैंका देवपालले त्यस वेला चन्दहरूको अधीनता स्वीकार गर्न वाध्य हुनु परेको थियो । त्यसैले विजयको उपलक्ष्यमा अल्मोडामा महान उत्सव पनि मनाइएको थियो जहाँ आजभोलि मिसन स्कूल छ । विजयको संस्मरणमा त्रिपुरसुन्दरी, उद्योत चन्देश्वर र पर्वतेश्वरको मन्दिर पनि अल्मोडामा बनाइएका थिए (४१) । वस्तुतः ईस्वी १६८०–१६८५ तिर देवपाल राजा भएको कुरा एट्किन्सनले उल्लेख गरेको भएता पनि यस लेखका लेखकले शाके १६१२ देखि शाके १६४१ सम्म (वि. सं. १७४७ देखि १७७६ सम्म राजा मान्धाता शाहीले जनता जनार्दनलाई जग्गादान सम्वन्धमा गरिदिएका ताम्रपत्रहरू प्राप्त गरेकोले ती प्राप्त ताम्रपत्रहरूबाट ईस्वी १६८०–८५ (वि. सं. १७५८–१७६३) मा देवपाल डोटीको रैंका राजा नभएको र त्यसबेला मान्धाता शाही रैंका राजा भएको तथ्य छर्लङ्गिन्छ । त्यसैले हालको अनुसन्धान मुताविक डोटीमा राजा देवपालले राज्य नगरेको वा त्यसवेला देवपाल राजा नै नभएको सत्य पनि प्रष्ट हुन्छ (४२) ।

पछि (१७२०–२२ ई.) तिर देवीचन्दले पनि डोटी र गढवालमाथि आक्रमण गर्दा डोटीले चाहिं सन्धि गरेको तथा देवीपुर गाउँमा फर्की गएको उल्लेख पनि एट्किन्सनले गरेको पाइन्छ । संभवतः एट्किन्सनको विचार अनुसार डोटी र कुमाउँको अन्तिम लडाई यही थियो (४३) ।

---

39 The Garhwal Raja now sought aid elesewhere and entered into an offensive and defensive alliance with the Rainka Raja of Doti, under which (in 1680 A. D.) Kumaun was attacked on the east by the Doti Raja, who occupied Champawat and on the west by the Garhwal Raja, who again took possession of Danagiri and Dwara. The war raged for two whole years, but in the end the Kumaonis were victorious against both the enemies—Kumaun Hills, Page 570

40 ...that war had again broken out with Doti. Deopala was then Rainka and, taking advantage of the absence of Udyot Chand, had invaded Kali Kumaun, but his success was very short lived, for the Kumaonis drove the Dautiyals across the Kali and in 1685 A. D. captured Ajmergarh near Dundeldhura, the summer residence of the Raja and the place where the Chautara now resides. The Rainka fled from Ajmer to Dipail on the Seti river at the foot of the hills, where was his usual winter residence— Kumaun Hills, Page 570

41 But the years afterwards he was driven thence and compelled to take refuge in Khairagarh, the capital of the plains of the same name in the province of Oudh. Udyot Chand captured Khairagarh in 1688 and the Rainka yielded and agreed to pay in future a tribute to the Kumaun Raja. These victories were celebrated with great pomp at Almora and were commemorated by the building at the new place on the site now occupied by the mission school at Almora and the erection of temples to Tripuri Sundari, Udyot Chandeswar and Parbateswar close by, as well as the tank in the Rajas' compound. Atkinson, Kumaun Hills, Page 570

४२ **मान्धाता शाहीका ताम्रपत्रहरू–राष्ट्रिय अभिलेखालयमा हेर्नुहोस् ।**

43 Debi Chand next found himself attacked on the east by Doti and on the west by Garhwal. He made peace with Doti and entrusting the conduct of the war with Garhwal to his generals returned to the village of Debipur in Doti. Kumaun Hills, Page 582

ईस्वी संवत् १६९६ तिर डोटीका राजाले सम्झौता भङ्ग गरेकोले उद्योतचन्द तथा डोटीका रैका राजाको ज्वरायलमा भएको महान् संघर्षमा उद्योतचन्दको सेनापति मनोरथ मारिएको र बांकी सबै सैनिकहरूको स्थिति पनि नाजुक भएकोले उद्योतचन्दले हार स्वीकार गर्नु परेको तथा उद्योतचन्दको मृत्यु १६९८ ई. मा भएको हुंदा उद्योतचन्दका उत्तराधिकारी ज्ञानचन्द (१६९८–१७०८ ई.) ले डोटीको रैका राजासंग बदला लिन डोटीको तराई क्षेत्रमा पुनः लुटपीट गरेको चर्चा पनि राहुल सांस्कृत्यायनले गरेका छन् (४४)। संभवतः यो संघर्ष नै डोटीका रैका राजा र चन्द राजाहरूको अन्तिम संघर्ष हुनु धेरै हद सम्म इतिहास सम्मत कुरा हुन आउँछ।

सोह्रौं शताब्दी तिर नै डोटीमा चाँदी, सुन, रेशम एवं कस्तुरी आदिको–हल्ला सुनी मुसलमानहरूले लखनउका गभर्नर हुसेन खांको नेतृत्वमा लुटपाट गर्न डोटी राज्य माथि हमला गरेका थिए। लुटको सिलसिलामा मुसलमानहरू डोटीको ग्रीष्मकालिन राजधानी अजयमेरकोट सम्म पनि पुगेका थिए (४५)। तर डोटचाली नेपालीहरूले बहादुरीका साथ त्यसबेला मुसलमानहरूलाई परास्त गरेका थिए। यसरी डोटीको राजनैतिक इतिहासलाई अनुगमात्मक दृष्टिबाट हेरेको खण्डमा डोटी तथा कुमाउँको बिचमा कत्युरी राज्यको विभाजनपछि कयौं वर्ष सम्म पनि संबन्ध सामान्य भएको देखिदैन। ता पनि डोटयाल राजाहरू कत्युरी वंशकै शाखा सन्तान थिए। कत्युरी वंशका अन्तिम राजा वीरदेव पछिका त्रिलोकपालका जेठा छोरा निरंजन देवले वा निरञ्जन देव पालले ईस्वी १२७९ तिर नै संभवतः डोटी राज्यको जग बसालेका थिए (४६)। राजा निरञ्जन देव पाल नै राजा तिरैपाल वा तिरयदेवपाल थिए। यहाँनिर स्मरणीय के छ भने यौटा राजपूत वंश, जसले आफूलाई चन्द्र वंशीको संज्ञा दिन्थ्यो, प्यूठान डोटीबाट मानकोट गंगोलिमा गएर बसेको थियो। गंगोलिया चन्दहरूको विजयपछि उक्त चन्द्र वंशी राजपूत वंश आफ्नै वंश भएको ठाउँ डोटीमा नै फेरि गएर बसेको थियो, जहाँ अहिले सम्म पनि उक्त राज वंशका सन्ततिहरू अद्यावधि छदैछन् भन्ने कुराको संकेत पनि एटकिन्सनले गरेका छन् (४७)। वस्तुतः प्यूठान डोटीमा आई बसेको यो वंश राजपूतहरूको कत्युरी वंश संगै संवन्धित थियो वा अर्कै कुनै वंश थियो निश्चित किटेर भन्न सकिन्न एटकिन्सनले भने झैं। फ्रान्सिस हचामिल्टनले पनि डोटचाल राजाहरूको संवन्धमा यस्तो उल्लेख गरेका छन्– डोटीका राजाहरू सूर्यवंशी थिए तथा शालिवाहन

४४ लेकिन १६९६ में फिर रैनका ने सधि भग कर दी। राजा उद्योतचन्द ने स्वयं सेना ले काली पार हो डोटी पर आक्रमण किया। हुन्दोलधुरा और कुमाउं सीमाके विच जुरायल में युद्ध हुआ, जिसका कोई निर्णय नहीं हो सका। उद्योतचन्द खिफाड के जोशियों मनोरथ और शिरोमणिको सेना संचालनका भार दे और भी सेना जमा करने अलमोडा चला आया। कुछ ही समय वाद मनोरथ युद्ध क्षेत्र में मारा गया और वांकी सेनाको पूरी तौर फंसी देख राजाको लौटा भगाना पडा। उद्योतचन्द डोटीके रैनका के पास युद्ध में असफल हो १६९८ मे मर गया। × × × × × × × × × × × × इसी समय पश्चिममें गढवालके अभियान में सफलता प्राप्त करनेके वाद ज्ञानचन्द ने डोटी के भवर ओर तराइको लूटपाट कर ध्वस्त किया... राहुल सांस्कृत्यायन, कुमउं पृष्ठ ७२

45 He then ravaged the whole country as far as the Kusbah of Wajrail in the country of Raja Rainka, a powerful Zamindar, and from that town to Ajmer, which is his capital. In that place are to be found mines of gold and silver, silks, musks and all the productions of Tibet, from which country he was only distant two day's journey. E.T. Atkinson, Kumaun Hills, Page 544

46 Niranjandeva, son of Trilokipala, established the state of Doti about 1280 AD.– Nepal Review, April 1969, P. 250 by Ram Nivas Pandey

47 A family calling themselves Chandrabansi Rajputs came from Pyuthana in Doti and established themselves at Mankot in Gangoli. After the conquest of Gangoli by the Chands, this family returned to Doti, where their descendants still exist– E. T. Atkinson, Kumaun Hills, Page 496

परिवार शाखाका थिए । शालिवाहन परिवार शाखाका यी सूर्यवंशी डोटचाल राजाहरूले डोटीमा ४० पुस्ता सम्म शासन गरे । प्रदीप शाहका छोरा विष्णु शाहलाई वहादुर शाहको हुकुम मुताविक डोटीको राजगद्दीबाट हटाए । त्यसपछि डोटीका राजालाई काठमाडौं लगियो । हरिवल्लभको भनाइ अनुसार डोटीबाट धपाइएका दीपशाह थिए । दीप शाह पीलभीतमा गई केही वर्ष बसेपछि यिनको त्यहीं मृत्यु भयो । यिनका तीन छोराहरू महमूदीमा गई बसे । यिनीहरूको अवस्था अत्यन्त नाजुक थियो ।... तर मैले पछिबाट सुनें कि डोटीका युवराजलाई नेपाल सरकारले आफ्नो पक्षमा लिएर केही तिर्नु पर्ने गरेर डोटीको राज्य फिर्ता गरिदिए (४८) ।

इस्वी (१५६०–६५) तिर चन्दहरूका प्रतापी राजा कल्याण चन्दसंग डोटीका राजकुमारीको विवाह भएको, कल्याण चन्दसंग विवाह भएपछि राजकुमारीले आफ्ना भाइ रैका राजासंग दहेजमा सीराको उर्वर प्रदेश मागेको तर रैकाले सीराको प्रदेश नदिएर सोरको केही भाग दहेजमा दिएकोबाट राजकुमारी असन्तुष्ट भए पछि आफ्नो छोरा रुद्रचन्दलाई सीरामाथि आक्रमण गर्न पठाएको र त्यसवेला डोटीको रैका राजा हरिमल्लले (संभवतः हरिशाही थिए) रुद्रचन्दलाई हराएको चर्चा (४९) एकातिर राहुलले गरेका छन् भने अर्कोतिर एट्किन्सनले रुद्रचन्दले डोटीको सीरामाथि विजय गरेको चर्चा गर्दै रुद्रचन्दको विजयबाट कल्याण चन्दको रानी खुसी भई आफ्ना पति कल्याणचन्दको सती गएको कुराको उल्लेख गरेका छन् (५०) । यसैले यसबारे विशेष शोध कार्य अनिवार्य भइसकेको देखिन्छ । यसको साथै हरिमल्लको सन्तान डोटीमा अझै मौजुद छ भन्ने राहुलको माथिको भनाइबाट पनि हरिमल्ल हरिशाही नै भएको कुरामा थप बल मिल्छ । यसबाट डोटचाल वंशावलीमा पनि सामञ्जस्य हुन आउँछ । कत्युरी राजा-

48 West from Dalu Basandra was rather considerable chief, called the Doti Raja, who, according to Prati Nidhi, pretended to be of the family of the sun, but, according to Hariballava, the chiefs of this state were of a collateral branch of the Shalivahan family. According to Prati Nidhi, they had governed for about 40 generations, when Vishnu Sa, the son of Pradipa Sa, was dethroned by order of Bahadur Sahi. He was carried to Nepal, but Prati does not know what has been his fate. According, however, to Hariballava, the chief who was expelled was Dip Sa, the son of Krishna Sa, the son of Mahendra Sa. He resided some years at Philibhit, where he died, leaving three sons who have retired to Mahmudi, in the Nawab's country, in great distress, the army of Gorkha having seized in the while their lands on the plains, as well as on the mountains. I have, however, heard it stated, that very lately the heir has been taken into favour, and restored to his estates, on condition of paying an annual tribute An Account of the Kingdom of Nepal, 1971 Page 281-282

४९ **कल्याण चन्द (१५६०-६२ ई०) चन्दोंका एक प्रतापी राजा था । उसकी रानी डोटी की राजकुमारी थी । सीरा की जनाकीर्ण उर्वर भूमिपर उसकी दृष्टि थी । उसने अपने भाइ रैनका राजा से सीरा दहेज में मांगा । भाइले शोरका पर्गना दे दिया । बहिन उससे सन्तुष्ट नहीं हुई । कल्याणचन्द सीराको विना लिए ही मर गया, इस पर रानीने तवतक सती होने से इनकार कर दिया, जव तक कि उसका पुत्र सीरा विजय नही कर लेगा । माताके उकसाने पर रुद्र चन्द ने सीरापर चढाइ की, किन्तु रैनका राजा हरिमल्लने उसे बुरी तरह हराया । × × × × हरिमल्ल की सन्तान डोटी (नेपाल) में अव भी मौजुद हैं- कुमाउँ पृष्ठ ७२-७३**

50 The Rani of Kalyan Chand was satisfied with the result of her son's victories and taking her husband's weapons in her arms cheerfully ascended the funeral pyre and became a Sati- Kumaun Hills, Page 553

हरूको समयदेखि नै चन्दहरूको (५१) कत्युरी संग, डोटी तथा जुम्लाका वैश्य ठकुरी राजाहरूसंग, अस्कोटका रजवारहरूको नेपालीहरूसँग, पाली खान्दानका राजाहरूको खसियाराजाहरूसंग वैबाहिक संवन्ध हुंदै आएको थियो। यस भन्दा अगाडि जुम्लाका खसिया मल्लराजाहरूको समयदेखि नै कुमाउँ र गढवालका राजाहरूसंग वैवाहिक संवन्ध परस्परमा हुने गर्दथ्यो भनी ह्यामिल्टनले एक ठाउँमा बताएका छन् (५२)।

यस प्रकार डोटी राज्यक्षेत्रको राजनैतिक र सांस्कृतिक इतिहासलाई अनुगमात्मक दृष्टिकोणबाट हेरेको पक्षमा डोटीको इतिहासले विभिन्न किसिमका विकट स्थितिहरू पार गर्दै आएको देखिन्छ। विशेषतः हामीलाई कुनै पनि देश वा राष्ट्रको ऐतिहासिक एवं सांस्कृतिक अध्ययनले के बताउँछ भने कुनै पनि राज्य वा राष्ट्रको राजनैतिक तथा सांस्कृतिक कारणवश महान् उथलपुथल हुने गर्दछ। यस परिप्रेक्ष्यमा पश्चिम नेपालको इतिहासलाई हेर्ने हो भने गुप्त साम्राज्यको समयमा पूर्वमा आसामदेखि लिएर पश्चिम कुमाउँ गढवालको विचमा नेपाल पर्दथ्यो। यसवेला कुमाउँ गढवाललाई कर्तृपुर भनिन्थ्यो र यहाँ कत्युरवंशका राजाहरूको राज्य थियो। विक्रमको ११ रौं शतीतिर गढवालमा चन्द्रवंशी क्षत्रियहरूको सर्व प्रथम प्रवेश भएको थियो। विक्रमको चौधौं शताब्दीको मध्यकालतिर चन्द्रवंशी पाल राजाहरूले गढवाल माथि कब्जा गरेका थिए। यिनका बंशहरू मध्ये कोही कुमाउँमा गई आश्रित बनेर बसेका थिए।

लिच्छवी कालमा राजा मानदेवको पालामा पश्चिम नेपालको कर्णाली प्रदेशमा खसिया मल्ल राजाहरूको महान् अभ्युदयको समय थियो। यसवेला यी खसिया मल्ल राजाहरूसंग राजा मानदेव पनि लडेको कुरा हामीलाई इतिहासले बताउँछ। वि. सं. १३४४ मा नेपाल उपत्यका (काठमाडौ उपत्यका) मा सर्व प्रथम आक्रमण गर्ने मल्ल राजामा जितारिमल्ल थिए। जितारिमल्ल क्राचल्लका नाति तथा अशोक चल्लका सुपुत्र थिए भन्ने कुरा पृथ्वी मल्ल देवको शाके १२७९ (वि. सं. १४१४) को कीर्तिस्तम्भाभिलेखबाट प्रष्ट हुन्छ। चौधौं शतीतिर खसिया मल्लराजाहरूको अवनतिको परिणाम स्वरुप कुमाउँ स्वतन्त्र भएको थियो र विक्रमको पन्ध्रौं शताब्दीदेखि चन्द्रवंशी क्षत्रियहरूले कुमाउँमा आफ्नो अधिकार फैलाएका थिए। त्यसवेलासम्म पनि महाकाली पारि कुमाउँको केही प्रान्तमा डोटचालहरूको र जुम्लीहरूको अधिकार रहेकै थियो। विक्रमको सोह्रौं शताब्दीमा रतनचन्द डोटीको वन्धनबाट मुक्त भएता पनि सत्रौं शताब्दीको मध्यभागसम्म पनि महाकाली पारि केही प्रान्तमा डोटीको नै अधिकार रहेको कुरा पनि इतिहासले बताउँछ। त्यसवेला सम्म कुमाउँको राजधानी चम्पावत थियो। वि. सं. १६१५ रतन चन्दका नातिले आफ्नो राजधानी अल्मोडामा सारेका थिए। वि. सं. १७०० तिर महीपत शाह स्वतन्त्र भए। यिनले आफ्नो राजधानी श्रीनगरमा कायम गरेका थिए। यिनैका वंशज ललित शाहका छोरा प्रद्युम्न शाहले एक पटक कुमाउँ तथा गढवाल दुवैमा आ-आफ्नो अधिकार जमाएका थिए। पछि कुमाउँबाट यिनको अधिकार हटे पनि गढवाल यिनकै हातमा थियो। तर पछि नेपाल एकीकरणको सिलसिलामा नेपाली सेनाका सेनापति देशभक्त अमरसिंह थापाले ई. १८०४ (वि. सं. १८६१) *

51 The Chands often married Katyuri wives, but never gave their own daughter to the Katyuri. They now intermarry with the families of the petty Vaisya Thakuri Rajas to the east of Doti and Jumla in Nepal. The Askot family also intermarry with the Nepalese, but of late years the poorer descendants of the Pali families have begun to intermarry with the more wealthy Khasiyas. Kumaun Hills, Page 496

52 According to Hariballabha, the Raja of Yumila (Jumla) were of the Suryabangsi. and were admitted to be pure, so as to intermarry with the chiefs of Kumaun and Garhwal- An Account of the Kingdom of Nepal, Page 287

५३ **प्रद्युम्न शाह (१७९७-१८०४) अन्तिम स्वतन्त्र गढवाली राजा था। साथ ही वह एक समय जमुनासे काली तक सारे कुमाउँ गढवाल का भी राजा रहा— गढवाल, पृष्ठ १७९, राहुल सांस्कृत्यायन।**

तिर प्रद्युम्न शाहलाई परास्त गरेका थिए ।

हाल महाकाली अञ्चलमा पर्ने दार्चुलामा राजा अजयपालदेखि निकै पुस्ता सम्म राज्य चलेको कुरा उकु पञ्चायत अन्तर्गत उकु महलको भग्नावशेषस्थलमा रहेको नागपाल-राजाको शिलाभिलेख तथा राजदरबारका भग्नावशेषहरू-बाट प्रष्ट हुन्छ । राजा नागपाल निरैपालका छोरा थिए । राजा निरैपाल पछि राजा नागमल्लले डोटी डडेंल्धुराको अजयमेरकोटमा बसी राज्य गरेका थिए । हाल प्राप्त नागमल्लको शाके १३०० (वि. सं. १४४४) को ताम्रपत्र तथा अजयमेरकोट हाट गाउँ वा हाट देवलमा रहेका देवलहरूबाट प्राप्त शाके १३०६ शाके १३१५ का शिला-भिलेख तथा अन्य अभिलेखहरूबाट उक्त कुराको बलियो पुष्टि मिल्छ । डोटीमा राजा नागमल्ल पछि रिपुमल्ल र त्यसपछि कल्याणमल्लले राज्य गरेका थिए । राजा कल्याणमल्लको शाके १३७२ (वि. सं १५०७) को ताम्र-पत्र र (५५) राजा निरैपालको शाके १२८४ (वि. सं. १४१९) को ताम्रपत्र पनि संपादक देवकान्त पन्थजीले प्रकाशित गरेका छन् (५६) । यसको साथै देवकान्तजीले नागपाल र नागमल्ललाई एकै व्यक्ति भएको कुरा शाके १३०९ को नागमल्लको ताम्रपत्रको आधारमा सिद्ध गरेका छन् (५७) । यस प्रकार देवकान्त पन्थजीले भने झैं नाग-मल्ल र नागपाल एकै व्यक्ति प्रमाणित हुन सकेको खण्डमा उकु पञ्चायत (दार्चुला) उकुमहलमा रहेको नागपालको शिलाभिलेखको समय शाके १२८४– १३०६ भित्रका हुनु धेरै संभव छ । तर उकुमहलको उक्त अभिलेखको समय शाके ११६० भएको कुरा योगी नरहरि-नाथले खुलस्त रूपमा भनिसकेका छन् (५८) । योगी नर-हरिनाथले पढेको उक्त शिलाभिलेखको पाठ चाहिं प्रकाशमा आएको मैले देखेको छैन ।

डोटयाल राजाहरूको वंशावली संबन्धमा चर्चा गर्दै देवकान्त पन्थजीले जनश्रुति, लोक साहित्य, शिलाभिलेख तथा ताम्रपत्रहरूलाई आधारमान्ने हो भने मैले डोटी राजाको वंशावलीलाई यस प्रकार कायम गरेको छु भन्ने दावी र निर्णय गर्दै डोटयाल राजाहरूको वंशावलीको क्रम-मा कल्याणमल्लदेव पछि संसारमल्लदेवलाई राखेका छन् (५९) । तर पन्थजीले नै प्रकाशित गरेको शाके १३७२ को ताम्रपत्रमा कीर्तिमल्ल तथा संग्राममल्लको उल्लेख भएको र हाल कीर्तिमल्लको शाके १४०३ को ताम्रपत्र समेत यस लेखका लेखकले प्राप्त गरेकोले कल्याणमल्ल पछि संसारमल्ल राजा नभएर कीर्तिमल्ल नै राजा भएको प्रमाणित हुन्छ । राजा कीर्तिमल्ल पछि डोटीमा क्रमशः प्रतापमल्ल, अर्जुन मल्ल एवं भूपतिमल्ल राजा भएका थिए । भूपतिमल्ल पछि डोटीको राजवंशावलीमा शाही राजाहरू देखा पर्छन् । शाही राजाहरूमा सर्वप्रथम शाही उपाधि धारणा गर्ने अर्जुन मल्ल देखिन्छन् (इतिहास प्रकाश सन्धिपत्र संग्रह–पृष्ठ ७४७) र त्यसपछि क्रमशः राम साही, रुद्र-साही, पहाडीसाही, विक्रम शाही, मानधाता साही, रघुनाथ साही, कृष्ण शाही एवं दीपशाही राजा भएको कुरा कति-पय प्रकाशित ताम्रपत्र र हाल यस लेखका लेखकले प्राप्त गरेका कतिपय प्रकाशनाधीन ताम्रपत्रहरूले स्पष्ट रूपमा व्यक्त्याएका छन् । त्यसैले देवकान्त पन्थजीले झैं ऐतिहासिक तथ्यमा दावी र निर्णय दिन नमिले पनि यस लेखकले

---

५४ नेपाल से चलकर अमरसिंह थापा सीधे अल्मोडा इलाके में आए । अल्मोडा से नेपाली सेनाने उत्तर तिब्बतकी राह गढवाल में प्रवेश किया तथा शीघ्र ही गढवालकी राजधानी श्रीनगर में नेपालियोंका आधि-पत्य स्थापित होगया । जहाँ तहाँ दो चार लडाइँया हुईं । अन्त में वे देहरादून की लडाई में गढवाल के राजा प्रद्युम्न शाहको पराजित कर देहरादून में सुदृढ होकर रहने लगे । यह घटना सन १८०४ ई के अन्तिम भाग की है– अमर सिंह थापा, पृष्ठ ३४ मूल लेखक सूर्य विक्रम ज्ञवाली, अनुवादक श्री लालजी सहाय ।

५५ डोटेली लोक साहित्य: एक अध्ययन, पृष्ठ ८८

५६ ऐजन — पृष्ठ ८७

५७ "अब यो नागपाल नै नागमल्ल हुन भनी प्रमाणित गर्ने तथा फेला परेपछि मात्र विश्वास गर्ने हो भने शाके १३०९ को ताम्रपत्र अघि सार्न सकिन्छ । यसको साथसाथै शाक १३७२ को कल्याणमल्ल पालको ताम्रपत्र पनि प्रमाण स्वरुप लिन सकिन्छ । ऐजन पृष्ठ ८३


५८ हाम्रो देश दर्शन— पृष्ठ ७८

५९ डोटेली लोक साहित्य: एक अध्ययन— पृष्ठ ७९

गरेको आजसम्मको अनुसन्धान मुताविक (भोलिको अनुसन्धानबाट यसमा संशोधन पनि हुन सक्तछ ) डोटचाल राजाहरूको वंश परम्परा यस प्रकारको देखिन्छ । यो परम्परा कत्युर वंश संम्वन्धित भएको कुरा माथिनै चर्चित भइसकेको छ ।

डोटचाल राजवंशको परम्पराः—

१ निरञ्जन देवपाल (निरैपाल)
२ नागमल्ल
३ रिपु मल्ल
४ कल्याणमल्ल
५ कीर्तिमल्ल
६ प्रतापमल्ल
७ अर्जुनमल्ल
८ भूपतिमल्ल
९ हरिशाही (प्रथम)
१० राम शाही
११ रूद्रशाही
१२ पहाडी साही (प्रथम)
१३ विक्रम शाही
१४ मानधाता साही
१५ रघुनाथ साही
१६ कृष्ण साही
१७ दीप साही
१८ विष्णु साही



यस प्रकार डोटचाल शाहीराजाहरूले डोटीमा राज्य गर्दै आएका थिए भने कुमाउँका चन्द्रवंशी क्षत्रियको एक शाखाले प्यूठानमा पनि राज्य गर्दै आएको थियो । विक्रमको अठारौं शतीको अन्त्यतिर प्यूठानका राजा मानिक चन्द थिए । मानिक चन्दका छोरा मोती चन्दको समयमा वि. सं. १८४३ कार्तिक १९ गते नेपाल अधिराज्यको एकीकरणको विशाल अभियानमा सरिक भई गएको नेपाली फोजले प्यूठान दखल गऱ्यो । यस भन्दा अगाडि लमजुङ, पर्वत, तनहुँ, पश्चिम नुवाकोट, पैयुँ, सतहुँ आदि कतिपय राज्यहरूमा नेपाली सेनाले पूरा आधिपत्य गरिसकेको थियो (६०) । प्यूठान पछि दाङ राज्यमा विजय पताका फहराई मुसिकोट समेत पराजित गरी भेरी नदीको किनारा सम्मको विशाल राज्यलाई अधीनस्थ बनाई अमरसिंह थापाको नेतृत्वमा गएको नेपाली फौजले सुर्खेतको लडाईमा विजय प्राप्त गरी दुल्लु तथा दैलेखलाई समेत गाभी पश्चिम कर्णाली नदी सम्मको विशाल क्षेत्रलाई नेपाल अधिराज्य भित्र मिलाई कर्नाली पारिको डोटी तथा अछाम राज्य लाई पनि डुम्राकोट तथा तारिमघाटको लडाँई पछि पराजित गऱ्यो (६१) । यो विजय वि. सं. १८४६–४७ तिर भएको थियो । यसवेला नेपालको सीमाना महाकाली सम्म पुगेको थियो । डोटीको विजय पश्चात नेपाली फौजले अलमोडा र त्यसपछि गढवाल माथि आक्रमण गरेको थियो ।

तर स्टीलरले पश्चिम नेपाल विजयको चर्चा गर्दै मुस्ताङ पार गरेपछि नेपाली फौजले जुम्लामाथि आक्रमण गरेको (६२) र जुम्लाको विजय पछि क्रमशः अछाम, बझाङ र डोटी राज्य माथि विजय प्राप्त गरेको कुराको उल्लेख गरेका छन् (६३) । यस प्रकार नेपाल अधिराज्यको एकीकरणको विशाल अभियानमा नेपाली फौजले पश्चिम नेपालका बाईसे चौविसे जस्ता साना ठूला राज्यहरूमाथि विजय प्राप्त गर्दै जादा कुन चाहीं राज्यमा प्रथम विजय कुनमा दोस्रो र कुनमा तेस्रो भनी ठोकुवा गर्न चाहिं कठिन छ । यद्यपि यस सम्वन्धमा इतिहासकारहरूले विभिन्न किसिमका अड्कल चाहिं काटेका छन् । तर पनि पश्चिमका सबैजसो राज्यहरू माथि विजय प्राप्त गरिसकेपछि अन्तिम समयमा डोटी राज्य माथि आक्रमण गरेको कुरा चाहिं प्रायः निश्चित छ । डोटीमा आक्रमण गरेको वेला अर्थात वि. सं. १८४६–४७ तिर डोटीका राजा दीपशाही थिए । उनको राजधानी दिपायल थियो । नेपाली सेनाका प्रख्यात सेनापति अमरसिंह थापाको सेनाले वि. सं. १८४७ भाद्रमा डोटी माथि विजय गरेपछि राजा दिपशाही दिपायलबाट भागी पीलभीत बसेका थिए । यस कुराको विशेष चर्चा माथि नै गरिएको छ । दीपशाही भागेपछि नेपाल अधिराज्यको एक रजौटा राजाको रूपमा राजा दीपशाहीका भाई विष्णुशाहीलाई राखिएको थियो । विष्णुशाहीका पालादेखि डोटीका राजाहरू नेपाल अधिराज्यको रजौटाको रूपमा काम गर्न थाले । पछि राजा विष्णुशाहीका छोरा पहाडीशाही (द्वितीय) लाई श्री ५ रणबहादुर शाहले वि. सं. १८५० मा रजाई थामी लाल मोहर गरिदिएका थिए । पछि श्री ५ महेन्द्रको पालामा वि. सं. २०१८ जेष्ठ १० गते

---

**६० राहुल सांस्कृत्यायन, गढवाल, पृष्ठ २०३ ।**

**६१ इसके वाद अमरसिंह थापा ने (भेरी) नदी पारकर दैलेख राज्य पर आक्रमण किया । दैलेख के पश्चात सुर्खेत में लडाइ हुई । लडाइ में नेपालियोंको विजय होने के कारण दैलेख पर नेपालका अधिकार स्थापित हुआ । करनाली नदी तक नेपालका झंडा फहराने लगा । करनाली पारकर अमर सिंह थापाले आछाम तथा डोटी के राज्यों पर आक्रमण किया । डुमाकोट तथा तारिमघाटकी लडाइ के वाद अछाम तथा डोटी पराजित किये गये । अब नेपालकी सीमा महाकाली नदी तक विस्तृत होगई । यह विजय सन १७८९ ई० अथवा १७९० ई० में हुई । अमरसिंह थापा, पृष्ठ १६ मूल लेखक सूर्य विक्रम ज्ञवाली, अनुवादक श्री लालजी सहाय ।**

62 The Gorkhalis chose to attack Jumla by the northern route, passing from the lands of the Mustang Raja along the mountain tracks and into Jumla from the north east. The Rise of the House of Gorkha, L. F. Stiller S. J. Page 185

63 After the conquest of Jumla, the Gorkhalis moved farther west to Achham, Bajhang and Doti. The Rise of the House of Gorkha: L. F. Stiller S. J. Page 187

"राज्य रजौटा उन्मूलन ऐन" जारी भएपछि डोटीको रजौटा प्रथा समेत समाप्त भयो ।

स्थानीय जन भनाईलाई प्रमाण मानी डोटीको प्राचीन ऐतिहासिकताको लेखाजोखा गर्ने हो भने डोटी राज्य सत्ता सिंहपुर कञ्चनपुर हुदै अजमेरूमा प्रवेश गरेको र त्यस पछि ज्वरायल दीपायल आएको सिद्ध हुन्छ । आज-भोलि बोलिने कञ्चनपुर नै संभवतः पहिले सिंहपुर थियो । कञ्चनपुर सिंहपुर नभएता पनि हाल कञ्चनपुरबाट करिब २५ किलोमिटर टाढा शाही संरक्षित वनभित्रको विशाल ताल रानीतालको छेउमा रहेको सिंहपुरका प्राचीन भग्नावशेषहरूले पनि प्राचीन राजधानी भएको तथ्यलाई अगाडि सार्दछन् । साथै स्थानीय जनश्रुतिबाट पनि सिंहपुर सिंहपाल राजाको राजधानी भएको कुरा प्रष्ट हुन्छ । यसरी सिंहपुर पालको राजधानी भएको तथ्य हाम्रो सामु आउँछ भने माथि उल्लिखित लोकगीतबाट अजयमेरकोट पनि पालले बनाएको सिद्ध हुन्छ । यस्तै नरहरिनाथज्यूको भनाईबाट डोटीको श्रीकोट पनि पाल राजाहरूको राजधानी भएको प्रमाणित हुन्छ । हाल डोटीको सदरमुकाम सिलगढी बजारको पूर्वोत्तर दिशामा रहेका डोट्याल राजाहरूका प्राचीन कोटका भग्नावशेषहरूले पनि संभवतः पालहरूकै अस्तित्वलाई औंल्याउंलान् । यस प्रकार हेर्दा सिंहपुर कञ्चनपुर डंडेलधुराको अजमेरकोट श्रीकोट हुँदै हिमालय सम्म डोटीको राज्यमा पालहरू प्रवेश गरेको कुरा हाम्रो अगाडी उपस्थित हुन्छ भने हालकै लाली (डोटी) मा प्राप्त श्रीपुर, वारवन्डा वा वाल्ह वनजंगलका भग्नावशेषहरूले अर्कै अन्योल पनि खडा गर्न सक्तछन् । साथै हाल सालै प्राप्त अरबिक लिपिका मुद्राहरूले मुगलकालिन सभ्यतालाई पनि अगाडि सारेका छन् । यसै गरी उकुमहलका प्राचीन भग्नावशेषहरूले पनि पालकै अस्तित्वलाई कायम गर्छन भने अन्य ठाउँठाउँमा प्राप्त भग्नावशेषहरूले पाल र मल्लको अस्तित्वलाई जोगाएर राखेका छन् । यस प्रकार अनुसन्धान गर्दै जांदा पालहरूको अस्तित्वमा प्राचीनता आएपनि सर्व प्रथम पाल राजाहरूको प्रवेश अजयमेरूमा भएको थियो अथवा डोटीको श्रीकोटमा भएको थियो, अथवा ज्वरायलमा भएको थियो, अथवा सिंहपुरमानै भएको थियो अथवा श्रीपुर, र वाल्हवन जंगलमानै भएको थियो ? यसको निर्णयको लागि अनुसन्धान गर्न आवश्यक भईसकेको छ । सामान्यतया हेर्दा डोटी राज्यमा पालहरूकै अस्तित्वका आधारहरू प्रायशः देखा पर्न थालेका छन् । यसबाट प्राचीन डोटी राज्य पालहरूको अधीनस्थ क्षेत्रभएको कुरामा थप बल मिलछ ।

## पूर्व प्राचीन कालिन डोटी राज्य

प्रचलित कथा र जन-श्रुतिको आधारमा राजा नागी-मल्लले अजमेरु वा अजयमिहिरकोटको स्थापना गरेको कुरा थाहा पाइन्छ भने केही इतिहासकारहरूको खोजले निरञ्जन देव पालले डोटी राज्यको शिलान्यास गरेको कुरालाई अगाडि ल्याएको छ । लोककथाहरूलाई प्रमाण मान्दा राजा नागीमल्लको अभ्युदय आठवौं शती तिर भएको सिद्ध हुन्छ । यस वेला अजयमेरुलाई खसान र सिंजा राज्यलाई जडान भनिन्थ्यो । यी दुवै शक्तिशाली राज्य थिए । राजा नागी-मल्लले डोटी राज्यको राजधानी अजयमेरुमा बसी शासन गरेको वेला पूर्व पश्चिम उत्तर दक्षिण चारैतिर ससाना भुरे राज्यहरू थिए, जहाँ कत्याल विष्ट सिंह र पाल खान्दानी राजाहरू राज्य गर्दथे । त्यसैले राजा नागीमल्ल देखि एकी-कृत गर्न थालिएको डोटी राज्यलाई नागीमल्ल पछिका कैयौं पुस्ता सम्मका राजाहरूले गरेको एकीकरणको फल नै महान शक्तिशाली डोटी राज्यको समुदय थियो । अथवा भनौं पश्चिममा वाइसे चौविसे जस्ता ससाना राज्यहरूको उदय भन्दा अगाडि महान शक्तिशाली राज्यहरूमा डोटी साम्रा-ज्य र सिंजा साम्राज्य थिए जसको नाम नेपाली इति-हासमा जडान र खसानको नामले प्रख्यात छ । त्यसैले तत्कालिन डोटी राज्यको वास्तविक ऐतिहासिक तथ्य पत्ता लगाउन सिंहपुर, कञ्चनपुर, अजयमेरु, कुल्लेककोट, सगौड-कोट, धौलीकोट, रौलेश्वरकोट मकरीकोट, उकुमहल, व्यास गुफा, बझाङकोट, डुम्राकोट सुनिकोट गोलारकोट, थलहराकोट, ज्वरायल, सिलगढीबजार पूर्वोत्तर दिशाका प्राचीन कोट, श्रीकोट, विनायकस्थान, श्रीपुर र वाल्हवन जङ्गलका प्राचीन भग्नावशेषहरू, अन्य विभिन्न स्थानमा रहेका पुरातात्विक अवशेषहरू, शिलाभिलेख, ताम्रलेखादि र अन्य प्राचीन ऐतिहासिक कागजातहरूको अध्ययन, अनुसन्धान निरीक्षण क्रमवद्ध रूपमा नभए वा नगरेसम्म प्राचीन डोटी राज्य र राजवंशको इतिहासको जानकारी पाउन मुश्किलै पर्छ । दुई चार ताम्रपत्र र दुइ चार शिलाभिलेख तथा दुई चार ऐतिहासिक कागजातहरू

पाउँदैमा र लोक कथा र लोक गाथा भेट्टाउँदैमा मात्र डोटी राज्य र राजवंशको इतिहास खोतल्ने काम अधुरो नै रहन्छ । चाहे केही प्रामाणिक कुरा उपस्थित गरी अनुमानै अनुमानको भरमा इतिहासकारहरूले जति सुकै अड्कल काटुन् त्यसमा केही सत्य भएपनि धेरै चाहिं असत्य नै रहिरहने छ ।

डोटीराज्य विषयमा आजसम्म लेखिएका ऐतिहासिक ग्रन्थ र अनुसन्धानात्मक लेखादिबाट के सत्य हुन्छ भने कत्युरी साम्राज्यको पतन पछि कत्युर नरेशका उत्तराधिकारीहरू बसाई सर्ने क्रममा पश्चिम नेपालको क्षेत्र तिर प्रवेश गरे । यसरी बसाई सर्ने क्रममा कत्युरी पालहरूले केवल पश्चिम नेपालको एक क्षेत्रबाट मात्र प्रवेश नगरेर विभिन्न क्षेत्रबाट प्रवेश गरे । यसरी प्रवेश गर्दै जाँदा उनीहरूले जहाँ आफ्नो अस्तित्व कायम हुने देखे त्यहीं त्यहीं आफ्नो राज्यसत्ता कायम गर्न थाले । फलस्वरूप प्राचीन शक्तिशाली डोटी राज्य स्थापना हुनु भन्दा पहिले पालहरूले वसाईको दौरानमा नै अनेकौ ससाना राज्यहरू कायम गरी राजनैतिक स्थिरता ल्याइसकेका थिए । समय परिवर्तनको काममा पालमध्येका कुनै शक्तिशाली पाल राजाले डोटी अजयमेरू जस्तो शक्तिशाली साम्राज्यको स्थापना गरे । चाहे ती लोककथाका नायक नागीमल्ल हुन्, चाहे इतिहास प्रसिद्ध ती निरञ्जन देव पाल हुन्, चाहे लोकगीतका नायक हेमन्तपाल नै किन नहुन्, चाहे अरू कुनै पाल हुन, कत्युरीवंशी पालराजाहरूले नै प्राचीन डोटी राज्यको स्थापना गरेको कुरा इतिहास सम्मत हुन आउँछ ।

राजा नागीमल्ललाई अजयमेरूकोटको (६४) स्थापक तथा निर्माता मान्दै एक अनुसन्धाताले नागीमल्ल यदि उनका छोरा जीवितमल्ल–निरयमल्ल, शंकुमल्ल (शाके ८४१) उदयमल्ल–शिवमल्ल–पृथ्वी मल्ल (शाके १२२८-१२७९सुतनिमल्ल (शाके १२८०-१३३८) जितारीमल्ल (शाके १३३९–१३८६) कीर्तिमल्ल (कीर्तिवम्म) (शाके १३८६-१४२६) जितारीमल्ल (दोस्रा) शाके १४२७-१४६९ अर्जुनमल्ल (शाके १४७८–१५१८) हरिशाही–रामशाही रुद्रशाही–पहाडी–शाही – बहादुरशाही – विक्रमशाही आदि राजा भएको चर्चा गर्दै पालवंशका आदि पुरूष आदिकालदेखि डोटचाल राजाहरूको पुस्तावधि जोड्ने तर्खर देखाएका छन् । त्यतिमात्र होइन उनले आफूले लेखेका कुरामा र आफूले दिएको बंशावलीमा कतै कतै भिन्नता पनि पाइन्छ । अनुसन्धाताको उक्त खोजलाई हेर्दा निरयमल्लका छोरा शंकुमल्ल देखिन्छन् भने अर्कातिर ताम्रपत्रमा निरयमल्लका छोरा नागमल्ल देखिन्छन् । फेरि अनुसन्धाताको उक्त खोजबाट एकातिर उनले दिएको वंशावलीमा जितानमल्लका छोरा नागमल्ल देखिन्छन् भने रहुमल्लका छोरा पुलीमल्ल देखिन्छन् । उनकै फुटनोटबाटचाहिं शिवमल्लका छोरा पुलीमल्ल देखा पर्छन् ।

यसै गरी जीवितमल्लका छोरा निरयमल्ल देखिन्छन् भने वंशावलीबाट चाहिं निरयमल्ल । निरयमल्ल अपभ्रंस भएको हुन सक्तछ । जेहोस् यस्ता कतिपय अन्योलहरू उनले दिएका डोटचाल वंशावलीमा जतातते छन् । यसबाट यौटा अर्को अन्योल पैदा हुन्छ । त्यो के भने अनुसन्धाताले दिएको डोटचाल वंशावलीमा भाइ भारादारहरूका नाम त परेका छैनन् ? । यस प्रकार विभिन्न इतिहासकारहरूले डोटचाल राजवंश र प्राचीन डोटी राज्य सम्बन्धमा गरेका ऐतिहासिक खोजहरूले अनेकौं अन्योलहरूको सिर्जना गरेको छ । जुन अन्योलहरूलाई यसरी ब्यक्त गर्न सकिन्छ– योगी नरहरिनाथले दिएको डोटीको अध्ययन सत्य हो ? राहुल सांस्कृत्यायनले दिएको सत्य हो ? एट्किन्सनले दिएको सत्य हो ? देवकान्त पन्थले दिएको सत्य हो ? पूर्ण प्रकाश नेपालले दिएको सत्य हो ? यस पंक्तिका लेखकले दिएको सत्य हो ? अथवा अगुसन्धानको सिलसिलामा जे पायो त्यही सत्य हो ? अथवा पाठकहरूलाई सोच्न वाध्य गराउनु नै सत्य हो ? के चाहिं सत्य हो यसबारे इतिहासका अनुसन्धाता विद्वानहरूले ठोस निर्णय दिन बांकी नै देखिन्छ ।

जे होस, यस प्रकारका कैयौं ऐतिहासिक भूल वा अन्योलहरू बांकी रहेता पनि पश्चिम नेपालमा एकै किसिमको नाम भएका पाँच ऐतिहासिक राजाहरू देखिन्छन् । ती हुन्– नागी मल्ल, नागमल्ल, नागपाल, नागदेव, नागराज । यी राजाहरूमध्ये लोककथाका नायक राजा नागी-

६४ महाकाली अञ्चल दिग्दर्शन, पृष्ठ ५४–८०

मल्लको विषयमा स्थानीय समाजमा प्रचलित लोककथा यस प्रकारको छ–

सिंजा राज्यमा जुन वेला विष्ट सिजापति राज्य गर्दथे ठीक त्यसै समयमा डडेलधुराको अजमेरुकोटमा राजा नागीमल्ल राज्य गर्दथे। राजा नागीमल्ल अविवाहित थिए। विजयाकांक्षी र स्वेच्छाचारी पनि थिए। उनका कोही सन्तान थिएन। कुनै कार्यविशेषले राजा नागीमल्ल एक दिन आफ्नो राजधानी अजमेरूबाट आफ्नो राज्यको सीमाना (आधुनिक अछामको छेउमा) स्थित कुनै एक प्रदेशमा गएमा थिए। त्यसवेला उनको त्यहीं नै मृत्यु भयो। राजा नागीमल्लको मृत्युपछि राज्यमा उत्तराधिकारीको अभावमा हाहाकार भयो। मन्त्री तथा भारदारहरूले राज्यको शासन चलाए। केही वर्ष बितेपछि स्थानीय जनताले एक सपना देखे। सपना सबै प्रजाको एकै किसिमको थियो। त्यो सपना यस प्रकारको थियो– "राजा नागीमल्ल आफ्नै राज्यको एक विधवा बाहुनी संग फसेर एक राजकुमार जन्मेको छ। अहिले त्यो बालक सिंजाको राजाको संरक्षणमा छ। जनताले यस कुराको पत्तो लगाइ छाडयो। त्यस पछि राजकुमारको खोजीमा अजयमेरूको एक प्रतिनिधिमण्डल सिंजा पुग्यो। राजकुमारको पत्तो लागेपछि प्रतिनिधिमण्डलले सिंजाको राजालाई सत्य कुरा विन्ति गऱ्यो। त्यस समय राजकुमार ठूला भई सकेका थिए। प्रतिनिधिमण्डलको कुरा सुनेर सिंजा राजाले एक शर्त राखे। शर्त यस्तो थियो:– "राजकुमार बराबरको सुन दिए पछि मात्र राजकुमारलाई फिर्ता दिने", प्रतिनिधि मण्डलले त्यो कुरा स्वीकाऱ्यो र अजयमेरूमा फर्कियो। अजयमेरू आए पछि सबै कुरा बतायो। ३६ धार्नी सुन दिनु कम कुरा थिएन। सिंजालीहरूले राजकुमारको तौल त्यति नै बताएका थिए। अत्यमा सुन दिएर राजकुमार ल्याउने निर्णय भयो। त्यस पछि प्रतिनिधिमण्डल सुन लिएर सिंजातिर लाग्यो। आफ्नो राज्यको अर्कै ठाउँमा पुगे पछि सुन लैजाने ब्यक्तिहरूको मनमा कलुषित भावना पैदा भयो। फलस्वरूप तामामा बाहिरी सुनको जलप लगाएर सुन दाखिल गरी राजकुमार ल्याउने फैसला भयो। त्यसै मुताविक उनीहरूले कार्य सम्पन्न गरे। त्यो सिंजा राजाले थाहा पाए। सुन लिएर जाने मध्ये प्रमुख तीन ब्यक्ति थिए। ती तिनै जनालाई राजाले भने– तिमिहरूले चोर ढाँट र ठगको काम गऱ्यौ। त्यसैले तिमिहरू त्यही पदवी लिन मञ्जुर छौ भने राजकुमार फर्काउँछु नत्र हुदैन। राजाको कुरालाई तिनीहरूले स्वीकारे। त्यस पछि राजकुमार लिएर तिनीहरू अजमेरू फर्किए। अजमेरूमा आएपछि राजकुमारलाई गद्दीमा राखे। ती राजकुमारको नाम जीवितमल्ल थियो। जीवितमल्ल राजा भएपछि पहिले जस्तै राज्य शासन चल्न थाल्यो।

यस प्रकार डोटी राज्यको पूर्व प्राचीन कथात्मक इतिहास तिर लम्किदा पूर्व प्राचीन कालमा डोटी राज्य सिंजा भन्दा सानो भए पनि पछि पाल र मल्ल राजाहरूले पुस्तौं पुस्ता सम्म गरेका आसपासका कयौं टुकुटे राज्यहरूको एकीकरणको फलस्वरूप विशाल डोटी साम्राज्यको रूपमा परिणत हुन्छ र महान शक्तिशाली राज्य बन्छ। त्यस पछि शदियौं सम्म विशाल साम्राज्यको रूपमा रहेको डोटीले भाषा, कला, सँस्कृति र सभ्यता आदिको विकासमा अभूतपूर्व उन्नति गर्छ, जसको नमुनाको रूपमा डोटी साम्राज्यका ठाउँ ठाउँमा पुरातात्विक भग्नावशेषहरू अद्यावधि मौजुद छन्। कयौं शती पछि भाई भारदारहरूको फूट र पारस्परिक कलहले गर्दा साम्राज्यको रूपमा रहेको डोटी राज्य बाइसे राज्यहरूमा परिणत हुन्छ। यस बारे विशेष चर्चा माथिनै भएको छ तापनि बाइसे राज्य हुदाका बखतका केही ऐतिहासिक कुराहरूको चर्चा गर्नु त्यति अप्रासङ्गिक देखिदैन।

साम्राज्य डोटीको पतन पछि सानो डोटी (तत्कालिन बाइसेराज्यका बखतको शक्तिशाली डोटी राज्य) अछाम, बाजुरा, थलहरा, बझाङ आदि बाइसे राज्य र वैतडी, दार्चुला, कैलाली, कञ्चनपुर आदि राज्यको अलगै राजनैतिक तथा साँस्कृतिक इतिहास कायम हुँदै जान्छ र अलगै पृष्ठभूमि बन्छ। यी प्रत्येक राज्यले आफ्नै किसिमको स्वतन्त्र राज्यसत्तात्मक ब्यक्तित्वलाई अगाडि ल्याउँछन्। तर पनि एक अर्को राज्यले एक अर्को राज्यमाथि हमला गर्ने प्राचीन परिपाटीलाई भने बिर्सेको हुँदैन। एक अर्काको हमलाबाट बच्नको लागि अग्लो पर्वतीय डाँडामा गई कोट वा दरबार बनाउने परिपाटीको जन्म पनि यसैवेला देखि सुरू हुन्छ। त्यसैले यस वेलाका राजाहरूले आफ्नो रक्षा खातिर बनाएका कोट दरबारहरूको संख्या पनि भग्नावशेषको रूपमा अद्यावधि अनगिन्ति फेला पर्छन्।

जुन ठाउँमा जुन राजाले कोट बनाउथ्यो, त्यहाँ पछिबाट शान्ति सुरक्षामा खलल पर्ने वा पार्ने किसिमको

कुनै पनि संभावना भएमा त्यही राजाले अर्को कुनै सुरक्षित हुने स्थान वा पर्वतीय दुर्ग खोजी पुनः अर्को दरबार बनाई बस्दथ्यो र आफ्नो शान्ति सुरक्षा सकेसम्म गर्दथ्यो । यसरी आफू बलियो भएर बसे पछि फेरि त्यही राजा आफ्नो सैनिक दलको संगठन गरी अर्को राज्यका राजामाथि हमला गर्दथ्यो । यसरी हमला गर्दा हार्ने राजाले फेरि अर्को पर्वतीय दुर्ग खोजी दरबार बनाई बस्थ्यो । यस प्रकार एउटै राजाले २, ४ दुर्ग, कोट वा दरबार बनाउन थाले । यही रीति वाइसे तथा चौविसे राज्यका सबैजसो राजाहरूको थियो । फलस्वरूप बाइसे तथा चौबिसे राज्यहरूमा अनेकौं कोट र दरबारहरूको सिर्जना भयो । त्यतिमात्र होईन राजाका भाईभारदारहरूले पनि आत्म सुरक्षाका लागि वनाएका कोटहरूले पनि दरबारको संख्यामा संख्या थप्यो । यसप्रकार डोटी राज्यभित्र पाईने भग्नावशिष्ट कोट दरबारहरूमा प्रसिद्ध श्रीकोट, अजमेरूकोट, दिपायलकोट, ज्वरायलकोट, विनायककोट, बीमकोट, श्रीपुरकोट, वाह्न-वनजङ्गलकोट, टीकाकोट, नुवाकोट, सुनीकोट, डूम्राकोट गोलाइकोट, आठकोट, सिउँकोट, वधोङ्गकोट, मकरीकोट, दंदाकोट, पत्थरकोट, जारकोट, बाराकोट, पिपलकोट, कुल्लेककोट, सिंहपुरकोट, आदि कयौं कोटहरू छन् ।

बझाङ्गी वंशावली अनुसार बाजुरा बाइसे राज्यको विभाजनपछि एक स्वतन्त्र राज्य भएको बुझिन्छ । बाजुराको राजनैतिक स्थितिबारे चर्चा गर्दै वंशावलीले बझाङ्गी राजाका ३९ सौं पुस्ताका राजा भिउंसिहका भाई डुग्गरसिंह डुग्राकोट गई वसेका थिए । उक्त कोटवाट एक दिन डुग्गरसिंहलाई बाजुराका बुड्थापा राट्ले चोरी आफ्नो दरबारमा लगे (६५) । दरबारमा ९ वर्ष सम्म लुकाई राखेपछि डुग्गरसिंहलाई नै बाजुराको राजा बनाएको कुराको उल्लेख गरेको छ । यस उल्लेखबाट बाजुराका बुड्थापा राट्का कुनै सन्तान नभएको सत्य प्रकाशमा आउँछ । अर्को कुरा, उक्त उल्लेखबाट डुग्गरसिंह बुड्थापा राट्का संवन्धित ब्यक्ति हुन सक्छन् भन्ने तर्कपनि उपस्थित हुन्छ । कसैले (६६) डुग्गरसिंहको उक्त घटनालाई आधार मानी बाजुरालाई बझाङ्ग राज्य अन्तर्गत भएको आशंका ब्यक्त गरेका छन् । तर बाजुरा बझाङ्को अन्तर्गत नभएर एक स्वतन्त्र राज्यको रूपमा पहिले देखि नै थियो । यसको साथै "वलाङ्ग्या नाम दुर्गस्य" भन्ने शाके १३४३ को सुमतिवर्माको ताम्रपत्रको उल्लेख र बाजुरा र बझाङ्को विचमा सिमानाका अर्को बाइसे राज्य थलहरा भएकोले बाजुरा र बझाङ दुवै स्वतन्त्र राज्य भएको कुरातिर इतिहास ढल्कन्छ । यो बाइसे राज्य बाजुरा संभवतः डोटी साम्राज्यको वेलामा वार्जु प्रदेशको नामबाट संबोधित हुन्थ्यो । किनभने अभयमल्लले (६७) बार्जुका अधिकारी कार्कीलाई र सुमतिब्रह्मले (६८) कुँदी बाजुका अधि-कारी कार्की बुड्थापा रोकायालाई गरिदिएको ताम्रपत्रमा बार्ज्रु र बाजु शब्दको प्रष्टै उल्लेख भएको पाइन्छ । यही बार्जु प्रदेशनै वाइसे राज्य हुंदा बाजुरा राज्यको नामले प्रख्यात भयो र यसै राज्यको छोटकरी जीवनी आधुनिक बाजुरा जिल्ला बनेको छ।

बाजुरा जस्तै बाइसे राज्यमा पर्ने अछाम राज्यको मध्यकालीन इतिहासबारे जानकारी दिने खालका अछामे राजाहरूका तीन प्रकारका वंशावलीहरू प्रकाशित भएका

---

६५ राजा भिउसि ३२-१५१६ इन्का भाइ डुग्गरसिहको अंश डुग्राकोट भै नीजलाई डुग्राकोटबाट वाजुराका वुडथापा राटले चोरी फा (आ) फ्नु घरको मलेजामा ९ वर्ष सम्म दवाइ राषी पाली वाजुराकोटमा निज डुग्ग सिं राजा वनाएका हुँ पालेका हुनाले पाल बो ायाकाहुं-इतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ पत्र सं ५८५

६६ मेची-महाकाली- पृष्ठ ७९५

६७ अभयमल्लको ताम्रपत्र सं० १२९८, राष्ट्रिय अभि-लेखालय

६८ सुमतिब्रह्मको ताम्रपत्र १३४८, राष्ट्रिय अभिलेखालय

छन् (६९)। यी वंशावलीहरूको विषयवस्तु शैली र प्रस्तुतिकरणमा समानता पाइएता पनि राजाहरूको पुरतावलिमा कतै कतै भिन्नता पनि पाइन्छ। अछामेराजाहरूको विशेष परिचय दिँदै ती तिनौटै वंशावलीहरूले अछामे राजाहरूलाई सोमवंशी र अत्रिगोत्री भएको कुरा प्रष्ट पार्नको साथै कुनै समयमा अत्रिऋषिका सन्तानमध्येका चार दाजुभाई गढकन्नौजबाट नेपाल भित्र पसेका थिए। नेपालमा आउँदा यिनीहरू सर्वप्रथम पर्वतराज डोटी राज्यमा आए। जेठा भास्कर भट्ट खत्याडामा बसे। माहिला प्रभाकर भट्ट लेक दार्चुलामा गई बसे। साईला लल्ल भास्कर गोताममा गई बसे। कान्छा विलल्ल भास्कर चाहिं श्री समुद्रवंशी महाराजा सिजापतिका हाजिरमा गई उनकै चाकरी गरी बसेका थिए। रहंदा बस्दा सिजापतीकी छोरी हारमताले विलल्ल भट्टलाई स्वयंबर गरेको थाहा पाई राजा सिंजापतिले ती दुईको विवाह गरिदिएको, विवाह पछि मैत्रा हारमतालाई पछि नाति जन्म्यो भने राज्य काटी रजाई दिने बाचा गरेको र त्यसवेला बसोबास गर्न जुमला सामाचौंरको ४०० गाउँ दिएको थियो। केहि कालपछि मैत्रा हारमताबाट पुत्र जन्मेपछि पुत्रको नाम देवचन्द (देवचन्द्र) राखियो। यस्तैमा हारमताले आफ्ना पिता सिंजापति महाराजसंग पहिलेको बाचा बन्धन सम्झाउँदा सिंजापतिले आफ्ना नाति देवचन्दलाई राज्य काटी रजाइ दिने प्रतिज्ञाबचन अनुसार आफ्नो राज्य मध्येको अछामको जग्गा चार किल्ला साँध लगाई दिएको उल्लेख पाइन्छ। यसरी नै सोमवंशीको वंशावली अनुसार (७०) नाती देवचन्द लाई "गगनगिरिराज चन्द्र चूडामणि... ... ... ...आदि प्रशस्ति समेत दिएको कुराको उल्लेख पाइन्छ भने अछामे राजाको वंशावली (७१) मुताविक शक संवत १३९२ बि. सं. १५२७ मा अछामको सेरा नगरीमा राजधानी बनाई देवचन्दले राज्य गरेको चर्चा पनि प्राप्त हुन्छ। यस्ता कतिपय चर्चा र उल्लेखबाट अछाम राज्य कुनै समय सिजा साम्राज्यको अधीन भएको देखिन्छ भने अर्कातिर अछाम श्रीकोट (सिरकोट) का प्राचीनकालिन भग्नावशेषहरूले

---

६९ हिम्बुषर भइ ७ ज्मा पुस्ता १४ इनिका चार भाई मड (गढ) कनौजबाट प्रथव राज्ये धन्ने डोटि आया जेठा भाई भास्कर भट्ट षत्याडा बस्या षत्याडा भया माजिला प्रभास्कर भट्ट लेषय वस्य मिश्र वजा भया साजिला लल्ल भास्कर पुर्व गोताममा गया गोताम्मा भया कान्छा विलल्ल भास्कर आपना मामा जाजा भइ संग जुमला गया श्री ५ समुन्द्र वंसि शिजापतिका हजुर्मा पुग्दा उनिका निसेपले गरि श्री ५ समुन्द्र वंसि महाराजा कि बेटि हारमता मैत्राले विलल्ल रिषि भट्टलाई स्वयंवर गन्या श्री ५ माहाराजाबाट विवाहा गरि दिया तिनिबाट पुत्र जन्म्यो भन्या रजाइ गरि दिउला भनि वक्स्यौ भनि हुकुम दिया छोरिजुवाईलाई जुमलाका अमलमध्ये चार हजार ४०० सामाचवर गाउ दिया ताहि बस्ता मैत्रालाइ पुत्र जन्म्या तेस पुत्रका नाम देव चन्द भनि नाम राष्या श्री ५ समुन्द्रवसि माहाराजाले आपना नाति देव चन्दलाई स (ह) माल भैं दाहिना बाहुलिमा सूर्यचन्द्र देषाइ अव उप्रान्त तिमि सोमवसि भयौ भनि किताव दिया मैत्राले अधिका कुरा आपना बुवाज्यु संग सयल विंति गर्दा श्री समुन्द्रबंसिले अछामको साद पूर्व रुप्पादेखि लालु लोषाडा लगायत दुल्लु मध्देस्यू वागदेखि स्मेत दक्षिण मलवार ५२ गाउँदेखि पश्चिम निगालिघोट सेतिगंगा उत्र (उत्तर) हिमाँनेको भगौति ढुंगो हुन चार किल्ला भित्र सिरान पुछाड गरि अछाम बुडि थर्पु मध्ये रजा ठिका वक्स्यौ–इतिहास प्रकाश, भाग ३ अङ्क २, पृष्ठ ३८७

७० ...स्वस्ती श्रीः गगण गिरिराज चक्र चुडामनि नर नारायन त्यादि बिविध बिरूदावलि विराजमान मानोनत श्री मनह महाराजाधिराज श्री श्री श्री महाराज प्रथम देव चन्द वाहादुर सम्सेर जङ्ग देवानाम्: सदा समर विजयी नाम... इतिहास प्रकाश, भाग ३, अङ्क २ पृष्ठ ३९१

७० श्री अछामि राजाका पुस्ता वाज्या प्रथम श्री राजा देव चन्दको अछाममा राज रजाया को ०३९२ सालमा अछाम सेरा नगरी हो –ऐजन, भाग ३, अङ्क २ पृष्ठ ३९५

अछाम राज्य पाल (७२) तथा सेन (७३) राजाहरूको अधीनस्थ क्षेत्र भएको सत्यतालाई उपस्थित गर्छन्। साथै वंशावलीको चार किल्ला हेर्दा अछामको साथै अन्य बाइसे राज्यमध्येका केही राज्य पनि सिंजा साम्राज्य भित्रै परेको देखिन्छ। यसबाट इतिहासका मूर्धन्य विद्वान श्री सूर्यविक्रम ज्ञवालीज्यूको मत बढी फलदायक सिद्ध हुन्छ, जसको केही चर्चा माथिनै भएको छ। त्यसैले यसबारे पुनः खोज अनिवार्य भईसकेको छ।

यसको साथै उक्त प्रकाशित वंशावलीहरूबाट चन्दहरू नै कालक्रमानुसार राय वा राइ, मल्ल, वर्म, वर्मन, शाहीको रूपमा आएको प्रष्ट देखिन्छ। त्यति मात्र होईन, अछाम राज्य अन्तर्गत दर्ना, विनायक, वन्नीगढी, तडिगैरा, बिमकोट, मङ्गलसेन, सेरा आदि विभिन्न ठाउँमा सामन्त रजौटाहरू भएको र अछाम राज्यमा देवचन्द कै शाखा प्रशाखाहरूले प्राचीनकाल देखिनै राज्य गरिरहेको कुरा प्रमाणित हुन्छ। यद्यपि इतिहासको पानामा केही थपघट गर्ने सामानहरूमध्ये वंशावली पनि एक मानिन्छ तापनि वंशाबलीलाई मात्र महत्वपूर्ण आधार चाहिं मान्न सकिन्न। त्यसैले यस संवन्धमा विशेष गरेर पुरातात्विक सामग्रीहरूको अध्ययन एवं अनुसन्धानलाई नै प्रमाणित मान्न सकिन्छ।

यसै गरी एकातिर "अछाम विनायकको येष वृत्तान्त" बाट (७४) बिनायकमा राज्यगरी बस्ने येष राजालाई मारी राजाराम सगुनमले शाके १३४५ मा (वि. सं. १४८०) सुजौलिकोटबाट विनायक पंचदेवलमा मुकाम सारी राज्य गरेको उल्लेख पाइन्छ भने अर्कातिर विनायक पञ्चदेवलबाट प्राप्त शिलाभिलेख (७५) बाट शाके १२०२ (वि. सं. १३३७) मा मल्लराजा आछेजमल्ल (अक्षयमल्ल ?) ले राज्य गरेको प्रमाणित हुन्छ र यस शिलाभिलेखबाट येष राजा र मल्लराजामा ४३ वर्षको अन्तर देखिन्छ। यसबाट उक्त ठाउँमा राजा येषको राज्य भन्दा अगाडि मल्ल राजाको राज्य भएको कुरा प्रमाणित

---

७२ ... तदन्तिके श्रीकोट सिरकोट भग्न दुर्गदेवल शिवलिङ्ग लेखस्तम्भः नवहाटको माई जानपदार्चा प्राचीन विशाल देवल भग्नशिला विशीर्णः सर्वत्र राजधानी पुराणा पालिनाम १ चिरसन्तति विशालबरः– ईतिहास प्रकाश सन्धि पत्र संग्रह, भाग १, पृष्ठ–७६०

७३ लग्नाकालवशेनैव मूर्तिखम्भ मनोरमा
श्रीमम्मदनसेनेन उद्धृता पुण्यकारिणा
× × × × × × × ×
× × × × × × × ×
श्रीकोट महिषासुर मर्दिनी भगवतीको पादपीठबाट उद्धृत अंश।
यो इतिहास प्रकाश सन्धिपत्र संग्रह भाग १ मा पनि प्रकाशित छ।

७४ श्री शाके १३४५ माघ मासे दिनगत १७ पुर्णमास्यां तिथौ १५ गुरुवासरे ५ पुष्यनक्षत्रे ८ प्रथम राजाराम सगुनले सुजौलिकोट छोडी विनायक पञ्चदेवल मुकाम भयो विनायक पञ्चदेवलमा येषको रजाइ थियो जुन्याघाट भानाकोट बुलालुको चिउरो वयालिसलो गाजुकाट्या अपार जेउला गौखोलो गाभासको आस्या भै बस्याको थियो राजाराम सगुन्मले कुइका ब्रह्मस्थान बसी बामन बुढेउलि माट्या गौरवा भिलाई मतो गरि येष मारि षष्यालि लिंछौ भन्दा कुईकाका सिउराज बुढाउलि बसिमतो जमाई हितु विष्ट मैद भंडारी बजुडि सहदेउ बुढा रिमाल कैलु साउन्द छोटु धामि परिमल धामि आसु बडाल पँमा बडाल दुमा रावल राजूमिकंस्या रावल वागवरया चलाउन्या देउकोटो संपति जैसी राम आदी कापि राम कार्दिपाटा दन्यो हुसु अधिकारी रिकस्याल भानुजैसी कौध्वा सुतारि ४ थानि ९ थरि वसी मतो गरि येषलाई मारि राज राम सगुनमले जुयाघाट भानाकोट षुलालुको चिउरो वयालीसलो गाजुकाटया अयार जेड लाग्यो षोला गाम्रिको आस्या भया राज थल्याइ बस्या राजाराम सगुनमेको अंसवंडा हुँदा विष्ट र भण्डारी मानाकोटि माट्या कामि साईमल्या साकाल दमाई ब्रह्मस्थान कुईको नाई कायड बहाल सगुनमले लिया––
ईतिहास प्रकाश भाग ३ अङ्क २ पृष्ठ–४०२–३

७५ ओं स्वस्ति श्रीमत आछेजमल्ल (अक्षयमल्ल ?) देवस्य सपरिवारा चिर जयतु आत्मन्निमितार्थे एकोतार सत्पुरुषनिमित्तान् जंराद प्रसाद करायो साके १२०२ सुत्रधार नागदेव नाम कमायो– अछाम विनायक पंचदेवल शिलाभिलेख–विश्वनाथ भट्टराई...।

हुन्छ। राजा येष मल्ल खानदानी थिए वा अरू कुनै ? । जेहोस्, राजा येषलाई मारी राजा सगुनमले अछामको विनायक राज्य हत्याएको कुरा चाहि उक्त येष वृत्तान्तबाट स्पष्ट हुन्छ। वस्तुतः राजा सगुनम देवचन्द्रका शाखाका थिए। अथवा मल्ल खानदानी नै थिए ? यसबारे इतिहास मौन छ। यसको साथै वंशावली (अछामे) हरूमा पनि यी राजा सगुनमको कतै उल्लेख छैन। एक छिन मात्रै राजा सगुनमलाई मल्ल राजा स्वीकार्ने हो भने– १४८० वि. सं. सम्म अछाममा मल्लराजाहरूकै शासन भएको कुरा झल्कन्छ। यसबाट ईसाको १४ धौं शतीको अन्त्यसम्म मल्लहरूले पश्चिमी नेपालको वृहत क्षेत्रमा शासन गरेको कुरामा शङ्का गर्ने ठाउँ रहँदैन। यस प्रकार एकातिर ईसाको चौधौंशतीको अन्त्यसम्म पञ्चिमी नेपालमा मल्लहरूले गरेको शासनको ऐतिहासिकतालाई प्रामाणिकता दिन सजिलो पर्छ भने अर्कोतिर प्रकाशित अछामे राजवंशावलीलाई मान्यता दिन नसक्ने आधार पनि खडा हुन्छ। यसको साथै श्रीकोट अछामका भग्नावशिष्ट प्राचीन स्मारकहरूले १२ रौं १३ रौं शती तिरनै श्रीकोट पाल राजाको राजधानी भएको तथ्य बढी प्रामाणिक हुन गएमा वा योगी नरहरिनाथज्यूको ऐतिहासिक अध्ययन प्रामाणिक भएमा अछाम राज्यको इतिहासको पानामा नयां अध्यायको सूत्रपात हुन्छ। यसबाट एकातिर अछाम राज्य डोटी राज्यको संस्थापक पालहरूको अधीनस्थ क्षेत्र प्रमाणित हुन्छ भने अर्कोतिर वंशावलीमा उल्लेखित समुन्द्रवंशी राजा सिंजापति, मैजा हारमता, ज्वाईं देवचन्दको ऐतिहासिक कुरा र भट्टहरूको पर्वतराज डोटीको प्रवेशमा पनि शंका उत्पन्न हुन्छ। त्यतिमात्र होइन, अछाम राज्य सिंजा राज्यको अधीनस्थक्षेत्र नभएको सत्य सावित हुन्छ। स्मरणीय के छ भने वंशावलीमा राजा देवचन्दलाई प्रथमराजा भनी समुन्द्रवंशी सिंजापतिले घोषणा गरेको तथ्य र अछामको येष बृत्तान्तमा राज्य राम सगुनलाई प्रथम राजा घोषित गरेको सत्यबाट वंशावली र येष बृत्तान्त बाझेको देखिन्छ।

अछाम र बाजुरा जस्तै बझाङ राज्य पनि बाइसे राज्यहरूमा एक शक्तिशाली तथा प्रभुत्वसम्पन्न राज्य थियो। बाइसे राज्य बझाङ र बझाङ्गी राजाहरूको राजनैतिक स्थितिको जानकारी दिने केही एतिहासिक कागजात र वंशावली प्रकाशमा आएका छन्। (७६)। वंशावलीमा विभिन्न बझाङ्गी राजाहरूको नाम र केही महत्वपूर्ण ऐतिहासिक घटनाहरूको उल्लेख पनि गरिएको छ। साथै बझाङ्गी राजाका सन्तान दरसन्तान नै थलहरा, तलकोट, डुग्राकोट, सुनीकोट, गोलाईकोट, आठाकोट नुवाकोट (बझाङ) छान्ना टीकाकोट आदि विभिन्न ठाउँमा गई बसेको उल्लेख पनि पाइन्छ। प्रकाशित बझाङ्गी वंशाबलीमा सर्वप्रथम जसै बम्मको नाम आउँछ, त्यस पछि शिव बम्मको। शिव बम्म ३० सौं पुस्ताका राजा देखिएकोले २९ सौं पुस्तामा जसै बम्मकै नाम आउन सक्तछ। तर २९ सौं पुस्ताभन्दा अगाडि अर्थात १–२८ सौं पुस्ता सम्मका राजाहरूको नाम बारे वंशावली मौनछ। जे भए पनि ३६ सौं पुस्ताका बझाङ्गी राजा शक्ति सिंहले वि. सं. १३६५ मा बझाङ्गमा राज्य गरेको उल्लेख पाइन्छ तर वि. सं. १३६५ ताका पश्चिमी नेपाली भूमिमा खसिया मल्लहरूकै शासन भइरहेको ऐतिहासिकताले बझाङ्गी राजाहरू पनि सिंजाली नै थिए कि ? तिर पट्टि सोच्न बाध्य गर्छ। यस भन्दा बढो दार्चुला उकुमा राज्य गर्ने पाल राजा, डडेलधुरा अजमेरकोटमा राज्य गर्ने पालराजा र श्रीकोटमा राज्य गर्ने पालराजाहरूको सम्झनाले अर्कै निष्कर्षतिर पनि लैजान्छ। किनभने दुइटा शक्तिशाली राज्य सिंजा र डोटी (जडान र खसान) को विच एकासी कुनै अर्को राजवंश आएर शासन गर्नु सम्भव देखिदैन। तर पनि बझाङमा सिंहबम्म पछि सिंहराजाहरूले शासन गरेको कुरा चाहि वंशावलीले प्रमाणित गर्छ। हालै यस पंक्तिका लेखकले प्राप्त गरेको बझाङ्गी वंशावलीबाट चाहि बझाङमा राणा, देउ, देव, बम्म र सिंहराजाहरूले राज्य गरेको देखिन्छ। सर्वप्रथम बझाङमा आई शासन गर्ने यी राणाहरू चितौनबाट आएको संकेत पनि वंशावलीले गरेको छ।

पृथ्वी सिंहको समय वि. सं. १७१४ मा डोटीले बझाङमाथि हमला गर्दा डोटी अशक्त भई फर्किएको र र पछि वि.सं. १७३८ मा राजा रतन सिंहको समयमा डोटीका रैका राजा मानधाता शाहीले बझाङमाथि पुनः हमला गरी रतन सिंहलाई मारी संपूर्ण कागजातहरू लुटेर लगेकोले बझाङ राज्यमाथि एक पटक धमिलो राजनैतिक वातावरण आइसकेको थियो तर पनि राजा कल्यालसिंहको पालामा वि. सं. १७४४ देखि पुनः बझाङमा राम्ररी राज्य

संचालन भएको हुँदा धमिलो स्थिति धेरै समय सम्म रहन सकेन (७७)। यसैगरी थलहरा राज्यको प्राचीन इतिहासतिर लम्किंदा थलहरामा खड्का राजाहरूले राज्य गरेको कुरो अगाडि आउँछ। खड्का खानदानको राज्य भएपनि पछि बाट बझाङ्गी राजा शक्ति सिंहका भाई जक्ति सिंहले थलहराको मोटो खड्कालाई मारी (७८) आफू त्यहाँको राजा भएको कुराको उल्लेख पनि प्रकाशित वंशावलीले गरेको छ। यसबाट थलहरामा खड्का पछि सिंहराजाहरूको शासन भएको सत्य प्रकट हुन्छ। तर यी खड्का राजाबारे परिचय दिन इतिहास मौन छ। यस प्रकार बझाङ राज्य र राज्यस्थितिबारे त्यति प्रशस्त ऐतिहासिक सामग्रीहरू प्रकाशमा न आएता पनि यस पंक्तिका लेखकले प्राप्त गरेको बझाङ्गी राजाहरूको वंशावली यस प्रकारको छ:–

चितौडी गढवाट आयाका बझाङका राजाको वंसवाली

| | |
|---|---|
| राजा सूर्यचन्द राणा | –१ |
| राजा रतिचन्द राणा | –२ |
| राज तरूचन्द राणा | –३ |
| राजा देउचन्द राणा | –४ |
| राजा षड्गचन्द राणा | –५ |
| राजा कटक देउ | –६ |
| राजा वागदेउ | –७ |
| राजा विषमदेव | –८ |
| राजा नागदेउ | –९ |
| राजा जसदेव | –१० |

जसदेवका आधा वम भया

| | |
|---|---|
| राजा नरिवम्म | –११ |
| राजा एजवम्म | –१२ |
| राजा मलैवम्म | –१३ |
| राजा रतनी वम्म | –१४ |
| राजा जैति वम्म | –१५ |
| राजा शक्ति सिंह | –१६ |
| राजा सुजान सिंह | –१७ |
| राजा भाउ सिंह | –१८ |
| राजा भीम सिंह | –१९ |
| राजा पूर्णसिंह | –२० |
| राजा महेन्द्र सिंह | –२१ |
| राजा दिल्पी सिंह | –२२ |
| राजा पृथ्वी सिंह | –२३ |
| राजा जितासिंह | –२४ |
| राजा इन्द्र सिंह | –२५ |
| राजा भैरव सिंह | –२६ |
| राजा पृथिवी सिंह | –२७ |
| राजा रतन सिंह | –२८ |

---

७७ ... राजा पृथ्वीसिंह ४६–१७१४ कान्छा मधन् सिंहलाई षतेडामा अंस दियेको हो इनिका पाला रैका आइ भागी गएको हो राजा रतनसिंह ४७–१७३५ इनि राजा रतनसिंहलाई १७३८ सालमा डोटी राजा मान्धाता शाहोले कट्क लि आइ कोटबाट पक्री चौड् षायेमा मारी चौधान पाटामा माथो लगी माथाको भकुण्डो गरी केही राज्यका रैति मान्धाता साइ तर्फ मिलि का ११ वर्ष मनिका राजा कल्यान सिंह र लछुसिंह २ भाइलाई लगि धरालाको स्वास्नी धाइ डुग्री हर्कदेव जोसीका बाज्ये र गजु जोसी जगत नाथ जोसी २ भाइले पल्त लेकमा लुगाइ वचायेका हुँ घरको मालताल कागजपत्र स्मेत मान्धाता साइले लगेको हुंदा नैजा स्थिति भयेको हो राज रतनसिंहको माथो गज जोसीले गया कासी लगेको हो। श्री राजा कल्यानसिंह ४८–१७४४ इनिका भाइ राजा लछु सिंह चष्मल्यामा वसेका फेरी चष्मलेमा मान्धाता साइको भाइ रघुनाथ साइ आइ भाडो गरी लछु सिंहलाई मार्न सकेन जगन्नाथ जोसीले वचाइ चिति गरेका हुन् इनि राजा कल्यान सिंह वडा प्रतापी हुँ देवगेका कुरा जान्न सक्ने भयेका इनिका ७ पुत्र हुन्। इनिका पालादेषि बझाङको राज्ये राम्रो संग चलेको हो इतिहास प्रकाश सन्धि पत्र संग्रह, भाग १, पृष्ठ ५८५–८६

७८ ...श्री राजा शक्ति सिंह ३६–१३६५ इनिका भाइ जक्तिसिंह सेतीगङ्गा पारी थलारामा गै मोटो षड्का मारी थलाराका राजा भएका हुँ —ऐजन पृष्ठ ५८५

७९ वेसी चौधन पाटा पञ्चायतको बझाङ्गी राजा खानदानका श्री जगत बहादुर सिंहज्यूको सौजन्यबाट प्राप्त

| | |
|---|---|
| राजा कल्याण सिंह | –२९ |
| राजा अमरसिंह | –३० |
| राजा समुद्रसिंह | –३१ |
| राजा रघुनाथ सिंह | –३२ |
| राजा इन्द्र सिंह | –३३ |
| राजा गजराज सिंह | –३४ |
| राजा भूपेन्द्र सिंह | –३५ |
| राजा विक्रम वहादुर सिंह | –३६ |
| राजा जय पृथ्वी वहादुर सिंह | –३७ |
| राजा देवी जङ्ग बहादुर सिंह | –३८ |
| राजा रामजङ्ग वहादुर सिंह | –३९ |

हाल राष्ट्रिय अभिलेखालयमा प्राप्त ताम्रपत्रहरू शाके १६२१, १६४४ र १६५१ अनुसार वझाङमा नारायण सिंह १६२१–१६५१ सम्म राजा भएको देखिन्छ । तर वंशावलीमा भने नारायण सिंहको उल्लेख पाइंदैन । त्यसैले वझाङ्गी राजाहरू वारेको इतिहास अझै स्पष्ट भएको देखिदैन ।

१ वझाङ राज्यका रजवारहरू

| | |
|---|---|
| तलकोटी रजवार | –१ |
| सुन्याल रजवार | –१ |
| कुड्याल रजवार | –१ |
| पोतुवाल रजवार | –१ |
| कज्याल रजवार | –१ |
| पाटागाइँ रजवार | –१ |
| दुगली रजवार | –१ |
| सिवाल रजवार | –१ |

वझाङ राज्यका रजवारहरू जस्तै डोटी र अछाम राज्यमा पनि रजवारहरू भएको पाइन्छ । वस्तुतः ती रजवारहरू को को हुन् भन्ने यकिन अझै गर्न सकिएको छैन तापनि यस पंक्तिका लेखकले प्राप्त गरेको वझाङ्गी वंशावलीमा उल्लिखित डोटी र अछामका रजवारहरूलाई यहाँ प्रस्तुत गरिएको छ । कति सत्यता छ त्यो चाहिं अनुसन्धेय छ ।

२ अछाम राज्यका रजवारहरू

| | |
|---|---|
| ताली रजवार | –१ |
| तडिगैरा रजवार | –२ |
| कालीमाटी रजवार | –३ |
| धुधुकोटि रजवार | –४ |
| वीमकोटे रजवार | –५ |

डोटी राज्यका रजवारहरू

| | |
|---|---|
| सोराडी राजा | –१ |
| पुर्जुडा रजवार | –१ |
| बैतडी रजवार | –१ |
| उकु पाल रजवार | –१ |
| कफे सोराडी रजवार | –१ |
| मर्माका रजवार | –१ |
| डुङ्का रजवार | –१ |
| लेगंका रजवार | –१ |
| चीरका रजवार | –१ |

वझाङ्गी राजा इन्द्रसिंहका छोरा राजा गजराजसिंहको पालामा श्री ५ राजेन्द्र विक्रम शाह देव र राजा गजराज सिंहका विचमा आदान प्रदान गरिएका कतिपय ऐतिहासिक पत्रहरूबाट वझाङ सरकार (८०) र नेपाल सरकार बिच निकै राम्रो सम्वन्ध भएको कुरा प्रष्ट हुन्छ । यसै भन्दा पहिले समुद्रसिंहको पाला वि. सं. १८५० तिर नैं बाइसे राज्य बझाङ र नेपालको पारपरिक सम्वन्ध सामान्य गर्नेतिर भएका प्रयासहरूलाई पनि केहीं ऐतिहासिक पत्रहरूले संकेत गरेका छन् ।

योगी नरहरिनाथले (८१) प्रकाशित गरेको 'सोवंसि अछामि राजाको पुस्थवालि, स्वमवंसिको वंशवाली, अछामि राजाको बंशावली" अनुसार गढ कनोजबाट आएका अत्रि ऋषिका सन्तान भट्टहरू ४ भाइ मध्ये माहिला प्रभास्कर भट्ट लेक दार्चुलामा गई बसेको र मिश्रवजा भएको उल्लेख पाइन्छ । यसैगरी एकातिर लेकम दार्चुलामा भएको हरिहरको मन्दिर नागपाल राजाले ईशाको तेह्रौं शतीतिर

८० इतिहास प्रकाश सन्धि पत्र संगह– भाग १ पृष्ठ ५७५–८२

८१ इतिहास प्रकाश, भाग ६ अङ्क २ पृष्ठ ३८७–३९०–३९३

बनाएको उल्लेख (८२) कुनै इतिहासले गरेको छ भने अर्कोतिर अपाड राज पुण्यमल्ल देवको कनक पत्रमा दार्चुला उकुको ५–५.०० मुरी खेत (८३) सूर्यग्रहण लागेको देलामा पुण्यमल्लले विद्याकर विद्वानलाई दिएको उल्लेख गरिएको छ। यसवाट दार्चुलाको क्षेत्रमा वाइसे राज्यताका जुम्लाको अधीनस्थ क्षेत्र भएको सत्य सामु आउँछ। ह्यामिल्टनले पनि यस कुराको समर्थन गरेका छन्। तर उकुमहल स्थित नागपाल राजाको शिलाभिलेखले र उक्त हरिहर मन्दिरको निर्माणले पालहरूकै अस्तित्व दार्चुलामा रहेको प्रमाणित हुन्छ (८४) त्यतिमात्र होइन, वैतडीको केही क्षेत्रमा पनि जुम्लाको अधीनस्थ भएको सत्यपनि उक्त कनक पत्रबाट प्रकट हुन्छ। यस प्रकार पुण्य मल्ल देवको उक्त कनकपत्र र र उकु महलको नागपालको शिलाभिलेखले दार्चुलाको द्वन्दात्मक स्थितिलाई उभ्याएका छन्। संभवतः सार्वभौमिकता संपन्न प्राचीन साम्राज्य डोटीको अन्तर्गत पहिले दार्चुलाको क्षेत्र रहेको थियो। यस प्रकारको तर्क तिर जांदा पुरातात्विक सामग्रीहरूको खोज अवश्यनै सर्वोपरि हुन आउँछ। यस्तै वैतडीको बाइसे राज्यताकाको राजनैतिक स्थिति पनि डाँवाडोल नै रहेको पाइन्छ। एकातिर बैतडीको कुल्लेककोट वा कोटदेवल सगौंडकोटमा चन्दवंशी ठकुरीहरूको अस्तित्वको संकेत पाइन्छ भने अर्कातिर बैतडीकै अन्तर्गत पर्ने धौलीकोट र पनेरुकोटमा पनेरु खान्दानी राजाहरूले राज्य गरेको कुराको प्राचीन कथा अद्यापि सुरक्षित छ। उक्त कुरालाई प्रचलित स्थानीय लोक गीतहरूले पनि व्यक्ताउँछन्। यसबाट त्यसबेलाको वाइसे राज्य बैतडीको राजनैतिक स्थितिको बोध गर्न ऐतिहासिक पानाहरू पल्टाउन बांकी नै छ भने वैतडी कै मकरी वा मकारीकोट मार्मा नजिकको जंगलका भग्नावशेषहरूले अर्को सिसाधयिषा थपिदिन्छन्। त्यतिमात्रै होइन, स्थानीय लोकनृत्यमा गाइने प्राचीन गीतहरू र लोककथाहरूबाट पनि बैतडीको त्यसबेलाको वस्तुस्थितिको सामान्य वोध हुन्छ नै। यस्तै प्राचीन राज्य कैलाली कञ्चनपुरतिर दृष्टिपात गर्दा कन्चनपुरमा पालहरूको अस्तित्वको संकेत गर्ने प्राचीन भग्न खण्डहरहरू र कैलालीका स्थानीय प्राचीन उल्लिखित स्मारकहरूका अनुसन्धानात्मक खोजले पनि कैलाली र कञ्चनपुरको तत्कालिन राजनैतिक इतिहास अगाडि आउँदैन भन्न सकिन्न। तर योगी नरहरिनाथले प्रकाशित गरेको वंशावलीबाट कैलाली कञ्चनपुरको केही क्षेत्र जुम्ला र केही क्षेत्र साम्राज्य डोटी अन्तर्गत रहेको स्पष्ट हुन्छ।

यस प्रकार बाइसे राज्यहरूमध्ये उक्त दुई चार बाइसे राज्यहरूको वारेमा पनि विश्लेषणात्मक एवं विवेचनात्मक अन्तर्दृष्टि दिंदा कयौं प्रामाणिक ऐतिहासिक मूल्यहरूको कमी भएको महसूस हुन्छ। यस्तै अन्य कतिपय बाइसे र चौविसे राज्यहरूको विषयमा पनि विस्तृत एवं विश्लेषणात्मक दृष्टि नदिएसम्म निश्चय नै वाइसे र चौविसे राज्यहरूको राजनैतिक एवं सांस्कृतिक इतिहासबारे ठोस रूप दिन इतिहासकारहरूलाई केही समय रोकिनु पर्ने हुन्छ। तर पनि पछिबाट गोरखाली सेनाले गरेको विशाल नेपाल एकिकरणको सिलसिलामा प्राचीन साम्राज्य डोटी बाइसे राज्यको रूपमा रहंदा रहंदै नेपाल अधिराज्य भित्र गाभिन्छ र आधुनिक नेपालको सिर्जना हुन्छ। यसको विशेष चर्चा माथिनै भएको छ। पछिबाट गोरखालीहरूले अंग्रेजहरूसंग गरेको सुगौली सन्धि देखि नेपालले विजय गरेको नेपाली भूमिलाई अनायासै भारतलाई सुम्पिदिन्छ। थोरै भूमिमा मात्र नेपाल खुम्चिएर बस्छ, जसलाई आधुनिक नेपाल भनिन्छ। यस्तै खुम्चिएर बस्ने क्रममा प्राचीन डोटी राज्यका केही भूभागहरू कैलाली र कञ्चनपुरले पनि नयां मुलुकको संज्ञा पाउँछन्। सुगौली सन्धि पछिको नेपाल प्रशासनिक दृष्टिबाट

---

८२ मेची-महाकाली, भाग ४, पृष्ठ ९८९

८३ ठिक्याँ जुमला सान्नीदराका र उकुँ वइतडी धार चूलाका ।। आला २ दुईसय मुरी खेत साँखा राँछुको दार्चुलाको २ एक सय मुरी खेत। लुसाँ सान्निका लुसाँ गाउँका वीरको एकसय मुरी खेत। कोट–कनक कोट? काली काट? का मनदेवको एकसय मुरी खेत। सवै एकत्र खेत ५–५०० मुरी खेत, राहुले सूर्यलाई ग्रास गरेको वेलामा सूर्यग्रहणमा राजा पुण्यमल्ल देवले श्री विद्या॰ कर विद्वानलाई सवै वाधाहरूबाट मुक्त सर्वाङ्कमाफ सर्वकर अकर गरि अलर आलिकाञ्चक पाँच खेत प्रतिपादित्म प्रदान गर्नु भयो– इतिहास प्रकाश सन्धिपत्रसंग्रह, भाग १ पृष्ठ ७६३

८४ दार्चुला उकुमहल स्थित नागपालको शिलाभिलेख

जम्मा ३५ विशाल इलाकामा बाँडिन्छ । यी ३५ इलाका मध्ये प्राचीन डोटी राज्य भित्र तीन इलाका पर्न आउँछन् । यी हुन्–

१ डोटी डंडेलधुरा इलाका
२ बैतडी दार्चुला इलाका
३ कैलाली कञ्चनपुर इलाका

विक्रम संवत २०१८ को आञ्चलिक विभाजनको क्रममा उक्त ३५ इलाका भित्र खुम्चिएको नेपाल १४ अञ्चल र ७५ जिल्लामा विभाजित हुन्छ । यी १४ अञ्चलहरू मध्ये प्राचीन विशाल डोटी राज्य दुई महत्व-पूर्ण सेती र महाकाली अञ्चलको समष्टि रुप बन्छ । त्यस-पछि प्रशासनिक सुविधाको लागि सेती ५ जिल्लामा र महाकाली ४ चार जिल्लाहरूमा विभाजित हुन पुग्छ । फलस्वरुप आज आएर ९ जिल्लाको समष्टि नै प्राचीन डोटी राज्यको एक आंकडा जस्तो बन्न पुगेको देखिन्छ । तर वास्तविकता के हो भन्ने चर्चा माथिनै उल्लेख भएको छ । सेती र महाकाली अञ्चलका ९ जिल्लाहरू यस प्रकार छन्–

सेती अञ्चल:–

१ कैलाली जिल्ला
२ डोटी जिल्ला
३ अछाम जिल्ला
४ वाजुरा जिल्ला
५ बझाङ जिल्ला

महाकाली अञ्चल:–

१ दार्चुला जिल्ला
२ बैतडी जिल्ला
३ डंडेलधुरा जिल्ला
४ कञ्चनपुर जिल्ला

पुनः २०२९ सालको विकास क्षेत्रको विभाजन क्रममा नेपाल अधिराज्य चार विकास क्षेत्रमा वर्गीकृत हुन्छ ।

१ पूर्वाञ्चल विकास क्षेत्र
२. मध्यमाञ्चल विकास क्षेत्र
३. पश्चिमाञ्चल विकास क्षेत्र
४. सुदूर पश्चिमाञ्चल विकास क्षत्र

उक्त चार विकास क्षेत्र मध्ये सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत सेती र महाकाली अञ्चलका उक्त नौ जिल्लाहरू पनि पर्दछन् । यस प्रकार प्राचीन शक्ति संपन्न डोटी राज्यको इतिहासका पानाहरूले डोटी राज्यको पूर्ख्यौली गाउन सजिलो पारेका छन् । यसको साथै प्राचीन डोटी राज्यमा प्राप्त पुरातात्विक एवं सांस्कृतिक सामग्री-हरूले डोटी राज्यको प्राचीनतालाई बढी उजिल्याउँछन् भने स्थानीय समाजमा परम्परागत रूपमा प्रचलित रुढीग्रस्त धार्मिकता, भाषागत तथा बोलीगत विविधता, वेषभूषा चाल चलन, रीतिरिवाज आदिले पनि भानुभक्त कालिन समाजको संस्मरणतिर डोऱ्याउँछन् । जेहोस्, विशाल एवं शक्ति सम्पन्न प्राचीन डोटी राज्यको पुरातात्विक उपलब्धिलाई आधुनिक–जिल्ला विभाजन अनुसार परिशिष्ट भागमा राख्ने प्रयास गरिएको छ । यसको साथै आधुनिक जिल्लाहरूको सामान्य परिचय पनि यसमा समावेश गरि-एको छ । जिल्ला परिचय र जिल्ला परिचयको अन्त्यमा क्रमश: परिशिष्ट भाग दिनाले सर्वसाधारणलाई पनि अध्ययनमा सजिलो हुन सक्तछ भन्ने मेरो ठनाइ छ । त्यसैले मैले मेरो ठनाइलाई नै यहाँ प्राथमिकता दिएको छु ।

## १ कैलाली जिल्ला

सेती अञ्चलको दक्षिण दिशामा रहेको यस जिल्लाको सदर मुकाम धनगढी हो । यस जिल्लाको पूर्वमा कर्णाली नदी, पश्चिममा मोहना नदी, उत्तरमा चुरे पहाडी श्रृङ्-खलाहरू र दक्षिणमा मोहना नदी पर्दछन् । भौगोलिक दृष्टिकोणबाट यो जिल्ला २८° २२′ देखि २९०° सम्म उत्तर अक्षांशमा र ८०° देखि ८१° १५′ सम्म पूर्वी देशान्तरमा पर्दछ" १ । तीनै तिर नदी र अर्कोतिर ससाना पर्वतीय श्रृङखलाहरूले सजेको यस जिल्लाको नाम "कैलाली" बारे प्रामाणिक तथ्य प्राप्त हुन सकेको छैन ता पनि उत्तर जनकपुर हंसुलिया क्षेत्र अन्तर्गत रहेको कैलाली गाउँको नामबाट यस जिल्लाको नाम "कैलाली" रहेको कुरा स्थानीय जनसमाजमा परम्परागत रुपमा प्रचलित छ । यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास

१ मेची महाकाली—भाग ४ पृष्ठ ९२१

गर्दछन् । विशेष गरेर यहाँ थारु जातिका मानिसहरूको प्राधान्यता रहेको छ । यी थारु जातिका मानिसहरू जुद्ध समसेरको पालामा दाङ बाट आएका हुन् । सर्वप्रथम यहाँ आउने थारुहरूमा क्षेमानन्द महतोका जीवा जग्गू महतो थिए । यिनैका सन्ततिहरू आजभोलि पनि यस जिल्लाको चारैतिर छरिएर बसेका छन् ।

यस विकास जिल्लाको सदर मुकाम धनगढीले बाहिर बाट जाने यात्री वा पर्यटकहलाई निकै प्रभाव पार्छ । धनगढी बजारको मुख्य बजार 'त्रिनगर बजार' हो । संभवतः यो नाम वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवनको नामबाट रहेको हुन सक्तछ । यो बजार आधुनिक ढंगमा रंगिएको छ । नयाँ नयाँ भवनहरूले सजेको यो बजार त्यति विशाल छैन ता पनि यसले जन मानसमा विशाल ठाउँ ओगट्छ नै । भारतको सीमाना छेउमा रहेको यो बजार सेतीअञ्चलको एक प्रमुख ब्यापारिक साँठ गाँठ गर्ने एक प्रमुख स्थान पनि यस नगरले लिएको छ ।

परिशिष्ट भाग

१ चांदीको मुद्रा– यसमा "बादशाह आदिल महम्मद जलालुद्दीन अकबर बादशाह ८२" भन्ने अक्षरहरू अङ्कित छन् । यसको लिपि अरबी हो ।

२ तामाको मुद्रा– यसमा सन् ८८० लेखिएको छ । यो इस्लामी सन हो । हाल इस्लामी सन १३९७ भएबाट यो मुद्रा ५०० सौं वर्ष भन्दा प्राचीन ठहरिन आउँछ । यसको लिपि अरबी हो ।

३ प्राचीन ईंटाहरू–उत्तर जनकपुर हंसुलिया क्षेत्र भित्र खेतीको विशाल फांटमा माटामुनि भासिएर रहेका यी इंटाहरू निकै प्राचीन मानिन्छन् ।

यस प्रकारका प्राचीन भग्नावशिस्ट इंटाहरू, मुद्राहरू एवं श्रीपुर तथा बाह्र वन जंगलका प्राचीन अवशेषहरूले प्राचीन बसोबासलाई एकातिर औंल्याउँछन् भने अर्कोतिर उक्त भग्नावशेषहरूको समीचीन परीक्षणबाट 'कैलाली' जिल्लाको तात्विक इतिहास बन्ने कुरामा शंका रहंदैन । यसको साथै ज्वरायलका प्राचीन अवशेषहरूले पनि यस जिल्लाको इतिहासमा अर्को पाना थपिन सक्तछ ।

माथि थारु जातिको चर्चा सामान्यतया भइसकेको छ । थारु जातिको आफ्नै किसिमको संस्कृति सभ्यता र परम्परा छ जुन अन्य जातिसंग मिल्दैन । आधुनिक विकासको द्रुततर गतिले गर्दा थारु जातिका मानिसहरूमा रुढिग्रस्तताले क्रमशः छोड्दै ल्याएको छ ता पनि कतिपय यस्ता विषयहरू छन् जसलाई विकासले पनि अंगालो हालेको हुन्छ । फलस्वरुप कुनै पनि मानव समाज त्यसलाई पटक्कै छोड्न सक्तैन । ती हुन्:– सभ्यता र संस्कृति । त्यसैले थारु जातिमा पनि आफ्नो जातित्वलाई अगाडि ल्याउने आफ्नै संस्कृति र सभ्यताहरू छन् जसलाई थारु जातिका मानिसहरू प्राणभन्दा प्यारो ठान्दछन् । अन्य जातिका मानिसहरू जस्तै थारुहरू पनि आफ्ना सांस्कृतिक तथा धार्मिक चाड पर्वहरू धूमधाम संग मनाउने गर्दछन् । यसरी सांस्कृतिक पर्व मनाउदा नृत्य गर्ने, भोज भत्यार गर्ने जस्ता कार्यहरू पनि हुन्छन् । थारु जातिमा त्यौहार विशेष धूमधाम संग मनाइन्छ। परम्परागतरूपमा थारु समाजमा चलि आएका सांस्कृतिक नृत्यहरूमा विशेष महत्वपूर्ण नृत्यहरूमध्ये केही नृत्यहरूको सामान्य परिचय यहाँ प्रस्तुत छ ।

१ सखिया नृत्यः– यस नृत्यमा स्त्रीहरूमात्र नाच्ने गर्दछन् । मादल चाहिं पुरुषले मात्र बजाउँछ । यो नाच विभिन्न तालमा नाचिन्छ ।

२ कठघोरी नृत्यः– यसमा पुरुषहरू मात्र नृत्य गर्दछन् । मादल पनि पुरुषहरू नै बजाउँछन् । नृत्य गर्दा पुरुषहरू काठको घोडामा चढेर नाच्तछन् ।

३ झुमरा नृत्यः– यसमा पुरुषहरू स्त्रीजातिको भेष लगाएर नाच्तछन् । पुरुषहरू नै मादल बजाउँछन् ।

४ बडामुडा नृत्यः– यो नृत्य पर्व पर्वमा गरिन्छ ।

५ खोन पुरुवा नृत्यः– यो पनि विशेष पर्व पर्वमा मात्र गरिन्छ ।

थारु जातिका नारीहरूले लाउने परम्परागत गहनाहरू:

१ पैरी
२ कारा
चुरुवा (खुट्टामा लाउने)
३ सूतिया
४ कन्सेरी
५ टौक
६ टीक (गलामा लाउने)
७ मगिया (शिरमा लाउने)
८ टर्की झुम्का
९ वीर
१० झिर्मिलियो (कानमा लाउने)
११ नथिया
१२ बुलाका (नाकमा लाउने)
१३ टुटुई (गलामा लाउने)
१४ विजाइत
१५ जोसम
१६ बांका
१७ टांडिया
१८ बाजू (पाखुरामा लाउने)
१९ लगुरही
२० पाला (नारीमा लाउने)

**अन्य स्मारकहरू**

## १ शिव मन्दिर

उत्तर जनकपुर हंसुलिया पञ्चायतबाट वीचैपुर पञ्चायततिर जांदा बीच बाटामा बसौती पञ्चायत पर्दछ । यस पञ्चायतको उत्तर पूर्व पैनी (कुलो) को छेउमा खेतीको विशालफांटलाई चारैतिर राखेर रहेको यो शिवमन्दिर भव्य तथा आकर्षक देखिन्छ । जग्गू महतोले संवत १९७८ तिर स्थापित गरेको यस मन्दिरमा शिलामय शिवलिङ्गको स्थापना गरिएको छ । शिलामय शिवमूर्तिमाथि एक घण्टा फलामे साङ्लोमा झुन्डाएको छ । मन्दिरको शिरोभागमा तामाको गजूर छ । यो मन्दिर पश्चिम दिशाभिमुख छ। मन्दिरको अगाडि शिवको बाहन नन्दी (सांढे) बनेको छ । यो मन्दिर शिखर शैलीको ढांचामा बनाइएको छ ।

## २ शिवालय

बसौती पञ्चायत अगाडि बीचैपुर पञ्चायतको क्षेत्रभित्र कटैनी नदीको किनारामा रहेको यो शिवालय बाहिरबाट हेर्दा निकै सुन्दर देखिन्छ । यो मन्दिर वा शिवालय स्थानीय समाजमा "लक्कड बाबा" को मन्दिरको नामले प्रसिद्ध छ । यस मन्दिर भित्र दुई शिलामय शिवलिङ्ग स्थापित गरिएको छ । यस मन्दिरको ढोका तीनतिर भए पनि यस मन्दिरलाई पूर्वदिशाभिमुख भएको मान्नु पर्दछ । मन्दिरको शिरोभागमा तामाको गजुर छ । मन्दिरको ठीक अगाडि एउटा सिक्रे रूखको फेदमा माटाको व्यासासन बनाई त्यसमाथि चनौटे ढुङ्गो राखी त्यसमा शिवस्वरूप मानी राखिएको शिला चन्दन र फूलपातीले विभूषित छ । केही त्रिशूलहरू पनि त्यहाँ थूपारिएका छन् । मन्दिर छेउमा एउटा सानो पाटी जस्तो घर पनि छ । उक्त मन्दिरको निर्माण केही वर्ष अगाडि भएको हो ।

# २ डोटी जिल्ला

नेपाल अधिराज्यको सुदूर पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत रहेको सेती अञ्चलका दुर्गम पहाडी जिल्लाहरू मध्ये यो एक विकट तथा दुर्गम जिल्लाहो । यस जिल्लाको नाम डोटीबारे कुनै ऐतिहासिक तथ्य अद्यावधि प्राप्त भएको छैन । तर पनि 'डो' अक्षर र 'टी' अक्षरको प्रयोग स्थानीय समाजमा कुन वस्तुलाई बुझाउन गरिन्थ्यो त्यसको ज्ञान नभएमम्म 'डोटी' शब्दको ऐतिहासिक ज्ञान अपूर्ण हुन्छ । यस जिल्लाको पूर्वमा बुढी गंङ्गा र हकडो गाड ( खोलो ) पश्चिममा सेती नदी, उत्तरमा ताम्वेश्वरलेक र खप्तडको लेक दक्षिणमा कर्णाली नदी र चुरे पहाडी श्रृंखलाहरू पर्दछन्। भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २८° ५२' उत्तरदेखि २९° २८' उत्तरी अक्षाँशमा र ८०° ३०' पूर्व देखि ८१° १४' पूर्वी देशान्तरमा पर्दछ । (१)

१ मेची महाकाली— भाग ४ पृष्ठ

लेकाली धरातल, पहाडी भूमि, वेंसी प्रदेश र कति-पय चुरे पर्वत श्रृंखलाहरूले बनेको यस जिल्लाको सदर मुकाम सिलगढी हो। सिलगढी बारे जनश्रुति यस्तो छ:– शिलानै शिलाको गढी भएकोले यसको नाम सिलगढी रहेको हो। शिलादेवी (शिलेश्वरी) को स्थान यहाँ भएको ले यसको नाम सिलगढी भएको हो। वस्तुत: जनश्रुति जस्तो भए पनि सिलगढी बजारको पूर्व उत्तर दिशातिर प्राचीन डोटघाल राजाहरूका गढीका भग्नविशेषहरू पाइएकाले र ती गढीहरूको निर्माण पनि शिला (ढुङ्गा) बाट भएको हुंदा संभवत: उक्त प्राचीन गढीहरूकै नामबाट यस सदरमुकामको नाम सिलगढी रहेको कुरा इतिहासको धेरै नजिक आउँछ। प्राकृतिक संपदाले भरपूर यस जिल्ला मा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन्। बजार क्षेत्रमा विशेष गरेर नेवारजातिको प्राधान्यता रहेको छ।

स्थानीय समाजमा धार्मिक परम्परा प्रति जतिमात्रा-मा विश्वास पाइन्छ त्यस भन्दा बढी अन्धविश्वास रूढि-वादले जरो गाडेको छ। स्थानीय व्यक्तिहरू विशेष गरेर दुर्गा भवानी, भगवती, मालिका, ज्वालपा, कालिका, सुर्या-देवी, मष्टा, शिव, विष्णु, गणेश, हनुमान आदि अनेकौं देवी देवताको पूजा गर्छन् भने भूत, प्रेत पिशाच आदिमा पनि पर्याप्त मात्रामा विश्वास गर्दछन्। पर्व पर्वमा स्थानीय देवी तथा देवताका मन्दिरमा गई पूजा आजा गर्ने, हवन गर्ने साथै पशुबलि दिने परम्परा पनि परम्परागतरूपमा श्रद्धालु भक्तजनहरूको समुदायमा रहि आएको छ।

स्थानीय प्रचलित पर्वहरूमध्ये महत्वपूर्ण पर्व जाँत (जात्रा) पर्वहो। स्थानीय समाजमा जात्रालाई 'जाँत' भनिन्छ। यस प्रकारको पर्व विशेष गरेर विशिष्ट देवी तथा देवताको मन्दिरमा हुने गर्दछ। प्रतिवर्ष गरिने यस महान पर्वमा श्रद्धालु भक्तजनहरू धौडा गीत जस्ता प्रसिद्ध पारम्परिक गीतहरू गाउने, उपवास बस्ने, नृत्य गर्ने, पाठपू-जा गर्ने र त्यसपछि विशेष प्रकारको भोज भतेर गर्ने पनि गर्दछन्। यसको साथै स्थानीय समाजमा फाग, चाँचरी, भैनी, धमारी, एवं चैतगीत जस्ता अनेकौं प्रचलित पारम्प-रिक गीतहरू पनि अद्यावधि प्रचलित छन्। हुड्केली गीतले पनि महत्वपूर्ण स्थान ओगटेको छ।

शैक्षिक एवं आर्थिक दृष्टिबाट पिछडिएको यो क्षेत्र भाषा बोली, वेषभूषा, एवं रहन सहनबाट पनि पछाडि परेको छ। यहाँको भाषालाई मोटामोटी रूपमा भाषाशास्त्री बालकृष्ण पोखरेलले ओर पच्छियामा राखेको छ। ओर पच्छियामा बझांगी, बाजुराली र आछामी भाषाहरू पनि समावेश गरिएका छन्। (२)

**परिशिष्ट भाग**

### १ शैलेश्वरी मन्दिर

सिलगढी बजारको बिच भागमा रहेको यो मन्दिर भव्य, विशाल एवं आकर्षक छ। यस मन्दिरभित्र चिल्लो कालो गोलाकार शिला राखिएको छ, जसलाई भक्तजनहरू शैलेश्वरी भगबतीको रूपमा पूजा आजा गर्छन्। चाँदीको सर्पको छत्रछायामा रहेको भगवती शैलेश्वरीको शिलामय मूर्तिमाथि सम्वत १८११को चाँदीको फलफलाकार छाता र सम्वत १९८१ मा बहादुर शम्सेर जङ्गबहादुर राणाले चढाएको चंदुवा छ। शैलेश्वरीकै अगलबगलमा चाँदी को गणेश र चण्डेश्वर भैरवका मूर्तिहरू राखिएका छन्। संगसंगै पितलको प्राचीन दियो पनि छ। शैलेश्वरीको ठीक अगाडि भित्ताको खोपामा शिवपार्वतीको प्राचीन कला-त्मक प्रस्तर मूर्ति विराजमान छ। अगलबगलमा ठाउँ भए सम्म घण्टहरू टाँगिएका छन्। यस मन्दिरका दुई भाग छन्। भित्री भागमा शैलेश्वरीको पूजा र दर्शन हुन्छ भने बाहिरी भागमा पर्व पर्वमा होमादि कार्य हुन्छ। यसको लागि एक स्थायी यज्ञकुण्ड पनि निर्माण गरिएको छ। शैलेश्वरीको मूलद्वारको दक्षिणमा नागिनी र चतुर्भुजा महाकालीको कलात्मक काष्ठमूर्तिहरू दर्शकहरूलाई टाढैबाट देख्तछन्। मन्दिरको शिरोभागमा पितलका दुइटा गजुर राखिएको छ। मन्दिर उत्तराभिमुख छ। मन्दिरको परिधि-नै प्राचीन तथा नवीन कतिपय घण्टहरूले बनेको छ। हाल उक्त प्राचीन मन्दिरको जीर्णोद्धार पनि भइसकेको छ।

"शैलेश्वरी जाँत" खण्डकाव्यमा शैलेश्वरीलाई भखैरै स्थापित गरिएको कुराको वर्णन गरिएको छ। हुन सक्तछ यस काव्यका लेखन्तेलाई प्राचीन स्फटिकमयी चमकदार

---

२ राष्ट्र भाषा– पृष्ठ ५४, द्वि. सं. बालकृष्ण पोखरेल

शिलादेवी वा शैलेश्वरीको दर्शनै नमिलेको होस्। यस मन्दिरमा प्राचीनकालदेखिनै नित्य पूजा गर्ने परम्परा छ। पूजाकार्यको लागि स्थानीय भट्ट बाजेहरू दर्तिएका छन्। चैत्रदशैं, बडादशैं र अन्य विशेष पर्व पर्वमा विशेष गरेर यहाँ पूजा र होमादि कार्य गरिन्छ। स्थानीय भक्तजनहरू रामेश्वर महादेव, गणेश, बेताल, हनुमान र चन्डेश्वर भैरवको दर्शन गरेपछि मात्र शैलेश्वरीको दर्शन गर्ने परम्परालाई अगाडि ल्याउँछन्। यस मन्दिरमा पूजा गर्नेको लागि गुठी पनि राखिएको छ।

प्रतिवर्ष कार्तिक पूर्णिमाका दिन यहां जात्रा (जाँत) हुन्छ। यो जात्रा ऐतिहासिक दृष्टिबाट निकै महत्वपूर्ण मानिन्छ। यस दिन टाढा टाढाबाट भक्तजनहरूका ओइरो लाग्छ। यसै दिन शैलेश्वरीको भण्डार घरबाट (यो घर शैलेश्वरी मन्दिरको उत्तर तर्फ केही तल गाउँमा पर्दछ) धामी तथा पूजारीहरूले श्रद्धाका साथ पूजा आजा गरी बाजा बजाई गाज (जसमा चमर र देव प्रतिमाको आधिक्य हुन्छ र चमरको डाँठ पनि चाँदीकै बनाएको हुन्छ) उठाई नचाउँदै शैलेश्वरीको मन्दिरमा ल्याई मन्दिरको अग्रभागमा सो गाजलाई सजाएर राख्तछन्। त्यसपछि त्यो गाजलाई श्रद्धालुहरू फूलमाला र पैसा चढाई दर्शन गर्दछन्। केही समय पछि सो गाजलाई त्यहाँबाट निकाली नचाउँदै बाजागाजा सहित पूजारी र धामीहरूले सिलगढी बजारको सिरान सम्म पुऱ्याएर फेरि मन्दिरमानै ल्याएर राख्तछन्। त्यसको भोलिपल्ट विहानै सो गाजलाई शैलेश्वरीको भण्डारघरमा नै लगेर पूर्वरूपमा नै राखिन्छ। त्यस पछि यस महान जात्रामय पर्वको अन्त्य हुन्छ। यस प्रकारको जात्रा प्रतिबर्ष धूमधाम संग मनाइने गर्दछ। यस्तो जात्रा पश्चिमी नेपालमा प्रायशः धेरै ठाउँमा हुने गर्दछ। यस प्रकारको जात्राका हकदार विशेष गरेर धामी पूजारी र आसे गांसेमात्र हुन्छन्। यस महान पर्वमा स्थानीय जनताहरू रातभर उपवास बस्ने, द्यौडागीत जस्ता प्रसिद्ध गीतहरू गाउने, नाच्ने र भोज भत्यार खाने पनि गर्दछन्। यस प्रसिद्ध शैलेश्वरी मन्दिरको ठीक अगाडि मुक्ति पौवा र दक्षिण तिर रानीपोखरी पनि छ।

## २ गणेश मन्दिर

यो मन्दिर शैलेश्वरी मन्दिरको पूर्व दिशामा केही गज पर रहेको छ। यस भित्र चतुर्भुज गणेशको शिलाको भव्य कलात्मक मूर्ति राखिएको छ। यो मन्दिर उत्तराभिमुख छ। मन्दिरको भित्तामा एक घण्ट टाँगिएको छ। मन्दिरको शिरोभागमा एक गजूर पनि शोभायमान छ।

## ३ हनुमान मन्दिर

यो मन्दिर शैलेश्वरी मन्दिरको पूर्व दिशामा गणेश मन्दिरको उत्तर तिर छेवैमा रहेको छ। यहाँ हनुमानको एक भव्य प्रस्तर मूर्ति छ।

## ४ मष्टाको मन्दिर

हनुमान स्थान र गणेश मन्दिरको पूर्वोत्तर दिशामा रहेको यो मन्दिर विशाल सिमलको रूखमनि पर्दछ। यस भित्र मष्टा देवताको प्रतिक स्वरूप शिला राखिएको छ। मन्दिरको मूलद्वार पश्चिमाभिमुख छ। मन्दिर अगाडि ध्वजा पताका र धण्टहरू टाँगिएका छन्। यो छाने शैलीमा निर्मित छ। प्रतिवर्ष भाद्र कृष्णाष्टमी र नवमीमा मष्टा देवताको जाँत पर्वलाई श्रद्धालुहरू धूमधाम संग मनाउँछन्। अष्टमीका दिन कृष्णको रथयात्रा पनि हुन्छ। श्री ५ को सरकारको तर्फबाट एक रथयात्रा र जनताको तर्फबाट तीन रथयात्रा गर्ने चलन छ। यो विशाल रथयात्रा बुलुका ५ बजे देखि सुरू भई रात्रिको ११ बजे समाप्त हुने गर्दछ।

## ५ भैरव मन्दिर

यो शैलेश्वरी मन्दिरको परिधि भित्रै शैलेश्वरी कै ठीक पछाडि पर्दछ। यस मन्दिरभित्र ध्वजा पताका र त्रिशूलहरू मात्र राखिएका छन्। केही वर्ष अगाडि निर्मित यस मन्दिरको शिरोभागमा पितलको गजूर राखिएको छ। यो मन्दिर पश्चिम दिशाभिमुख छ।

## ६ शिव मन्दिर

शैलेश्वरी मन्दिरको ठीक उत्तर दिशामा रहेको यस मन्दिर भित्र शिलामय शिवलिङ्गको स्थापना गरिएको छ। केही घण्टहरू पनि मूर्तिको छेवैमा थुपारिएका छन्। मन्दिरको शिरोभागमा तामाको गजुर र त्रिशूल छ। मन्दिरको द्वार पूर्वदिशाभिमुख छ। यस मन्दिरको चारै

तिर पर्खाल लगाएको छ । यो मन्दिर भव्य तथा आकर्षक देखिन्छ ।

## ७ राधाकृष्ण मन्दिर

सिलगढी बजारको पुछारमा बजार भित्र रहेको यस मन्दिरको जिर्णोद्धार २०१७ साल तिर भएको हो भन्ने स्थानीय जनताको भनाई छ । जीर्णोद्धार पछि यस मन्दिरमा राधा र कृष्णको कलात्मक संगमर्मरको दिव्य मूर्ति राखिएको छ । पितल ढलोटको प्राचीन कलात्मक मूर्ति पनि उक्त मूर्तिको साथमा राखिएको छ । मन्दिरको द्वार पूर्वदिशाभिमुख छ । शिरोभाग गजुरले शोभित छ । यस मन्दिरमा राधा र कृष्णको मूर्ति २०१७ साल वैशाख मसान्तको दिन स्थापना गरेकोले ०१७ साल देखि नै प्रतिवर्ष वैशाख मसान्तका दिन वैदिक रीतिले पूजा गरी धूमधाम संग उत्सव मनाइन्छ । यो मन्दिर प्राचीन मानिन्छ । यसको पूजाको व्यवस्थाको लागि स्थानीय जनताबाट गुठीको व्यवस्था गरिएको छ ।

## ८ इन्द्रचोक शिव मन्दिर

यस भव्य मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्गको अगल बगलमा शङ्ख, घण्ट, त्रिकुटी जलहरी तथा दियो आदि पूजाको सामग्री राखिएको छ । यस मन्दिरको मूलद्वार पश्चिम दिशाभिमुख छ । मन्दिरको दायाँ बायाँ दुवैतिर घन्टहरू टाँगिएका छन् । यसको परिधि पर्खालको छ । यहाँ विशेष गरेर शिवरात्रिमा पूजा गरिन्छ ।

## ९ इन्द्रचोक बटुक भैरव मन्दिर

भैरव देवताको त्रिशुलमात्र प्रसिद्ध भएकोले यहाँ पनि त्रिशूलहरूको थुप्रो लगाएको छ । साथमा ध्वजा पताकाहरू पनि टांगिएका छन् । चारैतिरबाट पर्खालले घेरिएको यस मन्दिरमा सम्वत १९७९ को एउटा घण्ट पनि टांगिएको छ । भैरवको पूजाको लागि श्री ५ को सरकार माल अड्डाबाट पर्व पर्वमा खर्च प्राप्त भएको थाहा भएको छ । बटुक भैरवको लालमोहर प्राप्त हुन सकेन । यो मन्दिर प्राचीन मानिन्छ । यो पूर्वदिशाभिमुख छ ।

## १० सरस्वती मन्दिर

सिलगढी बजारको सिरानमा बजारको उत्तर दिशातिर रहेको पाखाबारी डांडामा सुशोभित यो मन्दिर आकर्षक छ । यस मन्दिरमा सरस्वतीको नित्य पूजाको लागि राखिएको तामाको सरस्वतीयन्त्र छ । भित्तामा एउटा दियो टाँसिएको छ । मन्दिरको शिरोभागमा गजूर छ र यो मन्दिर पूर्वदिशाभिमुख छ । मन्दिरको पश्चिम दिशामा गणेशको मूर्ति राखिएको छ । यसको साथमा एउटा घण्ट पनि छ । मन्दिरको दक्षिण दिशामा पनि एक घण्ट टांगिएको छ । यस मन्दिरको व्यवस्थाको लागि गुठीबाट वार्षिक खर्च प्राप्त भएको छ । यस मन्दिरको चारैतिर पर्खाल लगाएको छ । वरपर केही रूखहरू पनि छन् ।

## ११ दिपायल भैरवकोट (गनै गौंडाकोट)

दिपायलकोट सिलगढी बजार १½ कोष जति उत्तरतिर रहेको छ । यो डोटी जिल्लाको एक प्रसिद्ध ऐतिहासिक स्थल हो । यहाँ डोटचाल राजाहरूका भग्ना वशिष्ट गढी छ । यसलाई स्थानीय जनताहरू दिपायल गढी, भैरवकोट वा गनैगौंडाकोट पनि भन्दछन् । डोटचाल राज खान्दानका एक वयोबृद्ध हरिविक्रम शाहको भनाई अनुसार यो भैरवकोट राजा विष्णुशाहीले बनाएका थिए । यसबारे प्रामाणिक तथ्य भने प्राप्त हुन सकेको छैन । यस कोटमा जम्मा १२ खण्ड भएको अनुमान हुन्छ । यो कोट दिपायल गाउँको पूर्व दिशातिर पर्दछ । यस कोटमा भैरव तथा भगवतीको प्रस्तर मूर्ति भएबाट डोटचाल राजाहरू भैरव तथा भगवतीका महान उपासक भएको प्रमाणित हुन्छ । स्मरणीय के छ भने उक्त कोटबाट छारि गाड (खोलो) सम्म भित्रभित्रै राजारानी वा राजपरिबारहरूको स्नान गर्न जाने बाटो थियो भन्ने जनश्रुति पनि अद्यावधि स्थानीय जनजिब्रोमा बसिरहेको छ ।

### भैरवकोटका प्राचीन स्मारकहरू

(क) भैरव मूर्ति–

यो मूर्ति चतुर्भुज छ । देब्रे तिरको एक हातले डमरू अर्कोले मान्छेको टाउको, दाहिनेतिरको एक हातले गदा र अर्कोले मान्छेकै टाउको समाती ठिङ्ग उभिएको डरलाग्दो कलात्मक प्राचीन यो प्रस्तर मूर्ति भव्य विशाल तथा आकर्षक छ । भैरव देवताको बाहन कुकुर छ । कानमा कुण्डल, शिरमा मुकुट, घाँटीमा रूद्राक्ष, काँधमा पछ्यौरा

भएको यो मूर्ति पुरातात्विक दृष्टिबाट महत्वपूर्ण मानिन्छ। यस मूर्तिको लम्वाइ ११४ सेन्टीमिटर र चौडाइ ६९ सेन्टीमिटर छ।

(ख) भगवतीको मूर्ति

यो मूर्ति पनि चतुर्भज छ। दाहिनेतिरको एक हातले त्रिशूल, अर्कोले चक्र, देब्रे तिरको एक हातले शङ्ख र अर्कोले पास समातेको, कानमा ढुङ्ग्री र मुन्द्री, हातमा चुरी र बाला, शिरमा मुकुट, पाउमा पाउजेव लगाएको, बाघमाथि उभिएको यो कलात्मक प्राचीन प्रस्तर मूर्ति अत्यन्तै रमणीय देखिन्छ। यस मूर्तिको साथमा शानवान, तीन चक्र एवं कयौं त्रिशूलहरू पनि छन्। ध्वजा तथा पताका आदिले सुशोभित उक्त दुबै मूर्तिको वरिपरि पर्खाल लगाएको छ।

## १२ दिलीपेश्वर

यो शिवजीको प्राचीन मन्दिर हो जसलाई ढिलीपेश्वरको नामले संवोधित गरिन्छ। यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। साथमा शिव र पार्वतीको प्रस्तरको ४२×२७ सेन्टिमिटरको मूर्ति, चतुर्भुज नारायणको १८×२६ सेन्टिमिटरको कलात्मक मूर्ति एवं पितलको ढलौटको प्राचीन कलात्मक मूर्ति पनि (१३×२०) राखिएको छ। यस मूर्तिको पृष्ठ भागमा अभिलेख पनि अङ्कित छ। उक्त शिवलिङ्गको माथि फलामको साङलोमा एक घण्ट झुन्डाएको छ। साथै शिवलाई जल चढाउनको लागि अन्दाजी २ पाथी पानि जाने जलहरी र त्रिकुटी पनि यहीं राखिएका छन्। यस मन्दिरको शिरोभागमा गजूर र छानो ढुङ्गाको छ। मन्दिरको द्वार पूर्वदिशाभिमुख छ।

यस मन्दिरमा शिवलाई चढाएको चाँदीको डब्बा, चांदीको छत र चांदीको नागको मूर्ति चाहिं मन्दिरका पूजारी योगी चन्द्रनाथ संग छ। साथै प्राचीनकालमा मन्दिरको ब्यवस्था पूजा आजाका लागि अन्न उठाउने गरेको तांवे पाथी पनि चन्द्रनाथजी संगै रहेको छ। उहाँको भनाइ अनुसार "यो तांवाको पाथी राजाले बनाएको हो। यसमा रैतिहरूले मन्दिरको व्यवस्थाको लागि त्यसवेला पाथी भर अन्न दिने गरेको थियो। डोटचाल राजाहरूले चलाएको यो प्रचलन केही वर्ष अगाडि देखि टुटेर गयो"। स्थानीय जनताहरू परापूर्वकालमा यो मन्दिर दिलीप राजाले बनाएको भनी कथा पनि सुनाउने गर्दछन् साथै सिलगढीलाई चन्दनाद्रिको संज्ञा दिई राजा दिलीपले गाई चराएको स्थान यही हो भनी दावी गर्दै उक्त दिलीपेश्वर मठलाई राजा दिलीपले नै बनाएको कुरातिर पनि बढी विश्वास राख्ने गर्दछन्। सिलगढीलाई 'चन्दनाद्रि' भनी(३) उल्लेख गरेको चाहिं पाइएको छ। यस मन्दिरमा नित्य पूजा हुन्छ र विशेष गरेर शिवरात्रि एवं वडा दशैंमा धूमधाम संग पूजापाठ आदि गर्ने प्रचलन छ।

## १३ दुर्गा मन्दिर

दिपायल दुर्गामाणु सेती नदीको किनारामा अवस्थित ढुंगाको छानु भएको रातोमाटोले पोतेको यो मन्दिर पूर्वोत्तराभिमुखछ। यस मन्दिर भित्र लक्ष्मी, महिषासुरमर्धिनी भगवती र बिष्णुका मूर्तिहरू राखिएका छन्। यस मन्दिरको शिरोभागमा ३ वटा गजुरहरू छन्। स्थानीय जनता यसलाई प्राचीनताको संज्ञा दिन्छन्। यस मन्दिर अगाडि ३ वटा भग्नावशिष्ट मन्दिरहरू छम्। यस दुर्गा मन्दिरमा प्रतिवर्ष मंसिर शुक्लपक्षको चतुर्दशी तिथिमा दुर्गादेवीको विशेष पूजा गरिन्छ। यसलाई स्थानीय जनता 'जांत पर्व' को संज्ञा दिन्छन्। यस पर्वमा विभिन्न स्थानबाट श्रद्धालु भक्तजनहरू भेला हुन्छन् र धूमधाम संग दुर्गादेवीको पूजा आजा र दर्शन पनि गर्दछन्। यसको साथै भक्तजनहरू यस प्रकारको विशेष पर्वमा तामा तथा चांदी र सुनका निर्मित सामग्रीहरू चढाउने गर्छन्। स्मरणीय के छ भने यस्तो विशेष पर्वमा दुर्गाको पूजाको लागि चाहिने संपूर्ण सामग्रीहरू धामीको वा पूजारीको घरमा वा कुनै अलग्गै घरमा जतन साथ राखिएको हुन्छ। यस प्रकारको जाँत वा जात्रा पर्व सुदूर पश्चिमाञ्चलका प्रत्येक जिल्लाका प्रत्येक गाउँ पञ्चायतका विभिन्न विशिष्ट देवी तथा देवताका मन्दिरहरूमा विशेष धूमधामका साथ प्रतिवर्ष मनाइने गर्दछ। यो प्राचीन परम्परा हो।

---

**३ १९७५ वि. सं. को शैलेश्वरी घन्टाभिलेख।**

## १४ शिव मन्दिर

दिपायल रानी पौवा सेतीको तहमा रहेको बुट्टे तथा सादा इंटाहरूले बनाएको वाहिरबाट प्लस्तर गरिएको यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । साथमा भगवतीको नयाँ मूर्ति पनि छ । मन्दिरको शिरोभागमा गजुर र त्रिशूल राखिएको छ । मन्दिरको अगाडि शिलाको खम्वामा घन्ट टांगिएको छ । घन्टकै छेउमा शिवको सांढे नन्दी बसेको छ । यस मन्दिरको निर्माण बहादुर जङ्ग शाहले आफ्नी रानीको मृत्युको संस्मरणमा गरेका थिए भन्ने स्थानीय जनश्रुति छ । यसबारे प्रामाणिक तथ्य प्राप्त भएको छैन । मन्दिर पूर्वदिशाभिमुख छ ।

## १५ केदारनाथ मन्दिर

दिपायल सेती नदीको पारि पाखामा राजपुर गाउँ भनि 'कवल्या' मा रहेको यो मन्दिर ध्वजा पताका र अनेकौं घन्टहरूले सिंगारिएको छ । यो त्यति उल्लेखनीय नभएतापनि स्थानीय जनताहरू प्राचीनकाल देखिनै यसको उपासक भइ आएका छन् । यसको प्राचीनता बारे कुनै प्रमाण फेला परेको छैन ।

## १६ शिवपार्वतिको मूर्ति

सेती नदी पारि राना गाउँ पञ्चायत अन्तर्गत राजपुर गाउँको वरको गाछी मनि रहेको शिव पार्वतीको सङ्गमर्मरको मूर्ति भव्य तथा आकर्षक देखिन्छ । शिवको देब्रे काखमा कर्णकुण्डला ब्याघ्रवाहना पार्वती छन् भने दाहिने काखमा मूसो बाहन गणेश छन् । जटाजुटी कर्णकुण्डली वृष वाहन शिवको दाहिनेतिरको एक हातले त्रिशूल र अर्कोले जपमाला, देब्रेतिरको एक हातले सर्प र अर्कोले डमरु समाएको यस मूर्तिको लम्वाइ ५२½ से.मि. र चौडाइ ३१ से. मि. छ ।

## १७ भगवतीको मूर्ति

यो चतुर्भुजा भगवतीको कलात्मक प्रस्तर मूर्ति हो । दाहिने तिरको एक हातले खड्ग र अर्कोले गदा, देब्रेतिरको एक हातले चक्र र अर्कोले मणि समाएको शिरमा मुकुट, कानमा कुन्डल, हातमा चुरी, गलामा माला, पाउमा कल्ली लगाएको पछ्यौरा ओढेको यस मूर्तिको लम्वाइ २९ से.मि. र चौडाइ १७½ से.मि. छ । भगवतीको वाहन बाघ छ ।

## १८ दुर्गादेवीको मूर्ति

तीखा गाउँ अजरे भण्डारीको घरमा रहेको द्विमुखी चतुर्भुजा, व्याघ्रवाहना मुकुटधारिणी दुर्गादेवीको पितलको ढलोटको मूर्तिको लम्वाई १३½ से. मि. र चौडाई १० से. मि. छ ।

## १९ मालिका मन्दिर

डोटी मालिका स्थान गाउँ पञ्चायत अन्तर्गत कांडा गाउँमा रहेको यो मन्दिर ऐतिहासिक दृष्टिवाट प्रसिद्ध र महत्वपूर्ण मानिन्छ । यस मन्दिरमा मालिका कालिका र भगवतीका सुन्दर कलात्मक प्राचीन मूर्तिहरू स्थापित गरिएका छन् । बीचमा भगवतीको कलात्मक स्फटिकमय मूर्ति विराजमान छ भने दाहिने तिर मालिका र देब्रे तिर कालिकाको प्रस्तर मूर्ति सुशोभित छ । यी मूर्तिहरू मध्ये भगवतीको लम्वाइ ९२ से.मि. छ भने चौडाई ८० से.मि. छ । यस्तै मालिकाको ८८ × ५६ छ भने कालिकाको ७३ × ५९ से. मि छ ।

यस मन्दिरको द्वार पूर्वोत्तर दिशाभिमुख छ । मन्दिरको शिरोभागमा गजूर र मन्दिर अगाडि गणेशको प्रस्तर मूर्ति छ । यसको छेउमा भैरवको स्थान पनि छ । मन्दिर अगाडि केही घन्टहरू टांगिएका छन् । यस मन्दिरको चारैतिर पर्खाल र सल्लो धूपि र राय सल्लाका वृक्षहरू छन् । यस मन्दिरको उत्तरतिर भण्डार घर र पञ्चायत घर छन् भने केही पर खेतीको विशाल फांट पनि कम मनमोहक छैन । यस मन्दिरको वार्षिक पूजाका निमित्त खर्च ६ मुरी १० पाथी चामल, घिउ १ मुरी ४ पाथी, ४ माना, तोरीको तेल २ मुरी ९ पाथी ५ माना र नगदी रु १४३।७९ पैसा ३ दाम राखिएको छ । यस प्रकारको संपूर्ण खर्चको लागि श्री ५ को सरकारबाट जग्गाको व्यवस्था गरिएको छ । यहाँ नित्य पूजा हुन्छ र चैत्र दशैं बडा दशैं र अन्य विशेष पर्व पर्वमा विशेष रुपले पूजा गर्ने चलन छ । यहाँ अखण्ड वत्ती बलिरहन्छ । यो मन्दिर बिशेष गरी मालिका स्थानको नामले प्रख्यात छ । यस मन्दिरको निर्माण र मूर्त्तिहरूको स्थापना अमर सिंह थापाले गरेका हुन् । नेपाल अधिराज्यको एकीकरणको सिलसिलामा सेनापति अमरसिंह

थापाले आपनो विजयको सफलताको लागि शक्ति प्राप्त गर्न यस प्रकारको व्यवस्था गरेको भन्ने स्थानीय भनाइ छ। अमर सिंह थापाका सुपुत्र नरसिंह थापाले मालिका देवीको प्रसन्नताको लागि समर्पण गरेको एक विशाल घन्ट पनि अद्यावधि त्यहाँ मौजुद छ।

## २० ज्वालपादेवीको मन्दिर

कीर्तिखाम गाउँ पञ्चायत अन्तर्गत सिरकोट (श्रीकोट) गाउँमा रहेको यो प्राचीन मन्दिर अद्यावधि भग्नावशेषको रुपमा विद्यमान छ र यसका अवशिष्ट भागहरू जतातते छरिएर रहेका छन्। यस मन्दिरको निर्माण कहिले कसले गऱ्यो ? यस विषयमा अद्यावधि प्रामाणिक तथ्य फेला परेको छैन ता पनि यो मन्दिर सेन राजाहरूको समयमा जीर्णोद्धार भएको भन्ने कुरा चाहिं भग्नावशिष्ट महिषासुर मर्दिनी भगवतीको पादपीठाभिलेखबाट (४) स्पष्ट हुन्छ। साथै उक्त पादपीठाभिलेखबाट कीर्तिस्तम्भ भएको तथ्य पनि प्रकाशमा आउँछ। मन्दिर भित्र रहेको महिषासुर मर्दिनी भगवतीको यस प्राचीन कलात्मक भग्नावशिष्ट प्रस्तर मूर्तिलाई स्थानीय जनताहरू ज्वालपादेवीको नामबाट संवोधित गर्छन्। भग्नावशिष्ट ज्वालपादेवीको प्राप्तिबाट सेनकालिन मूर्तिकला अत्यन्त उन्नत अवस्थामा रहेको स्पष्ट हुन्छ। यस प्रस्तर मूर्तिको नाप २७×२६ छ। कालीमाटी गाउँ पञ्चायतका प्रधान पञ्च हस्तबहादुर शाहको घरमा रहेको प्राचीन कलात्मक प्रस्तर मूर्ति पनि उक्त भग्नावशिष्ट मन्दिरकै हुनु धेरै संभव छ। पञ्चज्यूले पनि यो मूर्ति उक्त ज्वालपादेवीको मन्दिर मन्तिर रहेको जंगल-बाट भेट्टाएको कुरा बताएका छन्। योगी नरहरिनाथले भग्नावशिष्ट प्राचीन स्मारकहरूको आधारमा श्रीकोटलाई पालहरूको राजधानी भएको कुराको उल्लेख गरेका छन्। उक्त पादपीठाभिलेखबाट सेन राजाहरूको राजधानी भएको तथ्य पनि प्रकाशमा आउँछ।

## २१ वैजनाथ मन्दिर

लुङग्रेली गाड (सरस्वती गङ्गा) को बगर छेउमा बूढी गङ्गा (वृद्ध गङ्गा) को किनारामा अवस्थित यो मन्दिर नेपाली मात्रको धार्मिक आस्थाको प्रवल उदाहरणको रुपमा रहेको छ। यस मन्दिरको परिधि भित्र शिवमन्दिर, सिद्ध मण्डपनाथ मन्दिर र गोरखनाथ मन्दिर जम्मा ३ मन्दिरहरू छन्। यी सबै मन्दिरहरूको समष्टिलाई वैजनाथ मन्दिर भनिन्छ। हाल रहेको यो मन्दिर नवनिर्मित हो। यस भन्दा पहिलेको प्राचीन मन्दिर सरस्वती गङ्गा र बुढी गङ्गाको प्रवल प्रवाहले केही वर्ष अगाडि नै क्षत विक्षत भएको कुरा स्थानीय पूजारीले बताएका छन्। केही वर्ष अगाडि निर्माण गरिएको यो मन्दिर रिकै रमणीय देखिन्छ। यी तीनै मन्दिरहरू (वैजनाथ मन्दिरको परिधि भित्रका) विभिन्न दिशाभिमुख छन्। मन्दिरको शिरोभागमा गजुर र मन्दिर बाहिर केही घन्टहरू पनि टांगिएका छन्। मन्दिरको चारैतिर पर्खाल लगाएको छ। नजिकै एक मठ पनि छ, जसमा पुजारी बस्ने गर्दछन्। साथै वैजनाथको भन्डार घर पनि छ।

स्मरणीय के छ भने, ऋषि तर्पणी पूर्णिमाका दिन बडी मालिकाको पूजाको लागि वैजनाथ मन्दिरबाट नयाँ धानको अक्षता, दिपायलबाट जमरा र श्री ५ को सरकार डोटीबाट पल्टन (फौज) र पूजा सामग्री समेत जाने गर्दछ।

### (क) शिव मन्दिर

यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। शिवलिङ्गको साथमा कृष्ण, गणेश, नारायण, राम सीता, महाकाली, लक्ष्मी आदि देव र देवीका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरू राखिएका छन्। यी उल्लिखित प्रस्तर मूर्तिहरू र अन्य कतिपय मूर्तिहरू पनि पुरातात्विक दृष्टि-बाट अति नै मूल्यवान छन्।

### (ख) सिद्ध मण्डपनाथ मन्दिर

यस मन्दिरमा सिद्ध मण्डपनाथको कलात्मक प्रस्तर मूर्ति राखिएको छ। यो मूर्ति २६×८ से. मि. को छ। साथमा शिवलिङ्ग पनि स्थापित गरिएको छ।

### (ग) गोरखनाथ मन्दिर

यस मन्दिर भित्र गोरखनाथको कलात्मक प्रस्तरको

---

**४ लग्ना कालवशेनैव मूर्ति खम्भ मनोरमा श्री मन्मदन सेनेन उद्धृता पुण्य कारिणा घ वि......सूत्रधार रामेण–महिषासुर मर्दिनी पादपीठाभिलेख श्रीकोट**

मूर्ति राखिएको छ। यो मूर्ति हाल साले योगिनरहरिनाथज्यूले राखेका हुन्। यसको साथ साथै वैजनाथ मन्दिरको भण्डार घरमा दूर्गा नारायण आदि देवी र देवताका कतिपय प्राचीन कलात्मक प्रस्तर तथा धातुका मूर्तिहरू र आशा गुर्जाहरू पनि सुरक्षित साथ राखिएका छन्।

## २२ त्रिपुरासुन्दरी मन्दिर

प्रभा गाउँ पञ्चायत प्रभा गाउँभित्र रहेको यस मन्दिरमा देवी त्रिपुराको प्रतीक स्वरूप शिलाहरूको स्थापना गरिएको छ। यो मन्दिर स्थानीय समाजमा निकै प्राचीन मानिन्छ। स्थानीय जनताहरू चैत्र दशैं बडा दशैं र अन्य विशेष पर्व पर्वमा त्रिपुरा भगवतीको विशेषरूपमा पूजा गर्ने गर्दछन्। चारैतिर पर्खाल लगाएको शिरोभागमा गजूरले शोभित यो मन्दिर नवनिर्मित हो।

## २३ अमरसिंहथापा गढी

मङ्गलेश्वर पञ्चायत अन्तर्गत तीखा गाउँको पूर्व डाँडामा अवस्थित यो गढी दर्शनीय मात्र नभएर यसको आफ्नै विशेष ऐतिहासिक महत्व पनि छ। यो गढी हाल भग्नावशेषको रूपमा विद्यमान छ। यस ऐतिहासिक गढीको निर्माण सेनापति अमर सिंहथापाले गरेका हुन्। यसै गढीमा बसी अमरसिंह थापाले डोट्याल राजाहरूसग भिडन्त गरेका थिए। डोट्याल राजाहरूको गढी दिपायल र यो गढी निकै टाढा रहेता पनि आमनेसामने पर्दछन्। यस गढीको चारैतिर खावा काटेको छ। यसको परिधि व्यापक छ। यस गढीमा ५ हात जति लामा भग्नावशेषको रूपमा रहेका शिलाहरू छन्। यसको भित्री चोकमा मालिका (देवी) को स्थान छ। यहाँ केही ध्वजा पताकाहरू र केही बत्ति बाल्नका लागि जनताले समर्पित गरेका दियाहरू छन्। मालिका स्थान कै छेउमा प्राचीन इंटाहरूले बनाएको एक इनार पनि छ। गढीको चारैतिर सल्लाका रूखहरू गढीको स्वागत गरिरहेका छन्। स्थानीय जनताहरू पर्व पर्वमा मालिका स्थानमा गई पूजा आजा गर्ने पनि गर्दछन्।

## २४ बीमकोट

खिरसेन पञ्चायत फुलोट गाउँको खोलो तरी डुम्राकोटको उकालो पार गरेर केही तेर्सो बाटो हिँडेपछि चैंकोट गाउँ आउँछ। यस चैंकोट गाउँको माथि डाँडामा बीमकोटे राजाको भग्नावशेष्ट गढीछ। यस प्राचीन गढीको निर्माण कसले गऱ्यो यसबारे कुनै प्रामाणिक तथ्य प्राप्त भएको छैन। तर पनि सोमवंशी अछामे राजाको वंशावली अनुसार २९ सौं पुस्ताका सुजानीब्रह्मका जेठा भाइ जगिन ब्रह्म बीमकोट आई बसेका थिए (५)। यस कोटका भग्नावशेषहरू यत्रतत्र छरिएका छन्।

यस्तै साँफे बगरको बुढी गङ्गा किनारामा रहेको कण्ठेश्वर महादेवको स्थान, भैरव स्थान, खीरसेन पञ्चायत अन्तर्गत काली भैरवी, मष्टा, साजेन्द्रेश्वर, किमडेश्वर आदि देवी देवताका मन्दिरहरू विशेष उल्लेखनीय छन् भने निरोली र ज्वरायलका पुरातात्विक अवशेषहरू एवं सिलगढीबजारको पूर्व उत्तरतिर रहेका शिलाकोट, पैरीकोट, ब्रह्माणीकोट आदि प्राचीन कोटहरूले डोटी जिल्लाको पुरातात्विकतालाई सुरक्षित गरेर राखेका छन्। यी प्राचीन कोटहरूको उत्खनन भएको खण्डमा डोटी (प्राचीन डोटी राज्य) को इतिहासमा सुनौंला पाना थपिने कुरा निश्चित छ।

# ३. अछाम जिल्ला

सुदूर पश्चिमाञ्चल विकाश क्षेत्र अन्तर्गत सेती अञ्चलका पहाडी दुर्गम जिल्ला मध्ये अछाम जिल्ला पनि एक हो। आठशय दरा, छविस दरा आदि विभिन्न दराहरू र हिमप्रदेश बेसी प्रदेश एवं पहाडी प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको पूर्वमा जुम्ला र दैलेख, पश्चिममा डोटी जिल्ला, उत्तरमा बाजुरा जिल्ला र दक्षिणमा सुर्खेत विकास क्षेत्र पर्दछन्। शिक्षा स्वास्थ्य, यातायात एवं आर्थिक, सामाजिक र राजनैतिक गतिविधिबाट निकै पिछडिएको यस जिल्लाको भौगोलिक अवस्थिति ८१° ७' देखि ८१° ३५ पूर्वी देशान्तरमा र २८° ४५' देखि २९° २२' उत्तरी अक्षांशको बिचमा पर्दछ। (१)

---

५ श्री सुजानि ब्रह्म २९ ईनैका ज्येष्ठ भ्राता जगिनब्रह्मको बीमकोटे— हो— इतिहास प्रकाश भाग ३ अङ्क २ २ पत्र ३९१

१ मेची— महाकाली— भाग ४ पृष्ठ— ८३३

यस पहाडी जिल्लाको सदर मुकाम बयलपाटा हो। यस भन्दा पहिले यस जिल्लाको सदरमुकाम मङ्गलसेन थियो। सदर मुकाम बयलपाटाको नामकरणबारे कुनै प्रमाण प्राप्त हुन सकेको छैन।

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन्। डोटीको स्थानीय समाज जस्तै यहाँ पनि अन्ध-विश्वास, जातिय भावना एवं रूढिग्रस्तताले प्रशस्त स्थान ओगटेको छ। साथै यस जिल्लाका जनतामा धर्म प्रति आस्था र विश्वास एकातिर छ भने अर्कोतिर भूत, प्रेत एवं पिशाच प्रतिको अन्धविश्वास पनि प्रशस्त मात्रामा पाइन्छ। यहाँका मानिसहरू भगवती दुर्गा, मङ्गलासेनी बरदा आदि देवीहरू र शिव, विष्णु आदि देवताहरूको पूजा आजा पनि गर्ने गर्दछन्। यहाँको जनभाषा कट्टु बुझ्न र बोल्न कठिन छ। यस भन्दा बढी स्मरणीय के छ भने यहाँका जिल्लाहरूमा प्रचलित लोकभाषालाई एक अर्को छिमेकी जिल्लाका मानिसहरूलाई पनि ठम्याउन कठिनै पर्छ। यसको साथै विशेष पर्वहरूमा विशिष्ट देवी तथा देवताका मन्दिरहरूमा प्रति वर्ष जात्रा मनाउने प्रचलन पनि परम्परागत रूपमा यहाँको जनसमाजमा चलिआएको छ। यस जिल्लाको प्राचीन नाम अच्छाम्भ थियो। पछिबाट अच्छाम्भको अपभ्रंस भएर यसको नाम अछाम आधुनिक शब्द बनेको हो। यस जिल्लाको अन्य विशेषताबारे माथि नै उल्लेख भइसकेकोछ।

**परिशिष्ट भाग**

## १ षोडशा भगवतीको मन्दिर

मङ्गलसेन पञ्चायत अन्तर्गत मङ्गलसेन बजार भित्र रहेको यस मन्दिर भित्र सातमुखे नाग भएको काठको सिंहासनमाथि रहेको चाँदीको आसनमा भगवतीका धातुका दुई मूर्तिहरू स्थापित गरिएका छन्। भगवतीहरू द्विभुजा र चतुर्भुजा भए पनि षोडशा भगवतीको नामले प्रख्यात छन्। त्यसैले यस मन्दिरलाई पनि 'षोडशा भगवती मन्दिर' को नामले पुकारिन्छ। भगवतीकै मूर्तिको आसपासमा केही आशा गुर्जाहरू पनि राखिएका छन्। यो मन्दिर उत्तर दिशाभिमुख छ। यसको शिरोभागमा पितलको गजुर छ। मन्दिरको पूर्व पश्चिम र उत्तर दिशामा केही घण्टहरू पनि टाँगिएका छन्। वरिपरि पर्खाल लगाएको छ। यो मन्दिर प्राचीन तथा पुरातात्विक दृष्टिबाट महत्वपूर्ण रहेको छ। यसको जीर्णोद्धार "नन्दकुमारी शाहबाट भएको" भन्ने तथ्यलाई जनताहरू अगाडि सार्दछन्। यहाँ नित्य पूजा हुन्छ र यसको पूजा तथा व्यवस्थाका लागि श्री ५ को सरकार गुठी संस्थानबाट केही अनुदान प्राप्त भएको थाहा भएको छ।

## २ शिव मन्दिर

मङ्गलसेन बजारको करिब आधामाइल जति पर 'विलेकोट' भन्ने स्थानमा रहेको यो मन्दिर निकै रमणीय छ। यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ। शिवलिङ्गको अगलबगलमा पञ्चपाला, शङ्ख, त्रिशूल, त्रिकुटी आदि पूजा सामग्रीहरू थचारिएको छ। यो मन्दिर पूर्व दिशाभिमुख छ र यसको शिरोभागमा तामाको गजुर सुशोभित छ। स्थानीय जनताको भनाई अनुसार यसको निर्माण "राजा दलबहादुर शाहबाट भएको हो।"

## ३ विनायक पञ्चदेवल

विनायक पञ्चायत अन्तर्गत विनायक डाँडामा रहेको पञ्चदेवलहरूको निर्माण शाके १२०२ (वि.सं. १३३७) मा भएको हो।

यी पञ्चदेवलहरूमा एक देवल धाराशायी भैसकेको छ। र अन्य चार देवलहरू पनि जीर्ण भैसकेका छन्। उक्त देवलहरूमा दुई देवल पूर्वाभिमुख, एक पश्चिमाभिमुख र अर्को पश्चिमोत्तराभिमुख छ। कुनै पनि देवलको शिरोभाग गजुर विहीन छ। यी देवलहरू भित्र कुनै किसिमको एकमात्र मूर्ति पनि छैन तापनि पूर्वाभिमुख भएको देवलबाट एक शिलाभिलेख प्राप्त भएको छ। (२) यसबाट उक्त देवलहरूको निर्माण राजा अक्षयमल्लले गरेको कुरा प्रष्ट हुन्छ।

---

२ **ओं स्वस्ति श्रीमत अछेजमल्ल (अक्षयमल्ल ?) देवस्य सपरिवारा चिरं जयतु आत्मन्निमित्तार्थे एकोतार सा- पुरुष निमित्तान् जैराज प्रसाद करायो साके १२०२ सुत्रधार नागदेव नाम कमायो।**

यस विनायक पञ्चदेवल नजिकै एक सानो बजार छ। यस बजारको पूर्वदिशामा पर्ने एक सानो गाउँमा अरू दुई प्राचीन देवलहरू छन्। यी देवलहरू पनि जीर्णावस्थामा छन्। यहाँ कुनै किसिमको मूर्ति छैन। यी दक्षिण दिशाभिमुख छन्। तुलनात्मक अध्ययनबाट यी दुई देवलको निर्माण पनि राजा अक्षयमल्लबाट भएको भन्ने कुरामा बढी विश्वास लिन सकिन्छ। उक्त सातैवटा देवलहरू पुरातात्विक दृष्टिबाट अति नै मूल्यवान छन्।

### ४ कालासिल्ला मष्टा देवताको मन्दिर

विनायक पञ्चदेवलको पश्चिमतिर आध्रामाइल जति परका गाउँमा रहेको मष्टा देवताको मन्दिरले स्थानीय जनमानसमा निकै राम्रो प्रभाव जमाएको छ। यस मन्दिर भित्र अनेकौं घण्टहरू तामाका भाँडा तथा पूजा सामग्रीहरू थुपारिएका छन्। मन्दिरको बाहिर पट्टि अगल बगलमा पनि केही घण्टहरू टाँगिएका छन्। यस मन्दिरको द्वार दक्षिण दिशाभिमुख छ। मन्दिरको उत्तरतिर मन्दिरकै छेउमा 'जाडखम्वा' गाडिएको छ। यस खम्बामा स्थानीय भक्तजनहरूले बलिको निमित्त ल्याएका पशुहरू बाँधिन्छन्। यहाँ प्रतिवर्ष ऋषिपूर्णिमाका दिन मष्टा देवताको पूजा विशेष श्रद्धा साथ गरिन्छ। मन्दिरका घण्टाभिलेखहरूले यस मन्दिरको प्राचीनतालाई औंल्याउँछन्।

### ५ जयगढ

जयगढको 'गढ' शव्दबाटै यस शव्दको ऐतिहासिकताको परिचय पाइन्छ। यसको पूर्वमा सर्पुकोट र पश्चिममा बान्ने गढी पर्दछ। सर्पु भन्ने मानिसको हत्या गरिएकोले यसको नाम 'सर्पुकोट' रहेको भन्ने जनश्रुति प्रचलित छ। विक्रम सम्बत् १८४७ मा गोरखाली फौजले अछाम माथि विजय गरी सर्वप्रथम यस गढमा विजय पताका फहराएकोले यसको नाम 'जयगढ' रहेको भन्ने जननिरूक्ति परम्परागत रूपमा चलेर आएको छ। हाल यस गढमा रहेको बजारको बिचमा नवनिर्मित गणेश र सरस्वतीको मन्दिर पनि छन्। यसको निर्माणबारे कुनै तथ्य प्राप्त भएको छैन।

### ६ बान्ने गढी

जयगढ बजारको पश्चिम डाँडामाथिरहेको यो गढी पुरातात्विक दृष्टिबाट अति नै महत्वपूर्ण मानिन्छ। यस प्राचीन गढीका भग्नावशेषहरू अद्यावधि मौजुद छन। यस गढीको निर्माण कसले गर्‍यो, यसबारे कुनै तथ्य प्राप्त भएको छैन। तर पनि यस बारे विशेष अनुसन्धान गरेको खण्डमा अवश्यनै अछामको इतिहासमा नयाँ पाना थपिने निश्चित छ। यस गढीमा जम्मा ७ खण्ड भएको अनुमान हुन्छ।

### ७ वरदादेवीको मन्दिर

बान्ने गढीको भित्री चोकमा वरदा भगवतीको मन्दिर छ। यो प्राचीन मन्दिर हो। यसमा त्रिमुखी एवं चतुर्मुखी वरदा भगवतीको मूर्ति स्थापित गरिएको छ। भगवती वरदाका यी प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले तत्कालिन शक्तिसंपन्न डोटी राज्यको प्राचीनतालाई सुरक्षित गरेको छ भने पुरातात्विकताको सुरक्षा पनि गरेको छ। यस मन्दिरको द्वार पूर्वदिशाभिमुख छ। गजूरले शोभित यस मन्दिरको अगाडि तामाको निर्मित बाघ र मन्दिरको दक्षिणतिर गणेशको चतुर्भुज प्राचीन प्रस्तरमूति र साथमा देविको अर्को प्रस्तर मूर्ति पनि राखिएको छ। वि. सं. १७९९ मा टाँगिएको घण्टबाट पनि यसको प्राचीनताको परिचय पाइन्छ।

### ८ शिव मन्दिर

जयगढ मनि गाजरा गउँमा निर्मित यस नयाँ मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ। यसलाई स्थानीय जनताहरू वरदेश्वर महादेवको नामबाट पुकार्छन्। यसको द्वार पश्चिमाभिमुख छ। मन्दिरको अगाडि प्रस्तरको नन्दी र शिरोभागमा एउटा गजूर पनि राखिएको छ।

## ४ बाजुरा जिल्ला

सेती अञ्चल अन्तर्गतका पांच जिल्लाहरू मध्येको एक दुर्गम जिल्ला बाजुरा हो। बेसी प्रदेश, लेकाली प्रदेश, हिमाली प्रदेश र पहाडी प्रदेशको समष्टिबाट बनेको यस दुर्गम जिल्लाको पूर्वमा मुगु, जुम्ला र हुम्ला जिल्ला, पश्चिममा बझाङ जिल्ला, उत्तरमा हुम्ला जिल्ला र दक्षिणमा डोटी र अछाम जिल्लाहरू पर्दछन्। भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २९° १८' उत्तरदेखि २९°५७' उत्तर सम्म र ८१° ९' पूर्व देखि ८१° ४९' पूर्वी देशान्तर भित्र

पर्दछ । (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् ता पनि यहाँ विशेष गरेर क्षेत्री बाहुन र ठकुरीहरू- कै प्राधान्यता पाइन्छ । स्थानीय जनता मध्ये कुनै हिन्दू धर्मावलम्वी छन् त कुनै बौद्ध धर्मावलम्बी छन् । तर पनि हिन्दू धर्मानुयायीहरूको संख्या बढी मात्रामा पाइन्छ । यहाँ- का मानिसहरू प्रायशः देव तथा देवीका सदुपासक भएको- ले र धर्मप्रति बढी आस्था र विश्वास भएकोले प्रतिवर्ष पर्व पर्वमा देव देवीका मन्दिरमा गई पशुवलि दिने प्रचलन पनि यहाँ पुरातन समयदेखि नै चलिआएको छ । यसरी पूजामा पशुवलि दिएको वेला आफ्नो इष्ट देवता संग "मेरो यस्तो कुरा पुगोस् वा मेरो शत्रुको विनास होस् फेरि म पशुवलि दिनेछु" भनी भाकल गर्ने पुरानो चलन पनि यहाँबाट हटेको छैन । यस जिल्लाका प्रख्यात देवीहरूमध्ये बडी मालिका र नाट्येश्वरी भगवतीको महत्वपूर्ण स्थान छ । अन्यत्र ऊँ प्रतिवर्ष विशिष्ट देव तथा देवीका मन्दिरमा जात्रापर्व (जीत) मनाउन यहाँका भक्तजनहरू पनि सरिक हुन्छन् । देवलजात्रा, लिङ्ग जात्रा आदि कतिपय जात्राहरू पनि स्थानीय समाजमा मनाइने गर्दछ । यस्ता जात्रामा धामी र पूजारीको विशेष कदर गर्ने र उनीहरूले भनेको कुरालाई अकाट्यरुपले ईश्वरीय वाणीको रुपमा लिने चलन पनि स्थानीय जनजीवनमा पाइन्छ । विशेष गरेर यहाँ देवी, भगवती, कालिका, मालिका, दूर्गा, मष्टा, लाकुंडा, राम, विष्णु, बुद्ध आदि देवी र देवताका भक्तहरूको आधिक्य रहेको छ । पर्व पर्वमा गाउँका सवै जनताहरू कुनै देवताको मन्दिरमा एकत्रित भई पूजा आजा गरी धूमधाम संग रमाइलो गर्ने र भोज भतेर खाने तथा विभिन्न किसिमका गीत गाउने र नृत्य गर्ने पनि गर्दछन् । साथै यस्तो वेला भुवा नाच द्यौडा नाच जस्ता नृत्यहरूले जन मानसलाई आन्दोलित बनाइ दिन्छ ।

यहाँको मुख्य पेशा कृषि हो । तर कृषिबाट मात्र जैविक समस्या समाधान नहुने हुंदा स्थानीय व्यक्तिहरू जीविको पार्जनका लागि भारततिर जाने आउने गर्दछन् । यस प्रकार भारतमा जानु आउनु पनि स्थानीय समाजमा एक विशिष्ट पेशा भइसकेको छ । अन्य छिमेकी जिल्ला जस्तै डोटी, अछाम, बझाङ आदिका जनताको लागि पनि भारत तिर पाइलो बढाउनु सामान्य भइसकेको छ । शिक्षाको दृष्टिबाट यो जिल्ला अन्य छिमेकी जिल्ला भन्दा निक पछाडि छ । त्यसैले यहांको जनभाषा डोटी र अछामको भन्दा केही अस्पष्ठ छ । उदाहरणको लागि हाम्रो (माथि) दुंसिली (तेर्छो) आदि शव्दहरूलाई लिन सकिन्छ ।

यस जिल्लाको सदर मुकाम टांटे हो । पहाडी तथा हिम श्रृङखलाले सुशोभित यस जिल्लाको नाम बाजुराबारे जनश्रुति यस प्रकारको छ–"सदर मुकाम टाँटेको पश्चिम दिशातिर बगेको वार्जुगाडको नामबाट बाजुरा रहेको हो ।" वस्तुतः खसिया मल्लवंशका अन्तिम शासक अभयमल्लले बाज्र्‌का अधिकारी कार्कीलाई गरिदिएको शाके १२९८ को ताम्रपत्रमा र सुमतिब्रह्मले बाज्र्‌का अधिकारी बुढाथापा रोकायालाई गरिदिएको शाके १३४८ को ताम्रपत्रमा बाज्र्‌ शव्दको उल्लेख भएको र बाज्र्‌ शव्द स्थानवाचक भएकोले बाज्र्‌ शव्दकै अपभ्रंसित रूप बाजुरा शव्दलाई स्वीकार्नु इतिहास सम्मत ठहरिन्छ । साथै वार्जुगाडको वार्जु शव्दको अपभ्रंसित रूपनै वाजुरा भएको जनश्रुतिलाई पनि अनै- तिहासिक मान्न सकिन्न ।

**परिशिष्ट भाग**

## १ बाजुराकोट

सदर मुकाम टांटेबाट अन्दाजि १ माईल जति माथि डाँडामा रहेको यो कोट बाजुराली राजाको दरबार हो । यस कोट भित्र रहेका प्राचीन दरबारका भग्नावशेषहरूले अद्यावधि वाजुराली राजाको पुर्खौली र वाजुराको इतिहा- सलाई औंल्याइ रहेका छन् । प्राचीन भग्नावशिष्ट दरबार- को अगलबगलमा अन्य नयाँ घरहरू बनेका छन्, जहां बाजुराली राजाका सन्तानहरू बसोबास गर्दछन् । बाजुराली राजाका सन्तान मध्येका गजेन्द्रबहादुर शाहका छोरा राजेन्द्रशाहको भनाइ अनुसार भग्नावशेषको रूपमा रहेको प्राचीन दरबार राजा मन्धीरशाहले पाल्पाबाट डकर्मी र सिकर्मी झिकाई बनाएका थिए । पहाडी टाकुरामाथि रहेको यो कोट दरबार चारैतिरका प्राकृतिक चट्टानहरूले गर्दा दुर्गम तथा अविजेय छ । यस कोट भित्र मालिका स्थान पनि छ । यहाँबाट जेठी बहुरानी पहाड र अम्लेख हिमालको प्राकृतिक शोभा अति नै रमणीय देखिन्छ । यसै

१ मेची–महाकाली– भाग ४, पृष्ठ ७८५

कोटको पश्चिम दिशामा पर्ने बार्जुगाड माथिको डाँडोमा चुल्ठेकी माइको स्थान, उत्तरको डांडोमा बडालेकको माइको स्थान पूर्वतिरको डाँडोमा बडीमालिका स्थान पर्दछन् ।

## २ वडीमालिका स्थान

यो स्थान बाजुरा जिल्लाबासीको मात्र धार्मिक स्थल नभएर बझाङ, डोटी, अछाम, कैलाली, कञ्चनपुर, दार्चुला बैतडी आदि जिल्लामा रहेका जनता तथा भारतीय जनताको पनि धार्मिक तीर्थस्थल रहि आएको छ । १४००० जति अग्लो पर्वतीय टाकुरामा अवस्थित यस स्थानमा भगवतीका प्रस्तर र स्फटिकमय तीन कलात्मक मूर्तिहरू स्थापित गरिएका छन् । यी मूर्तिहरू मध्ये एकलाई कालिकाको रूपमा दोस्रोलाई मालिकाको रूपमा र तेश्रोलाई ज्वालपादेवीको रूपमा प्राचीन समय देखिनै स्थानीय जनताहरू पुज्दै आइरहेका छन् । यो स्थान निकै रमणीय छ तापनि जाडोको समयमा यहाँ जान सकिदैन । त्यसैले वडीमालिकाका उपासक भक्त जनहरू वर्षाको याममा मात्र यस ठाउँमा जाने आउने गर्दछन् । वडी मालिकाको पूजा प्रतिवर्ष श्रावण शुक्ल त्रयोदशी र चतुर्दशी तिथिमा मात्र हुने गर्दछ । यसबेला विभिन्न ठाउँबाट आएका श्रद्धालु भक्तजनहरूको घुइचो लाग्दछ र यसैबेला बडो धूमधामका साथ मालिकाको पूजा र होमादिकार्य पनि गरिन्छ ।

स्मरणीय छ – बडीमालिकाको पूजाका लागि डोटी दिपायलबाट नयां जमरा, श्री ५ को सरकार डोटीबाट पूजा सामग्री र वैजनाथ मन्दिरबाट नयाँ अक्षता प्रति वर्ष नियमित रूपमा लाने पम्परागत चलन छ । यहाँ पूजाको व्यवस्थाको लागि श्री ५ को सरकार गुठी संस्थानबाट केही अनुदान पनि प्राप्त भएको छ । वडीमालिकादेवीको भण्डार घर कैलासमाणु गा· पं. अन्तर्गत पैमा गाउँमा पर्दछ । पुरातात्विक दृष्टिबाट यसको आफ्नै महत्व रहेको छ ।

## ३ नाट्येश्वरी मन्दिर

यस जिल्लाको अर्को महत्वपूर्ण धार्मिक स्थल नाट्येश्वरी भगवतीको मन्दिर हो । यस मन्दिरमा नाट्येश्वरी भगवतीको मूर्ति स्थापित गरिएको छ । भक्तजनहरू पर्व पर्वमा नाट्येश्वरीको दर्शनार्थ जाने आउने गर्दछन् । यो मन्दिर कैलासमाणु गा. पं. अन्तर्गत पर्दछ । यहाँ प्रतिवर्ष जनै पूर्णेका दिनमा, चैत्र दशैंमा र वडा दशैंमा विशेष धूमधामका साथ नाट्येश्वरी भगवतीको पूजा र होमादि कार्य गरिन्छ । यस वेला भक्तजनहरूको ठूलो भीड लाग्दछ । भगवती नाट्येश्वरीको भण्डार घर टाँटैको नजिकै वेलकोट गाउँमा पर्दछ । पर्वका दिनहरूमा यस भण्डार घरबाट पूजा सामग्रीहरू लागि भगवती नाट्येश्वरीको पूजा गरिन्छ ।

## ४ काङचे गुम्बा

बाजुरा जिल्लाको रूगिन गाउँ पञ्चायत अन्तर्गत रहेको यस गुम्बाको निर्माण केही वर्ष अगाडि भएको हो ता पनि यसको ख्याति सर्वत्र भइ सकेको छ । यस गुम्बाका पूजारी लामा थुक्तिन फुञ्जो हुन् ।

# ५ बझाङ जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने दुर्गम पहाडी जिल्ला मध्ये पनि दुर्गम मानिएको यस जिल्लाको सदर मुकाम चैनपुर हो । चैनपुरको नाम पहिले कुमालतडो वा कुमालतडा थियो (१) । पछि बझाङ्गी राजा गजराज सिंहको पाला देखि यसले चैनपुरको रुप लियो । सेती नदीको सुन्दर किनारामा तथा धामीलेकको फेदीमा अवस्थित यस सदरमुकाम चैनपुरको आफ्नै पृष्ठभूमि छ । जसले राजनैतिक इतिहासका पानाहरू रंगाएको छ । हिमाली प्रदेश, बेसी प्रदेश र लेकाली धरातलको समन्वित-रुपबाट बनेको यस जिल्लाको पूर्वमा दार्चुला, बैतडी पश्चिममा अछाम, उत्तरमा तिब्बत र दक्षिणमा डोटी जिल्लाहरू पर्दछन् । भौगौलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति २९·२२' उत्तरदेखि ३०· ९' उत्तरी अक्षांशमा र ८०· ४६' पूर्वदेखि ४१· ३४' पूर्वी देशान्तर भित्र पर्न आउँछ । (२)

स्थानीय जनताको भनाइ अनुसार "यस जिल्लाको नाम बज्राङ्ग देवता वा वज्रेश्वर महादेवको नामबाट रहेको हो" अर्थात् वज्राङ्ग वा वज्रेश्वरको विकृत रुप नै

---

१ अघि कुमाल तडो भन्ने ठाउलाइ चैनपुर भन्ने नाम राषी घर लगाइ वसि..."— इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १ पृष्ठ–५८६

२ मेर्चा–महाकाली भाग ४, पृष्ठ ७४५

बक्राङ हो भन्ने स्थानीय जन धारणामा पनि सत्यताको अंश छैन भन्न सकिन्न । तर पनि शाके १३४३ को सुमति-वर्माको ताम्रपत्रको छैटौं पंक्तिमा "बलाङ्गया नाम दुर्गस्य" भन्ने उल्लेख भएको र तत्कालिन बाजुरा राज्यको सांध पनि वक्राङ भएकोले 'वलाङ' शब्दबाटै अपभ्रंसित भएर बक्राङ शब्द बनेको हुन सक्तछ ।

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् ता पनि यहाँ ठकुरीहरूको प्राधान्यता रहेको छ । यहाँका जनताको मुख्य पेशा खेती हो । छिमेकी जिल्लाका जनताहरू जस्तै यहाँका मानिसहरू पनि भारततिर जीविको-पार्जनको लागि जाने गरेको पाइन्छ । यसरी जानुमा मुख्य कारण खेतीपातीबाट जीवन निर्वाह गर्न नसक्नु नै हो । यहाँको जनमानसमा धार्मिकताले एकातिर प्रशस्त प्रभाव पारेको छ भने अर्कोतिर रुढीवादिता र अन्ध विश्वासको स्थान पनि उत्तिकै महत्वपूर्ण रहेको छ । पर्व पर्वमा देवी तथा देवताका मन्दिरमा गई पूजा आजा गर्ने पशुवलि दिने तथा जात्रा पर्व गर्ने जस्ता कृत्यहरू पनि स्थानीय समाजमा परापूर्वकाल देखि नै चलिआएका छन् । स्थानीय जनताहरू विशेष गरेर मष्टा, नानन्, लांगो, लाँकुडो, लाटोहित, कालसैन, लबासैन, वाँढपालो, लवा-चुर, खापर, डांडा वाग, पनालदेव, निलगटी, घलदेव, घलबेव, घलपुरा, सुर्मादेवी, ज्वालपादेवी, दुर्गा, भवानी, कालिका, खंदारी, ततारी, मालिका, सिउरा आदि कयौं देवी र देवताका उपासक छन् । यहाँको जनवोली छिमेकी जिल्लाका मानिसहरूको जस्तै छ ता पनि कतै कतै शब्द प्रयोगमा केही मात्रामा पृथकता पाइन्छ नै ।

**परिशिष्ट भाग**

## १ वक्राङ कोट

उत्तरमा वेसी गाउँ, पूर्वमा टीका डांडो, दक्षिणमा तारु-गाड र पश्चिममा पाल्ले गाडको विचमा अग्लो टापूमाथि बसेको यो कोट वक्राङ जिल्लाका सवै कोटहरू मध्ये प्राची-नतम मानिन्छ । प्राचीन राजदरवारका भग्नावशिष्ट प्राचीन अवशेषहरूले यसको प्राचीनतालाई अझ वढी मात्रा-मा औंल्याउँछन् । यसरी प्राचीन मानिए यस कोटको निर्माण कहिले कसले गऱ्यो यसबारे प्रामाणिक तथ्य प्राप्त हुन सकेको छैन । तर पनि उत्खनन भएको खण्डमा अवश्य नै यसको वास्तविकताको परिचय पाइन्छ । यस प्राचीनकोटबाटनै बक्राङ्गी राजाका सन्तानहरू अन्यत्र गई बसेका हुन् ।

यस कोटमा भैरवको स्थान र वज्रेश्वर महादेवको स्थान छ । भैरव स्थानमा भैरव देवताको प्रस्तरको प्राचीन मूर्ति र ढलौटका धातुका अन्य मूर्तिहरू, तामाका छाताहरू, त्रिशूल, धुपौरो, पंचवर्ती आदि पूजा सामग्रीहरू पनि छन् । पुरातात्विक दृष्टिबाट भैरव मूर्तिको विशेष महत्व छ । भैरव मूर्तिको साथमा एक शिवलिङ्गको स्थापना गरिएको छ । भग्नावशिष्ट प्राचीन भैरव मन्दिरको परिचायकको रुपमा रहेको तामाको प्राचीन गजूर पनि यहीं अद्यावधि मौजुद छ । प्राचीन भैरव मन्दिर ध्वस्त भइसकेकोले आज-भोलि अवशेष इंटाहरू संकलन गरी चारैतिरबाट इंटाको गारो उठाई त्यस भित्र उक्त मूर्तिहरू सुरक्षित साथ राखि-एका छन् । भैरव स्थानको उत्तरतिर वज्रेश्वर महादेवको स्थान छ । यहाँ कालो शिला स्थापित गरिएको छ र यस-लाई वज्रेश्वर महादेवको स्वरुप मानी पूजा गरिन्छ । साथमा ढलौटको देवताको मूर्ति पनि छ । उक्त भैरव स्थानमा रहेको शाके १७२७ वि.सं. र १८६२ को घन्टा-भिलेखमा "श्री महाराजाधिराज श्री जागति सिंह देवात्मज श्री समुद्र सिंह देवेन" भन्ने उल्लेख पाइएकाले संभवतः यिनकै पूर्खाले उक्त कोटको निर्माण गरेका थिए । यस-कोटको नजिकै तामाखानी गाउँको खोल्सीको किनारामा दुईवटा कीर्तिस्तम्भ छन् ।

## २ डुंग्राकोट (डुम्रा कोट)

कोट देवल गाउँ पञ्चायत अन्तर्गत पहाडी चुचुरामा रहेको यो कोट प्राचीन मानिन्छ । हाल केही भग्नावशेष-हरू र चार कीर्तिस्तम्भहरू यस कोटको प्राचीनताको प्रमाणको रुपमा उभिएका छन् । यी स्तम्भहरूमा उल्लि-खित अक्षरहरू मूलतः नष्ट भइसकेकाले र यस भन्दा बाहेक अन्य कुनै पनि प्रामाणिक श्रोत प्राप्त नभएकोले यस-कोटको सम्वन्धमा निश्चित केही भन्न सकिन्न । तर पनि बक्राङ्गी राजाहरूको वंशावली अनुसार यस ठाउँमा जाने सर्वप्रथम वक्राङ्गी राजाका सन्तान डुग्गर सिंह थिए । संभवतः यिनैले यस कोटको निर्माण गरेका थिए । डुंग्राकोट

नामबाट पनि यसै कुराको पुष्टि मिल्दछ । बाइसे राज्यहरूको एकीकरणको सिलसिलामा डोटीका राजा दीपशाही माथि हमला गर्नु भन्दा अगाडि बझाङको यसै डुंग्राकोट माथि नेपाली सेनाका सेनापति अमरसिंह थापाले विजय प्राप्त गरेका थिए । यस कोटको दक्षिणमा डुम्री गाड उत्तरमा लाछी गाड पूर्वमा भतेली लेक र पश्चिममा सेती नदी पर्दछन् ।

## ३ सुनीकोट

धमेना गाउँ पञ्चायत अन्तर्गत सुनीगाड पश्चिम सेती नदी पूर्व सेती नदी र सुनीगाडकै दोभानमा रहेको यो कोट प्राचीन कोट हो । यस कोटमा सुनीकोट राजाका दरबारका भग्नावशेषहरू अद्यावधि यत्रतत्र छरिएर रहेका छन् । सुरक्षाको दृष्टिबाट यस कोटको त्यति महत्व नभए तापनि ऐतिहासिक दृष्टिकोणबाट यसको महत्व घटेको छैन । यस कोटको भित्री चोकमा दुइटा मन्दिरहरू छन् । यी दुई मन्दिरमा एक भग्नावशेषको रूपमा विद्यमान छ भने अर्को पूर्व निर्मित अवस्थामा नै रहेको छ । यी दुबै मन्दिर भित्र कुनै पनि मूर्ति नभएकोले यहाँ कुन देवताको स्थापना गरेको थियो यसबारे केही भन्न सकिन्छ । तर पनि स्मारकको रूपमा केही घण्ट र त्रिशूलहरू चाहिं अद्यावधि मौजुद छन् ।

बझाङ्गी वंशावली अनुसार नरीबम्मका ३ भाई छोरा थिए । जेठा राजा राजबम्म माहिला जयेति बम्म र कान्छा श्रीबम्म । जेठा राजबम्मको अपुताली परेकोले भाइ जयेति बम्म बझाङका राजा भए र कान्छा चाहिं सुनीकोट गई बसेका थिए । यस कोटको निर्माण कहिले कसले गऱ्यो यस बारे प्रामाणिक तथ्य अद्यावधि प्राप्त भएको छैन । तर पनि श्रीबम्म छुट्टिएर सुनीकोट गई बसेकोले उनीले नै यो कोट बनाएको हुन सक्तछ । संभवतः यस कोटको निर्माण डुंग्राकोट भन्दा पहिले भएको थियो ।

## ४ तलकोट

यो पनि प्राचीन दरबार हो जहाँबाट राजाहरूले राज्यशासन चलाएका थिए । तलकोटी गाड र सेतो नदीको दोभानबाट उठेको चट्टाने पर्वतको टापुमा रहेको यो कोट सुरक्षात्मक दृष्टिबाट सुनीकोट भन्दा ज्यादै माथि छ । यस कोटमा सर्वप्रथम बझाङ्गी राजा जितारि सिंहका भाइ मेदिनीसिंह गएको कुरा बझाङ्गी वंशावलीमा उल्लिखित छ । तलकोटी राजाका सन्तान जङ्गबहादुर सिंहको भनाइ अनुसार "यो कोट दरबार राजा दिलीप सिंहले बनाएका थिए । यो तलकोट राज्य बझाङ्गी राजाको आगमन भन्दा पहिले लडछडी रावलको शासनाधीन थियो । पछिबाट मेदिनीसिंहले रावल माथि हमला गरी यो राज्य आफ्नो हातमा लिएका थिए । साथै तलकोट राज्य लिएको बेलामा राजा मेदिनीसिंहले कवालीकोट, चौसालकोट, लुवाडी कोट र कवाडीकोटका राजाहरूलाई समेत कब्जा गरी एक मजबुत राज्य कायम गरेका थिए । यसबाट के पनि तर्क गर्न सकिन्छ भने सम्भवतः यो तलकोट दरबार पनि रावलले निर्माण गरेका थिए । अर्को कुरा के त भने यो राज्य लिए पछि मेदिनीसिंहले नै पनि आत्मसुरक्षाको लागि यस कोटको निर्माण गरेको हुन सक्तछ । तर पनि प्रामाणिक तथ्य प्राप्त नभए सम्म यसै हो भनी ठोकुवा गर्न सकिन्न ।

यस तलकोटको चौकोश भित्र अन्य कतिपय घरहरू पनि छन् । जहाँ तलकोटी राजाका सन्तान अद्यावधि बसिरहेकै छन् । यस दरबारको प्राङ्गण भित्र कालिका र भैरवको स्थान पनि छ । भैरव स्थानमा भैरवको शिला र कालिका स्थानमा देवी कालिका र दुर्गाका सुन चादीका मूर्तिहरू राखिएका छन् । यहाँ दुर्गा एवं कालिकाको पूजाको लागि श्री ५ को सरकारको तर्फबाट केही अनुदान पनि प्राप्त भएको छ ।

तलकोटी राजाहरूको प्रिय देवता उग्रतारा हुन् । उग्रताराको पूजा प्रतिवर्ष जनै पूर्णिमाको अघिल्लो दिन चतुर्दशी तिथिमा हुने गर्दछ । मेल विसौना गाउँ पञ्चायत अन्तर्गत वार्ड नं. ४, ५, ७ का गाउँहरूमा पनि प्राचीन मगराहा (पानीधारा) अद्यावधि सुरक्षित रूपमा रहेका छन् ।

## ५ थलहराकोट

यो महत्वपूर्ण कोट हो । यसको निर्माण कसले गऱ्यो, यसबारे प्रामाणिक जानकारी प्राप्त भएको छैन । बझाङ्गी वंशावली अनुसार बझाङ्गी राजा मलैबम्मका दुई छोरा

मध्ये जक्तिसिंह थलहरामा गएको उल्लेख पाइन्छ। त्यस वेला यिनले त्यहांको मोटो खड्कालाई मारेको उल्लेख पनि बझाङ्गी वंशावलीले गरेको छ। थलहराको छेउ छान्ना दरामा चाहि पृथ्वीसिंहका भाइ रतनसिंह गएर बसेका थिए।

बझाङ्गी वंशावली अनुसार बझाङ्गी राजा थलहरामा जानु भन्दा पहिले मोटो खड्का त्यहाँको शासक थियो। थनाल राजाको हत्या गरी मोटो खड्काले राज्य गरेको थियो। यसवाट थलहरामा थनाल, खड्का र बझाङ्गी सिंह राजाहरूले राज्य गरेको कुरा स्पष्ट हुन्छ। मोटो खड्का बारे स्थानीय समाजमा यस प्रकारको कहानी अद्यावधि प्रचलित छ।

उहिले थलारा (थलहरा)मा थनाल राजा राज्य गर्थे। उनको पालामा उनी मासु नभै भोजन गर्दैनथे। राजा थनालले सधैं सिकार मारेर ल्याउनको लागि एक सिकारी पनि राखेका थिए। त्यो सिकारी वर्षौंदेखि दिनहुँ सिकार मारेर ल्याउँथ्यो र भान्से बाहुनलाई पकाउन दिन्थ्यो। मासुको परिकार ठीक भएको खवर पाए पछि मात्र राजा भोजन गर्न आउँथे। यस्तै क्रम चलिरहेको थियो वर्षौंदेखि। तर पनि एक दिन सिकारीले सिकार मार्न पाएन छ र सिकारको खोजीमा दिनभर हिड्दा हिड्दा उसलाई ज्यादै थकाई लागेछ र लखतरान हुंदै जङ्गलबाट फर्किए छ। बाटामा आउँदै गरेको वेला बाटैको छेउमा एउटा मृत-बालकलाई देखेछ र त्यसैलाई काटकुट पारी बाजेलाई ल्याएर पकाउन दिएछ। भोजन तयार भए पछि राजाले पनि सधैं जस्तै गरी भोजन गरेछ। तर त्यस दिनको मासु राजालाई अत्यन्तै मीठो लागेछ। भोजन सिध्याएपछि सिकारीलाई बोलाएर यति मीठो मासु तिमीले आज कहाँ-बाट ल्यायौ भनी प्रश्न गरेछ। सिकारीलाई जवाफ दिन ज्यादै कष्ट परेछ र पसीना पनि चिट आएछ। आखिर राजाले प्रश्नमाथि प्रश्न थपेपछि सिकारीले आफ्नो संपूर्ण गोप्य कुरा खोलेछ। त्यो सुनेपछि राजाले मनमनै मान्छेको मासु खाने भीष्म प्रतिज्ञा गरे छ र मोटो मान्छेको मासु खाने अठोट लिएछ।

त्यसको भोलिपल्ट मोटो मान्छे छान्नको लागि आफ्ना सवै रैतीहरू भेला गरी राजाले भोजन गराएछन्। मोटो मान्छेको मासु खाने राजाको मन्सुवा भान्छे वाजेले अचानक थाहा पाएकोले रैतीलाई भोजन गराउन थाले पछि बाजेले एक थाली भात अलग्गै पस्की भात मनि अङ्गार समेत राखी त्यो थाली मोटो मान्छेलाई लगेर राखि दिएछ। त्यतिखेर सवै जना भोजनमा व्यस्त थिए। मोटो मान्छे पनि खानामा व्यस्त थियो। खानामा व्यस्त भईरहेको वेला एक्कासी मोटो मान्छेले थालीमा अङ्गार देखेछ र बाजेतिर पुलुक्क रिसले हेरेछ। ठीक यसै वेला वाजेले मोटो मान्छे-लाई भागेर जाने इशारा गरेछ। त्यो थाहा पाई मोटो मान्छे त्यहाँबाट अकस्मात भागेछ। त्यो थाहा पाई राजाका फौजहरू त्यसलाई समात्न पछि पछि दौडिए-छन्। खडका पनि खूब दौडिए छ। आखिर केही नलागी त्यो मोटो मान्छे धौली गाडमा गएर डुवे छ। अनि आफूले फेरेको धोती धौली गाडमा बगाइ दिएछ। धोती बगाएको देखेर फौजहरू मोटेलाई वगाइ लग्यो भनी खोला किनारै किनार दौडिएछन्। मौका पारी पानीबाट उत्री मोटो खड्का सर्वाङ्ग नाङ्गो रुप लिई सांझ पख आफ्नो मितको घरकै छेउमा रहेको गोठमा पुगी लुकेर बसेछ। केही छिन पछि गबुवा बोकेर मितिनी दूध दुहन त्यहाँ आइछन्। सर्वाङ्ग नाङ्गो मानिसलाई एक्कासी सांझमा देख्ता उनी आत्तिइन्। त्यो देखि खड्काले विस्तारै मितिनी संग "म त मीत हुँ। म अहिले सर्वाङ्ग नाङ्गो छु। मीतलाई लुगा लगिदिनु रे भनी सुनाइदेऊ" भनेछ। मिति-नीले घरमा आएर उसको लोग्नेलाई संपूर्ण कुरा भने पछि लोग्नेले लुगा लगेर आफ्नो मीतलाई लगाउन दिएछ। लुगा लगाइ सिध्याए पछि वितेका दुखद घटनाबारे मीतसंग कुराकानी भएछ। त्यसपछि ती दुबै जनाले यस अत्याचारी थनाल राजालाई मार्ने अठोट गरी सवै राज्यका जनतालाई हातमा लिई बलियो संगठन गरी थनाल राजालाई मारेछन्। त्यसपछि थनाल राजाको ठाउँमा मोटो खड्काले केही वर्ष राज्य गरेको थियो रे।

## ६ पृथ्वी कोट

'श्री जय' अङ्कित इँटाहरूले सजेको यो दरवार राजा जय पृथ्वी वहादुर सिंहले बनाएका हुन्। यस दरवारका कति खण्ड थिए निश्चित रुपमा भन्न सकिंदैन ता पनि यस दरवारको आकृति, प्रकृति र परिधिलाई हेर्दा यो निकै विशाल र यसका निकै खण्ड भएको अनुमान हुन्छ। भग्ना-

वशेषको रुपमा रहेको यस दरवारको पूर्व पश्चिम र दक्षिण दिशाको भुँइतलाको भागले अद्यावधि आफ्नो दयनीय अनुहार देखाइरहेछ । यस भव्य तथा विशाल दरवारको मूलद्वार पश्चिमदिशाभिमुख छ । यसको मूल ढोका चाहिं जस्ताको जस्तै रुपमा आज सम्म रहेकै छ । स्थानीय जनताहरूको भनाइ अनुसार यस दरवारको पूर्व दक्षिण दिशामा पाले घर, पूर्व दिशामा तवेला गर, वाणाघर, माल र अदालत, उत्तर दिशामा खरको छानो भएको प्राचीन दरवार, पश्चिम दिशामा केही तल कारागार, उत्तर पश्चिममा गाइगोठ र मण्डी गाउँको सिरानमा अस्पताल थियो । आजभोलि उक्त दरबारको परिधिभित्र सत्यवादी निम्न माध्यमिक विद्यालय र हुलाक घर छन् । यस पृथ्वीकोटको उत्तर दिशामा चुली लेक र दक्षिणमा धनाडाको लेक पर्दछ । पृथ्वी नगर नाम हुनु भन्दा पहिले यस ठाउँको नाम मैल्लेक थियो । पछि राजा जयपृथ्वी बहादुरले आफ्नो राजधानी बनाए पछि यस ठाउँको नाम जयपृथ्वीनगर रहेको हो । उक्तकोट बाहेक अन्य महत्वपूर्ण प्राचीन ऐतिहासिक कोटहरूमा टीकाकोट, गोलाइकोट, सिउँकोट आठाकोट, नुवाकोट आदि प्रमुख छन् ।

## ७ चैनपुर पुरानो दरवार

बझाङको सदरमुकाम चैनपुरमा रहेको यस प्राचीन दरबारको निर्माण गजराजसिंहले गरेका थिए । यस दरवारका केही भग्नावशेषहरू अद्यापि विद्यमान छन् ।

## ८ जालपादेबीको मन्दिर

रिठापाटा गा. प. अन्तर्गत देवल गाउँमा रहेको यस मन्दिरमा जालपादेवीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ । साथमा जालपादेवीको दाहिनेतिर लाँकुडा भैरवको कलात्मक प्राचीन प्रस्तर मूर्ति पनि राखिएको छ । पश्चिमोत्तरभिमुख यस मन्दिरको शिरोभागमा एक तामाको गजूर, मन्दिरको उत्तर तिर यज्ञकुण्ड बनाएको एक भवन, उत्तर पश्चिम दिशामा पौवा र पश्चिमदिशामा भर्खरै बनाएको ईश्वरनाथको सानो मन्दिर पनि छ । जालपादेवीको पूजा श्रावण शुक्ल अष्टमी, चैत्र शुक्ल अष्टमी माघशुक्ल पंचमी देखि नवमी सम्म हुन्छ । नवरात्रमा चाहि विशेष धूमधामका साथ पूजा आजा तथा हवन समेत हुने गर्दछ । यसको साथै प्रतिवर्ष चैत्र शुक्ल अष्टमीमा नयाँ लिङ्ग ठडयाउने र पुरानो लिङ्गको विसर्जन गर्ने कार्य पनि धूमधाम संग गरिन्छ ।

भगवती जालपादेवीको विषयमा स्थानीय समाजमा प्रचलित लोककथा यस प्रकारको छः "उहिले जुम्ली राजा पुण्यमल्लले ककानी भन्ने ठाउँमा जालपादेवीको स्थापना गर्न मन्दिर बनाउन लागेको वेला थाहा पाई जालपादेवीले सपनामा राजालाई यहाँ वस्तिन, त्यो ठाउँमा मलाई राख" भनेकोले राजाले त्यो निर्मित मन्दिरलाई छोडी उक्त जालपा देवीको मन्दिर भएको स्थानमा ९ तले भव्य मन्दिर बनाई राखेका थिए रे । उक्त मन्दिर भत्किएको कयौ वर्षपछि मात्र यो मन्दिर बनाएको हो ।" स्मरणीय छ जालपादेवीको ऐतिहासिक परिचय दिने सिलसिलामा लेखिएको "जालपादेवीको इतिहास" नामको पुस्तक पनि प्रकाशनमा आएको छ ।

## ९ सुर्मा भगवतीको मन्दिर

सदर मुकाम चैनपुरमा रहेको यस नवनिर्मित मन्दिरमा सुर्मादेवीको पितलको ढलोटको कलात्मक सुन्दर मूर्तिको स्थापना गरिएको छ । स्थानीय जनताहरू सुर्मादेवीलाई प्राचीनकालदेखि मानिल्याएकोमा दावी गर्छन् । प्रति वर्ष कार्तिक शुक्ल पूर्णिमामा यहाँ निकै ठूलो मेला लाग्दछ ।

## १० शिव मन्दिर

चैनपुर पिपल चोरमा रहेको भव्य तथा आकर्षक यस मन्दिर भित्र शिवलिङ्गको स्थापना गरिएको छ । मन्दिरको द्वार पश्चिमदिशाभिमुख छ । प्रतिवर्ष वैशाख संक्रान्तिमा यहाँ निकै ठूलो मेला लाग्छ । यस्तै चैनपुर पुरानो दरवारछेउमा अर्को एक शिव मन्दिर छ । यी दुवै मन्दिरहरू बझाङ्गी राजा गजराजसिंहले बनाएका हुन भन्ने जनश्रुति स्थानीय समाजमा प्रचलित छ । यस बारे कुनै प्रमाणिकता प्राप्त भएको छैन ।

## ११ कोट देवल

कोट देवल गा. पं. अन्तर्गत कोट देवल गाउँमा रहेको यो प्राचीन देवल अद्यावधि जस्ताको तस्तै रूपमा अवस्थित छ । यस देवलको मुख्य द्वार दक्षिण दिशाभिमुख छ । यहाँ

कुनै मूर्ति राखिएको छैन । यस देवलको दक्षिण दिशामा रहेको कीर्तिस्तम्भले आफ्नो प्राचीन यशलाई अद्यापि सुरक्षित गरेकै छ । यसको निर्माण कसले कहिले गऱ्यो यसबारे कुनै तथ्य प्राप्त भएको छैन । तर पनि डुंग्राकोटको निर्माण जसले गऱ्यो त्यसैले यसको निर्माण गरेको हुनु धेरै सम्भव छ ।

### १२ पाटा गाउँ देवल

जय पृथ्वीनगर पाटा गाउँको विचमा रहेको यस प्राचीन देवलमा कुनै पनि मूर्ति प्राप्त नभए ता पनि प्राचीन कालमा यस देवलमा मूर्ति स्थापित गरेको थिएन भन्न मिल्दैन । यो पश्चिम दिशाभिमुख छ । बझाङ्गी राजाले मुद्दा मामिलाको निर्णय गर्नु पर्दा यस देवलमा आई गर्ने गर्दथे रे भन्ने कुरालाई स्थानीय जनता अद्यावधि स्वीकार्दछन् । यसको साथै पाटा सोती गाउँ र धामी गाउँका प्राचीन मगराहा-हरूले जीर्णावस्थामा रहेर पनि आफ्नो प्राचीन इतिहासलाई बचाएकै छन् । यस प्रकार प्राचीन देवल र मगराहाको प्राप्तिबाट पाटा गाउँको आसपासमा कुनै दरवार भएको तथ्य अगाडि आउँछ ।

### १३ हनुमान मन्दिर

चैनपुर सदर मुकामको पूर्वदिशामा सेतीको किनारामा अवस्थित भूपुर कुटीको नवनिर्मित यस मन्दिरमा हनुमानको भव्य तथा विशालमूर्ति को स्थापना गरिएको छ । स्थानीय जनभनाई अनुसार यस मन्दिरको निर्माण देवीजङ्ग शाहले गरेका हुन् । यस मन्दिरको नजिकै भूपुर दरवार मनि सेतीको किनारामा एक शिव मन्दिर पनि छ ।

## ६. दार्चुला जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा पर्ने दार्चुला जिल्ला पहाडी जिल्ला मध्ये एक हो । पहाडी प्रदेश, हिमाली प्रदेश, वेसी प्रदेश र लेकाली प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको पूर्वमा बझाङ र बैतडी, पश्चिममा भारत, दक्षिणमा बैतडी र उत्तरमा चीन पर्दछ । शैक्षिक, आर्थिक, सामाजिक एवं राजनैतिक गतिविधिबाट पछाडि परेको यस जिल्लाको अवस्थिति भौगोलिक दृष्टिबाट ८०° २२' देखि ८१° ९' पूर्वी देशान्तर मा र २९° ३६' देखि ३०° १५' सम्म उत्तरी अक्षांशमा पर्दछ । (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोवास गर्दछन् । विशेष गरेर यहाँ बाहुन, क्षेत्री र व्यासी जातिहरूको प्राधान्यता रहेको पाइन्छ । यहाँका जनता पनि अन्य छिमेकी जिल्लाका जस्तै धर्म प्रति विश्वास राख्तछन् । देवी तथा देवताका मन्दिरमा गई पूजा गर्ने, जात्रा पर्व मनाउने, पशुवलि दिने आदि जस्ता कयौं कृत्य-हरू यहाँको स्थानीय समाजमा पनि प्रशस्त छ । भारतीय जनताको संपर्कले गर्दा यहाँका जनताहरू प्रायशः दो भाषे छन् । त्यसमा पनि विशेष गरेर व्यासी जातिहरू हिन्दी, नेपाली र आफ्नो मातृभाषा पनि बोल्ने गर्दछन् । त्यसैले यहाँको स्थानीय भाषामा विभिन्न भाषाका शब्दहरू मिश्रित भएको अनुमान हुन्छ । तर पनि नेपाली भाषाकै प्राधान्यता रहेको पाइन्छ । यहाँको व्यासी जातिमा विशेष गरेर अन्य जातिभन्दा रीति रिवाज चाल चलन वेषभूषा धर्म कर्म आदिमा केही भिन्नता देखिन्छ ।

हिम चुचुराहरूले सुशोभित यस जिल्लाको सदर मुकाम दार्चुला खलङ्गा हो । यो खलङ्गा बजार महाकाली नदीको किनारामा अवस्थित छ । यस सदर मुकामको परिधि भित्र मल्लिकार्जुन महादेवको मन्दिर र चैत्या-कारका ससाना कतिपय मन्दिरहरू पनि छन् । यी मन्दिर तथा चैत्यहरूमा कुनै मूर्ति स्थापित गरिएको छैन ता पनि महाकाली नदीबाट रंग विरंगका शिला ल्याई कुनै कुनै चैत्यमा राखिएको पाइन्छ ।

यस जिल्लाको नाम दार्चुलावारे स्थानीय जन श्रुति यस प्रकारको छ– "सदरमुकाम खलङ्गा बजारको पूर्व दक्षिण कोणमा रहेका अग्ला दुई पर्वतका दुई धारा (चुचुरा) र भारत सीमानामा पर्ने धारचूला बजारको पश्चिम दिशामा रहेको अग्लो पर्वतको १ एक धार (चुचुरो) समेत तीन धार मिलाई चूल्हो बनाई परापूर्व कालमा व्यास ऋषिले भोजन बनाएर खाएकोले यस जिल्लाको नाम धारचूला भएको र त्यही धारचूला शब्द-को विकसित रुपनै आधुनिक दार्चुला भएको हो ।" व्यास

१ मेची–महाकाली– भाग ४, पृष्ठ ७६२

ऋषिले तपस्या गरेको स्थान भनेर मानिएको व्यास गर्खा यसै जिल्ला अन्तर्गतको व्यास पञ्चायतमा परेकोबाट उक्त जनश्रुतिमा केही मात्रामा यथार्थता भएको अनुभव हुन्छ । वस्तुत: व्यास गर्खा व्यास ऋषिकै तपस्याको स्थल भएको प्रामाणिक प्रमाण प्राप्त भएको खण्डमा स्थानीय जन भनाइले अवश्यमेव सत्यताको रुप लिन सक्तछ । जे होस् यस जिल्लाका प्राचीन अवशेषहरूको अनुसन्धानात्मक प्रामाणिक परीक्षण भएको पक्षमा यस जिल्लाको ऐतिहासिक तथ्य मात्र अगाडि नआएर प्राचीन डोटी राज्य र प्राचीन सिंजा-राज्यकै इतिहासमा नयाँ मोड आउन सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

**परिशिष्ट भाग**

## १ मास्लिकार्जुन महादेव (सैपाल मन्दिर)

उकु पञ्चायत अन्तर्गत महाकाली नदीको किनारामा सैपालमाणु स्थित यस मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्गको देब्रेतिर भित्तामा भगवतीको प्रस्तरको प्राचीन कलात्मक मूर्ति र सङ्गमर्मरको नयाँ शिवको मूर्ति पनि राखिएको छ । साथमा नागपीन बाजा, डमरु, चमर, पञ्चवर्ती आदि पूजा सामग्री गनि सजाइएको छ । मन्दिरको भित्री भित्तामा र बाहिरी भित्तामा केदार-नाथ, शिव एवं विष्णुका सुन्दर चित्रहरू टाँगिएका छन् । यो मन्दिर प्राचीन मानिन्छ । तर पनि केही वर्ष अगाडि जीर्णोद्धार भएकोले यसले नयाँ अनुहार बदलेको छ । यस मन्दिरको द्वार पूर्वदिशाभिमुख छ । मन्दिर अगाडि शिवको बाहन नन्दी पहरेदार बनेर बसेको छ । मन्दिरको वरपर मृत साधुका समाधि स्थलहरू पनि छन् । मन्दिरकै देब्रे-तिर (उत्तरतिर) ढुङ्गाको पर्खाल माथि पर्खालकै अडेसो लगाई राखिएका देवी तथा देवताका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले यस मन्दिरको विशेषतालाई अझ बढी औंल्याउँछन् । तर यी प्राचीन प्रस्तर मूर्तिहरू संभवत: अन्यत्रबाट ल्याएर यहाँ राखिएका हुन् । यी मूर्तिहरू मध्ये महादेव र भगवतीको मूर्ति विशेष उल्लेखनीय छन् । यस सैपाल मन्दिरमा नित्य पूजा हुन्छ र पूजाको व्यवस्थाका लागि अर्जुन पालले केही जगा प्रदान गरेको कुरा थाहा भएको छ । यस मन्दिरका हाता भित्र २ टा सन्तकुटी पनि छन् ।

## २ उकुमहल शैवमन्दिर

उकु पञ्चायत अन्तर्गत उकु गाउँको सिरानमा रहेको उकुमहल सुदूर मध्यमाञ्चल क्षेत्रका महत्वपूर्ण पुरातात्विक स्थलहरूमध्ये एक प्रमुख स्थल हो । यहाँ भग्नावशेषको रुपमा रहेको प्राचीन कलात्मक प्रस्तरको साँढेले एकातिर यस मन्दिरलाई शैवमन्दिरको संज्ञा दिन हामीलाई प्रोत्साहित गर्छ भने अर्कातिर सिंह र बाघका प्राचीन प्रस्तरका भग्नावशेषहरूले भगवतीको मन्दिर भएको तथ्यलाई अगाडि सार्दछन् । जे होस् यहाँका भग्नावशिष्ट प्राचीन स्मारकहरूले यस मन्दिरको प्राचीनता-लाई सदा अक्षुण्ण राखेका छन् । यस मन्दिरका प्रत्येक प्रस्तर खण्डहरू प्राचीन कलाकृतिले परिपूर्ण छन् । त्यति मात्र होइन यहाँको प्रस्तर कलाले नेपाली प्रस्तर कलाको इतिहास-मा एक महत्वपूर्ण अध्यायको संरक्षण गरेको छ । यस भग्नाव-शिष्ट मन्दिरका वरपर छरिएर रहेका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूमध्ये शिव पार्वतीको प्रस्तरको मूर्ति र भगवतीको प्रस्तर मूर्ति विशेष उल्लेखनीय रहेका छन् । यहाँ राजा नाग-पालले राखेको शिलाभिलेख पनि मौजुद छ । यस मन्दिरको निर्माण कसले कहिले गऱ्यो यसबारे केही भन्न गाह्रो पर्छ ता पनि यसको निर्माण राजा नागपालका पूर्खाहरूमध्ये कुनै राजाले गरेको थियो ।

उकुमहल मन्दिरको केही तल पालहरूको गाउँमा प्राप्त कतिपय प्राचीन स्मारकहरूले यस ठाउँमा प्राचीन दरवार समेत भएको कुरालाई संकेत गर्दछन् । यस दार्चुला जिल्लाका अन्य पुरातात्विक स्थलहरू मध्ये जारकोट (सितोला पञ्चायत) व्यास ऋषि मन्दिर (व्यास पञ्चायत) मालिकार्जुन महादेव (शिखर पञ्चायत) गोकुलेश्वर महा-देव (गोकुलेश्वर पञ्चायत) मकरीकोट (लटिनाथ पञ्चायत) दंदाकोट (हुति पञ्चायत) पत्थरको (सुन्सेरा पञ्चायत) आदि प्रमुख ऐतिहासिक स्थलहरू हुन् ।

# ७ बैतडी जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चल भित्र पर्ने पहाडी जिल्ला मध्ये बैतडी जिल्ला पनि एक प्रमुख जिल्ला हो । बेसी, हिमाली प्रदेश, पहाडी प्रदेश र लेकाली प्रदेशको सामुहिकरूपबाट बनेको यस जिल्लाको पूर्वमा सेती नदी, पश्चिममा महाकाली नदी, उत्तरमा

चौलोन नदी र दक्षिणमा भुत्कुडेको लेक पर्दछन् । भौगोलिक दृष्टिबाट यस जिल्लाको अवस्थिति ८०° १५' देखि ८१° ४ पूर्वी देशान्तरमा र २९° २२ देखि २९. ५७' उत्तरी अक्षाँशमा पर्दछ । (१) ।

शैक्षिक तथा आर्थिक दृष्टिबाट र यातायातको दृष्टिबाट पिछडिएको यस जिल्लाको सदर मुकाम बैतडी खलङ्गा बजार हो । यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । विशेष गरेर यस जिल्लामा छेत्री, बाहुन र ठकुरीहरूको प्राधान्यता पाइन्छ । कृषिबाट जीवन पर्याप्त मात्रामा धान्न नसकिने हुंदा यहाँका जनताहरू पनि भारततिर जाने आउने गर्दछन् । अन्य जिल्लामा जस्तै यहाँ पनि धार्मिक प्रभाव बढी पाइन्छ र यहाँका मानिसहरू निगलासैनी, पौतलासैनी, विलासैनी, त्रिपुरा, काली, दुर्गा एव ग्वाल्लेक केदार, रौलाकेदार, सिगास र लाटो देवता आदि विभिन्न देव देवीको पूजा गर्दछन् । पर्व पर्वमा देव तथा देवीका मन्दिरमा गई पूजा गर्ने, उपवास बस्ने, जात्रा गर्ने, पशुवलि दिने र होमादि कार्यगर्ने चलन पनि यहाँ प्रशस्त मात्रामा पाइन्छ ।

यस जिल्लाको सदरमुकाम वैतडीको नाम सम्बन्धमा कुनै ऐतिहासिक तथ्य प्राप्त भएको छैन तापनि मेची–महाकाली भाग ५ पृष्ठ १०२३ मा बायोतड पर्वतको नाम बाट अपभ्रंस भएर वैतडी रहेको कुराको उल्लेख गरिएको छ ।

**परिशिष्ट भाग**

## १ त्रिपुर सुन्दरी मन्दिर

बैतडी सदरमुकाम बाट करिव १ कोष जति तलपर्ने धामी गाउँ पञ्चायत अन्तर्गत पूजारी गाउँको विशाल फांटमा रहेको यो मन्दिर भव्य तथा दृश्याकर्षक छ । यो प्राचीन मन्दिर हो र यस भित्र त्रिपुरा भगवतीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ। यिनलाई "जगतमाता त्रिपुरासुन्दरी" पनि भनिन्छ । स्थानीय जनताहरू भगवती त्रिपुरालाई स्वयं उत्पन्न भएकोमा विश्वास गर्दछन् । यस मन्दिरको मुख्य द्वार पूर्बोत्तराभिमुखछ ।

यस मन्दिरको भित्री कोठाको भित्री भागमा त्रिपुराको आसन छ भने बाहिरी भागमा विशाल होमकुण्ड बनाइएको छ । त्रिपुराको प्राचीन मन्दिर कस्तो थियो, यसै भन्न सकिन्न तापनि स्थानीय जनताको तर्फबाट कयौं वर्ष अगाडि जीर्णोद्धार गरी बनाएको यस भव्य मन्दिरको बयान गर्ने भने निकै शब्दहरूका खाँचो पर्दछ । यहाँ त्रिपुराको नित्य पूजा नभए पनि प्रति महिना अमावस्या, संक्रान्ति र पूर्णिमामा पूजा हुने गर्दछ । विशेष पूजा वा होमादिकार्य चाहिं नवरात्रमा हुने गर्दछ । यस वेला त्रिपुराको द्वार भक्तजनहरूका लागि सदा खुला रहन्छ । बडा दशैंको नवमी र दशमी तिथिमा एवं जनै पूर्णिमाको दिनमा यहाँ जात्रा पर्व (जीत) मनाइन्छ । यो जात्रामा गाजलाई त्रिपुराको मन्दिरबाट कापड गाउँ, पल्ला चौधडी गाउँ सम्म लगी परिक्रमा गराई फेरि त्रिपुराकै मन्दिरमा ल्याई विसर्जन गर्ने चलन छ । यस विशाल जात्रामा अलमोडा, नैनिताल, पिथौरागढ आदि भारतीय क्षेत्र र काठमाण्डु, वैतडी, बझाङ, डडेलधुरा, कञ्चनपुर आदि विभिन्न क्षेत्रबाट आएका भक्तजनहरूको घुइचो लाग्दछ । स्थानीय कतिपय मानिसहरू त्रिपुरालाई डडेल्धुरा जिल्लाको रोडी (रोदी?) भन्ने ठाउँबाट आएको कुरामा विश्वास गर्दछन् । यसबारे स्थानीय समाजमा प्रचलित स्थानीय कथा यस प्रकारको छः

उहिले वैतडीको एक जना मान्छे डडेल्धुरा बस्ने आफ्नो इष्टमित्रका घरमा बेसाहा लिन गएछ । उसले त्यस ठाउँबाट १ धोक्रो जौ किनी लिएर आएछ । जौको भारी बोकेर ठाउँ ठाउँमा बिसाउँदै आउँदा यिनै त्रिपुरा भएको स्थानमा आएपछि उसलाई जङ्गल जाने काम परेछ र यहीं भारी बिसाई जङ्गल बस्न गएछ । जङ्गलबाट फर्किएर आएपछि जौको धोक्रो उठाउन खोज्दा उठाउन सकेन छ । एक रत्ति पनि धोक्रो नचलेको देख्ता आफै छक्क परेछ । एकछिन पछि फेरि धोक्रोलाई समाई उठाउन खोजेछ । यसरी उठाउन खोजेको देख्ता "तिमी मलाई यहीं छोड" भन्ने आकाशवाणी भएछ । त्यो सुनेपछि त्यो मान्छेले मेरो घरमा एक गेडो पनि खाने अन्न छैन भन्दा फेरि "तिम्रो घरमा सबैथोक छ गएर हेर त !" भनी दोस्रो पटक पनि आकाशबाणी भएछ । यति सुनेपछि त्यो मान्छे निन्याउरो

२ मेची–महाकाली भाग ४, पृष्ठ १०२३

मुख लगाउँदै 'जौ' को धोक्रो त्यही छोडी आफ्ना घरमा गएछ । घरमा पुगेपछि उसले भकारी भरि अन्न, कोठा भरि भाडा वर्तन फलफूल समेत भएको देखि खुसी हुंदै फेरि त्यो मान्छे 'जौ' को धोक्रो भए ठाउँमा फर्किएर आएछ । आउँदा जौको धोक्रोलाई शिला रुप भएको भेट्टाएछ र त्यही शिलालाई त्यही स्थानमा स्थापित गरी 'यी भगवती देवी हुन्" यिनले मलाई यस्तो यस्तो भनिन् भनी सबैलाई सुनाएछ । त्यसपछि सबैले साक्षात् शिलास्वरुपिणी देवीलाई पूजा गर्न थालेछन् । यसरी कालक्रमानुसार भगवती त्रिपुराको पूजा चलि आएको हो ।"

कयौं वर्ष अगाडि जीर्णोद्धार गरी बनाएको यस मन्दिरको अगाडि र दायाँ बायाँ दुबैतिर घन्टहरू टाँगिएका छन् । बैतडीको कलाकृतिले सुसज्जित यस मन्दिरको अगाडि बारा छ । बारा त्यसलाई भनिन्छ, जहाँ भगवती त्रिपुराको जात्रा भएको बखत दमाई बसी बाजा बजाउने गर्दछन् । यस बाराको माथि सिंहको मूर्ति पनि राखिएको छ । यसको छेउमा मौलो छ जहां त्रिपुराको प्रसन्नताको लागि बलि दिइने गरिन्छ ।

मन्दिर कै अगाडि बराहको मूर्ति अङ्कित प्रस्तरको स्तम्भ र देवीको प्रस्तर मूर्ति पनि छ । साथमा केही त्रिशूलहरू पनि राखिएका छन् । यस ठाउँलाई स्थानीय जनताहरू चौसठ्ठी जोगीनि र ५२ सौ बीरहरूको स्थान भनी संबोधन गर्छन् । मन्दिरकै अगाडि केही गज पर बारा जस्तै खालको एउटा मञ्च छ । स्थानीय भाषामा माच भनिन्छ । मञ्चमा धामी र पूजारीको मात्र जाने अधिकार रहन्छ । जात्रा पर्वमा यस मञ्चमा गएर धामीले काम्दै मन गढन्ते कुराहरू भक्तजनहरूलाई सुनाउँछ । यसबेला भक्त जनहरू धामीलाई विभिन्न प्रश्न सोध्ने र धामीबाट प्रश्न-हरूको उत्तर सुन्ने समेत गर्दछन् । प्रश्न सोध्ने माध्यम पूजारी बन्दछ । त्रिपुराको दक्षिण दिशामा एक भन्डार घर पनि छ जहाँ भगवती त्रिपुराका पूजा सामग्रीहरू राखिन्छन् ।

## २ लाटादेवताको मन्दिर

त्रिपुरा मन्दिरको पश्चिमतिर रहेको यस मन्दिरमा लाटा देवताको प्रतीक स्वरुप शिलाहरू छन् । यो मन्दिर पश्चिम दिशाभिमुख छ । प्राचीन मानिने लाटा देवताको पूजा स्थानीय जनताहरू आश्विन शुक्ल पञ्चमी, कार्तिक शुक्ल दशमी र चैत्र शुक्ल पञ्चमीमा गर्ने गर्दछन् । त्रिपुरा मन्दिरकै पश्चिमतिर कएल पाल देवताको मन्दिर पनि छ जसको पूजा पनि उक्त तिथिमा नै हुने गर्दछ ।

## ३ शिव मन्दिर

सदर मुकाम बैतडीबाट त्रिपुराको मन्दिरमा जाने बाटोको बिचमा पर्ने चमलेक गाउँमा रहेको नवनिर्मित यस शिवमन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ । यसको द्वार उत्तराभिमुख छ । यस मन्दिरभन्दा केही अगाडि पिजास देवताको स्थान आउँछ । स्थानीय जनता-हरू यस देवतालाई प्राचीन काल देखि नै पूजा आजा गर्दै आइरहेका छन् ।

## ४ कृष्ण मन्दिर

सदरमुकाम खलङ्गा बजार भित्र रहेको नवनिर्मित यस मन्दिरमा सङ्गमर्मरको कृष्णको मूर्ति स्थापित गरिएको छ । कृष्णमूर्तिको दुवैतिर गोपिनीका प्रस्तर मूर्तिहरू पनि राखिएका छन् । मन्दिरको शिरो भागमा गजूर र मन्दिरको द्वार पूर्वोत्तरदिशाभिमुख छ । यस मन्दिरको दायाँतिर छेउमा रहेको शहीद दशरथ चन्दको मूर्ति निकै भव्य तथा आकर्षक देखिन्छ ।

## ५ जगन्नाथ मन्दिर

सदरमुकाम खलङ्गा बजारको पूर्वदिशामा पर्ने गढी खलङ्गामा अवस्थित यो मन्दिर प्राचीन मानिन्छ । यस मन्दिरभित्र भगवान जगन्नाथको खैरो कालो रंगको करिब ६ इन्च जति लामो शिलाको स्थापना गरिएको छ । भगवान जगन्नाथलाई स्थानीय जनताहरू स्वयंभूको रूपमा मान्छन् । जगन्नाथको विषयमा प्राचीन प्रचलित कथा यस प्रकारको छः "ईश्वरी गङ्गा देखि भिन्नभिन्न बाटो गरी आएर भगवान जगन्नाथ यहाँ प्रस्फुटित भएका हुन्" । ईश्वरी गङ्गा सदरमुकामको उत्तरदिशामा पर्दछ । यहाँको गुफा बैतडी जिल्लाको प्रसिद्ध गुफा हो । यस गुफामा शिवरात्रि र अन्य विशेष पर्वहरूमा स्नान गर्न जानेहरूको घुइंचो लाग्दछ । जगन्नाथ मन्दिरको मुख्यद्वार उत्तरदिशाभिमुख छ । जग-न्नाथको प्राचीन मन्दिर कस्तो प्रकारको थियो त्यो अज्ञात छ ता पनि स्थानीय जनताको तर्फबाट जीर्णोद्धार गरिएको

यस मन्दिरको अगाडि केही घन्टहरू टांगिएका छन् । घन्टकै छेउमा शिवको सांढे पनि प्रहरी बनी बसेको छ । मन्दिरको चारैतिर पर्खाल लगाएको छ । मन्दिरको पश्चिम दिशामा नवनिर्मित पूजारी घर छ, जहाँ पर्व पर्वमा सन्त महन्तहरू आएर बस्ने गर्दछन् । पश्चिम दिशामा रहेको नवनिर्मित द्वार र दक्षिण दिशाका दोस्रो द्वार समेत पार गरेपछि मात्र जगन्नाथको मन्दिरमा जान सकिन्छ । यसरी जांदा दोस्रो द्वारको दाहिनेतिर पर्खालमाथि गणेशका दुई प्रस्तर मूर्ति र भैरवको स्थान, देब्रे तिर लक्ष्मीको प्रस्तर मूर्तिको सर्व प्रथम दर्शन हुन्छ ।

स्मरणीय के छ भने विशेष पर्वमा बाहेक भक्त जनहरूले भगवान जगन्नाथको कहिल्यै दर्शन गर्न पाउँदैनन् । अन्य प्राचीन ऐतिहासिक मन्दिरहरूमा धामी गाउँ पञ्चायत अन्तर्गत सतपालीको नागार्जुन मन्दिर, रौलेश्वरको वासुदेव मन्दिर, बरायल पञ्चायतको रौलेश्वर केदार, दुर्गास्थान गा. पं. सुकोल गाउँको ग्वाल्लेक केदार एवं निगला केदार आदि प्रसिद्ध छन् ।

## ६ निगलासेनी भगवतीको मन्दिर

देहीमाण्डु पञ्चायत अन्तर्गत देहीमाइमा रहेको आधुनिक कलाकृतिले परिपूर्ण यो मन्दिर भव्य तथा आकर्षक छ । चारैतिरबाट पर्खाल उठाई २०३१ सालमा बनाएको यस मन्दिरको भित्री भागमा स्थानीय मूर्ति देख्न नपाउनु मैले आफ्नो दौर्वल्य ठानेको छु । तर पनि वाहिर स्थापित भगवतीका मूर्तिहरूको दर्शनबाट भित्र पनि अवश्य नै भगवतीको सङ्गमर्मरको मूर्ति स्थापित गरिएको हुनु पर्छ भन्ने मेरो धारणा छ । यस मन्दिरको द्वार पश्चिमदिशाभिमुख छ । मूल ढोकाको माथि दायाँ पट्टि भित्ताको खोपामा सङ्गमर्मरको गणेशको मूर्ति र मन्दिर पछाडि पट्टि सङ्गमर्मरका सिंह बाहिनी भगवतीका भव्य पांच मूर्तिहरू राखिएका छन् । यस मन्दिरका कलाकृतिले परिपूर्ण खम्वाहरू र यज्ञकुण्डको निर्माण चातुरी अवर्णनीय रहेको छ । यस मन्दिरको आसपासमा ससानो बजार पनि छ । यस मन्दिरमा प्रतिवर्ष आश्विन पूर्णिमाका दिन जात्रा मनाउने प्रचलन छ । उक्त दिन बैतडी र स्वराड्बाट धामी, पूजारी तथा भक्तजनहरू गाज लिएर उत्सव मनाउन आउने गर्दछन् । यो जात्रा निकै रमाइलो हुन्छ ।

## ७ ठाकुर देवता मन्दिर (शिव मन्दिर)

पाटन पञ्चायत अन्तर्गत पाटन गाउँको मैतड भन्ने स्थानमा रहेको यो मन्दिर त्रिपुर सुन्दरीको मन्दिर जस्तै कलाकृतिले परिपूर्ण छ । गजूर विहीन यस विशाल मन्दिर भित्रको भागमा गुम्वजाकारको एक अर्को मन्दिर बनाइएको छ । यस भित्र शिवलिङ्गको स्थापना गरिएको छ । शिवलिङ्ग माथि चांदीको छाता साथमा पञ्चवर्ति, कलश, शङ्ख आदि पूजा सामग्री राखिएको छ । उक्त गुम्वजाकार मन्दिरको ढोकाको देब्रे तिर भित्तामा नारायणको र दाहिनेतिर लक्ष्मीको प्राचीन कलात्मक सुन्दर प्रस्तर मूर्ति राखिएको छ । नारायण मूर्तिको छेउमा सङ्गमर्मरको नयाँ आसनमाथि राजा उदयदेवको सङ्गमर्मरको नयाँ मूर्ति पनि सुसज्जित गरेर राखिएको छ । उक्त गुम्वजाकार मन्दिरको उत्तरतिर भित्तामा रहेका देव तथा देवीका प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूले पनि आफ्नो पूर्ख्यौली इतिहासलाई बचाएका छन् । २०१६ सालमा निर्माण गरिएको यस मन्दिरको द्वार पूर्व दिशाभिमुख छ । यस भन्दा अगाडिको प्राचीन मन्दिर कस्तो प्रकारको थियो यसबारे केही थाहा नभए पनि यहाँ प्राप्त प्राचीन प्रस्तर मूर्तिहरूले यस स्थलको प्राचीनतालाई सुरक्षित साथ राखेको कुरामा गर्व लाग्दछ । यस मन्दिरको भित्री र बाहिरी भागमा ठड्याइएका कलात्मक खम्वाहरूले पनि प्राचीनताको पुट दिएका छन् । मूल द्वारको दायाँ वायाँ दुवैतिर भित्तामा प्राचीन कलात्मक प्रस्तर मूर्तिहरू पनि जडिएका छन् । स्मरणीय के छ भने उक्त मन्दिरलाई स्थानीय ठाकुरहरूले बनाएको हुंदा 'ठाकुर मन्दिर' को नामले स्थानीय जनताहरू संवोधित गर्छन् । यस मन्दिरको ठीक अगाडि अर्को शिवको मन्दिर पनि छ ।

## ८ राधाकृष्ण मन्दिर

ठाकुर मन्दिर र शिव मन्दिरको उत्तर दिशामा रहेको यस नवनिर्मित मन्दिरमा राधा कृष्णको सङ्गमर्मरको कलात्मक मूर्ति स्थापित गरिएको छ । राधा र कृष्ण मूर्तिका अगल वगलमा गणेश र अन्य देवीका मूर्तिहरू पनि सुसज्जित छन् । मन्दिरको भित्री र वाहिरी भित्तामा शिव पार्वती र अन्य देव तथा देवीका चित्रहरू पनि टांगिएका छन् । शिरो भागमा गजूरले सुशोभित यस मन्दिरको वरिपरि पर्खाल लगाएको छ । यो मन्दिर पूर्व-

दिशाभिमुख छ । यस्तै बगाडी पाउँ पञ्चायतको वस्ती गाउँमा नवनिर्मित सहस्रलिङ्गको मन्दिर मैवड गाउँ स्वर्गेनी पिपलनदीको किनाराको शिव मन्दिर आदि प्रसिद्ध छन् ।

## ९ प्राचीन देवल

सदरमुकाम खलङ्गा बजार देखि दक्षिण पट्टि केही तल रहेको देवलहाट गाउँमा रहेका यी देवलहरू धराशायी बन्ने तर्खरमा छन् । यी प्राचीन कलात्मक देवलहरूको संख्या जम्मा सात छ । यी देवलहरूको निर्माण बाह्रौं तेह्रौ शतीतिर भएको अनुमान हुन्छ । उक्त ७ देवलहरूमध्ये दुइटा देवलहरू धराशायी भैसकेका छन् । यी धराशायी देवलहरूबाट तामाका लोहोटा जस्ता केही वर्तनहरू पनि प्राप्त भएका छन् । उक्त देवलहरू मध्ये एक देवलमा केही वर्ष अगाडिदेखि शिवलिङ्गको स्थापना गरिएको छ ता पनि गणेश, भगवती र खण्डित उमामहेश्वरको प्राचीन कलात्मक प्रस्तर मूर्तिहरूको प्राप्तिबाट यी देवलहरू शैवसम्बन्धी भएको ज्ञात हुन्छ । तर पनि यी देवलहरूमा कुन देवताको स्थापना गरिएको थियो यकिन गरेर केही भन्न सकिंदैन । उमामहेश्वरको प्रस्तर मूर्तिमा एक अभिलेख पनि कुंदिएको छ । यो अभिलेख योगी नरहरिनाथजीले प्रकाशित पनि गरेका छन् । यी देवलहरू पूर्वदिशाभिमुख छन् । वस्तुतः यी देवलहरू प्राचीन राजाहरूका इष्ट देवताका हुन् ।

## १० कुल्लेक कोट

देवल हाट गाउँको पूर्वोत्तर दिशामा केही पर रहेको यो कोट त्यति बढी प्राचीन नभएता पनि यसको ऐतिहासिक महत्व भने अवश्य नै छ । यस कोटको निर्माण कसले गरेको थियो यकिन गरेर भन्न सकिदैन ता पनि नेपाल अधिराज्यको एकीकरणको अभियानको वेला यहाँ चन्दठकुरीहरूको शासन थियो । मेची–महाकालीमा यस कोटको निर्माण कर्तामा कुलिचन्दलाई प्रकाशमा ल्याइएको छ । यस कोटका भग्नावशेषहरू यत्रतत्र छरिएका छन् । सुरक्षाको दृष्टिबाट त्यति महत्वपूर्ण नरहेको यस कोटमा कुनै किसिमको कलाकृति पाइदैन । तर पनि यस कोटको उत्तर दिशामा केही पर देवीका प्राचीन प्रस्तर मूर्तिहरू र त्रिशूलहरू छन् । साथै यस प्राचीन कोटको उत्तर दिशामा केही तल बाटोको छेउमा दुर्गादेवीको मन्दिर पनि छ । यस्तै अन्य प्रसिद्ध स्थलहरूमा नङ्थरा भगवतीको मन्दिर, वाराकोट, गुरूखोला सतबीज, लिस्कोटा, पिपलकोट, लटिनाथ, सिगास देवता आदि प्रमुख छन् ।

## ८ डडेलधुरा जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने महाकाली अञ्चलका पहाडी जिल्लाहरू मध्ये यो एक पहाडी जिल्ला हो । चुरे पर्वतीय श्रृंखला, बेसी प्रदेश, भित्रीमधेश र पहाडी प्रदेशले बनेको यस जिल्लाको पूर्वमा सेती नदी, पश्चिममा महाकाली नदी, दक्षिणमा चुरे पहाडी श्रृङ्खला र उत्तरमा घनबस्याको लेक पर्दछन् । भौगोलिक परिप्रेक्ष्यमा यस जिल्लाको अवस्थिति २९° १' उत्तर देखि २९° २६' उत्तरी अक्षाँशमा र ८०° १२' पूर्वदेखि ८०° ४७' पूर्वी देशान्तर भित्री पर्दछ। (१)

यस जिल्लामा विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । विशेष गरेर यहाँ छेत्री, बाहुन र ठकुरीहरूको आधिक्य छ । यस जिल्लामा यौटा यस्तो नारी समाज पनि छ, जसलाई देवकी समाज भनिन्छ । यहाँका मानिसहरू धर्म प्रति जती मात्रामा आस्थ र विश्वास राख्तछन्, त्यति नै मात्रामा भूत, प्रेत र पिशाच प्रतिको आस्था पनि यहाँ पाइन्छ । यसको साथै पर्व पर्वमा मन्दिरमा गई पशुवलि दिने, पूजा आजा गर्ने, जात्रा मनाउने जस्ता कार्यहरूमा यस जिल्लाको स्थान पनि अन्य जिल्लाको हाराहारीमा छ । शिक्षा, यातायात, स्वास्थ एवं सामाजिक राजनैतिक आदि गतिविधिबाट यो जिल्ला निकै पछाडि परेको अनुमान हुन्छ ता पनि नयाँ शिक्षा योजनाको कार्यान्वयनले गर्दा यहाँ शिक्षा प्रति विशेष अभिरूचि पैदा भएको पाइन्छ । अन्य जिल्लाका मानिसहरू जस्तै यस जिल्लाका मानिसहरू पनि जीविकोपार्जनका लागि भारततिर जाने आउने गर्दछन् । यहाँको जनबोलीमा अन्य जिल्लाको भन्दा केही पृथकता पाइन्छ ।

यस पर्वतीय जिल्लाको सदर मुकाम डडेलधुरा खलङ्गा बजार हो । कोही यसलाई डडेलभुरा पनि भन्ने गर्दछन् ।

१ मेची–महाकाली– भाग ४, पृष्ठ १०६९

स्थानीय भाषामा ढाडलाई डँडेल्नु भनिन्छ र यहाँका चुरे पर्वतीय श्रृङखलाका धारहरू मान्छेको ढाड जस्तै तमतन्न परेर बसेको हुनाले 'डडेलधुरा' भन्ने नाम यस जिल्लाको रहेको हो भन्ने स्थानीय जनताको भनाइ छ।

## १ अजयमेर कोट

हाटगाउँ, हरडीगाउँ पश्चिम गोलाइडाँडो पूर्व सुनेला, मजेलवडा उत्तर जिजोडा गाउँ दक्षिणमा पूर्व पश्चिम हुँदै उत्तर तर्फ वगिरहेको मजर गाडले घेरेको प्राकृतिक विशाल चट्टानमाथि रहेको यो भग्नावशेष दरवार त्यसैत अजेय छँदै छ। त्यसमा पनि 'अजयमेरकोट' नामबाटै यस कोटको दुर्गम्यताको बोध हुन्छ। भग्नावशेष यस प्राचीन दरवारको रूपरेखा कस्तो थियो यसबारे अड्कल काट्न पनि कठिन पर्ने यस दरवारको लम्बाई अन्दाजी ३०० गज र चौडाइ ४० गज जति छ। प्राचीन दरवारका अवशेषहरू यत्रतत्र छरिएर रहेका छन्। मूलद्वारको केही भाग टुटेर पनि अझै केही बाँकी नै छ। यसरी केही भत्किएर अनि केही नाङ्गिएर भए पनि आफ्नो प्राचीनतालाई गाइरहने चट्टानै चट्टान माथि रहेको यस दरबारमा जाने प्राचीन बाटो कता-तिरबाट थियो यसै भन्न सकिन्न। तर पनि केही वर्ष अगाडि स्थानीय जनताको तर्फबाट खनिएको गोरेटोबाट आज भोलि यहाँ सजिलै संग जान सकिन्छ। आफ्नो प्राचीनताको पुख्यौंली गांस्ने यस कोटका भग्नावशेषहरू मनमोहक हुनुको साथै दर्शनीय छन्। त्यसमा पनि प्राचीन कलाकृतिले विभूषित कतिपय भग्न अवशेषहरूलाई हेर्दा कुन चाही नेपाली मात्रको मन फुफुल्लित तथा दुषित नहोला। यस दरवारको वृत्त भित्र रहेका प्रत्येक भग्नावशिष्ट घर-हरूको भित्ताको गारोको चौडाई अन्दाजि २ हात जति छ। पहिले यो दरवार कति खण्डमा विभाजित थियो भन्न सकिदैन तापनि आजभोलि सामान्यतः दृष्टिगत गर्दा यस दरवारका १० खण्ड भएको अनुमान हुन्छ। स्थानीय जनताहरू यस दरवारलाई मल्लो खण्ड र तल्लो खण्ड गरी दुई भागमा विभाजित गर्दछन।

यस कोटको नाम अजयमेर कोट नै किन? यस प्रश्नको सही उत्तर अहिले सम्म प्राप्त हुन सकेको छैन ता पनि केही तर्कहरू यसबारे उपस्थित गर्न सकिन्छ। यस कोट दरवारको भौगौलिक स्थिति नै यस्तो छ जसमाथि कसैले पनि सहसा त्यसवेला आक्रमण गर्न सक्तैनथियो। त्यसैले यो अजेय थियो। साथै पहाडी विशाल चट्टानमाथि यो दरवार भएकोले सम्भवतः दरवार बन्नु भन्दा पहिले यस ठाउँलाई पर्वत वा मेरू वा सुमेरू भनी पुकारिने गर्दथ्यो। यी उक्त तीनै शब्दको अर्थ पहाड भएकोले वा मेरू, सुमेरू एवं पर्वत शब्दको प्रयोग पहाडलाई बुझाउने अर्थमा एक अर्काको पर्यायवाची रूपमा प्रयोगमा आएको पाइएकोले उक्त कोटको नाम पनि पहिले मेरू वा सुमेरू मात्र थियो होला। यस मेरूलाई पछिबाट कसैले आक्रमण गर्न नसकेकोले यसको नाम अजयमेरू राखेको हुन सक्तछ। यसै अजयमेरू माथि दरवार बने पछि यसको नाम अजयमेरू कोट रह्यो होला र त्यसको परिमार्जित रूप अजयमेर वा अजैमेर कोट भएको होला। मतलव भाषाको गति कठिनताबाट सरलता-तिर जाने हुदा अजय शब्दको अजै शब्द र मेरू शब्दको मेर शब्द काल क्रमले बन्यो होला। त्यसैले स्थानीय जनता-हरू यस कोटलाई अजैमेर पनि भन्ने गर्दछन्। यस कोटको परिधिभित्र मजर गाडको किनारामा एक मंच पनि छ।

सम्पादक देवकान्त पन्थले डोटी मुडभराका देविदत्त जोसीको घरबाट प्राप्त वंशावलीलाई आधार मानी त्रिलोकी पाल र चन्द्रपाल पछिका अजैपालको सम्बन्ध अजयमेरूकोट संग थियो कि? भन्ने शङ्का पनि उपस्थित गरेका छन्। (२)। यस कोट बारे स्थानीय समाजमा प्रचलित लोकगीत यस प्रकारको छः जसको उल्लेख प्रकरणवश माथि पनि भै सकेको छ।

मदेश जाई दिल्ली गजया पर्भत जाई सिजो विलोस्या।
सिजाका बुझ काटी अजयमेरू जाइ थाप्या।
हो हेमन्तपाल राजा भया।

## २ अजयमेरकोट देवल

अजयमेरकोट पूर्व हाट गाउँको पुछार मजर गाडको किनारामा रहेका यी प्राचीन देवलहरूको निर्माणकाल बाह्रौ तेह्रौ शतीतिर हुनु धेरै संभव छ। यी देवलहरूको

२. डोटेली लोकसाहित्य, एक अध्ययन, पृष्ठ ८१ प्रकाशक– नेपाल एशियाली अध्ययन संस्थान।

निर्माणकला बैतडी हाट गाउँका देवल र अछाम विनायक पञ्चायतका विनायक देवलहरूको जस्तै छ। यी देवलहरूमा कतिपय देवलहरू धराशायी भै सकेका छन् भने कतिपय धराशायी हुने अवस्थातिर बढ्दै छन्। कुनै देवलका थामका बुट्टाहरू अति नै कलात्मक छन् र कुनै देवलमा देवीका कलात्मक मूर्तिहरू कुँदिएका छन्। आजभोलि धराशायी भएका देवल बाहेक अन्य देवलको संख्या सात छ। तर यी सात देवलहरू केही वर पर तल माथि पारी निर्माण गरिएका छन्। उक्त देवल भए ठाउँमा एक मञ्च र एक कीर्तिस्तम्भ पनि छ। कतिपय देवल र कीर्तिस्तम्भमा समेत अभिलेखहरू कुँदिएका छन्। यी अभिलेखहरू संस्कृतभाषामा छन्। यी देवलहरूको पश्चिमदिशामा केही पर चार प्राचीन नाउलीहरू (कुवा) पनि छन्। स्मरणीय के छ भने हाट गाउँबाट अजयमेर कोट जाने बाटोको छेउमा एक भग्नावशिष्ट मञ्च पनि छ, जहाँ अभिलेख कुंदिएको छ। उक्त देवलहरूमा कुनै किसिमको मूर्ति पनि देखा पर्दैन।

## ३ जगन्नाथ मन्दिर (देवल)

भद्रपुर पञ्चायत अन्तर्गत देउरो गाउँको सिरानमा रहेको यो मन्दिर (देवल) प्राचीन हो। यसको निर्माण कसले गऱ्यो यसबारे निश्चित रूपमा केही भन्न सकिन्न ता पनि यसको निर्माण बाह्रौं तेह्रौं शतीतिर भएको अनुमान गर्न हामीलाई समकालिन मन्दिरहरूको अध्ययनबाट सजिलो हुन्छ। यस मन्दिरभित्र जगन्नाथ भगवानको शिला स्थापित गरिएको छ। स्थानीय जनताहरू भगवान जगन्नाथलाई स्वयंभूको संज्ञा दिन्छन्। यस मन्दिरको मुख्य द्वार पश्चिम दक्षिण दिशा भिमुख छ। जगन्नाथको दाहिनेतिर कएलपाल र लाटोदेवताका शिलाहरू द्वारपालको रूपमा रहेका छन्। साथमा पीडेश्वर भगवान र पाञ्चायन देवताका शिलाहरू पनि राखिएका छन्। पीडेश्वर भगवानलाई स्थानीय जनताहरू ब्रह्मस्वरूप मान्छन्। जगन्नाथ मन्दिरको अगाडि यज्ञकुण्डको निर्माण गरिएको छ। मन्दिरको ठीक अगाडि घण्टहरू पनि टाँगिएका छन्। यस मन्दिरमा पुसको महिना बाहेक पर्व पर्वमा पूजा होमादि हुने गर्दछ। कार्तिक शुक्ल द्वितीयादेखि कृष्णपक्षको तृतीया तिथि सम्म लक्ष्य होम तथा भगवानको विशेष पूजा हुन्छ भनि स्थानीय जनताहरू भन्दछन्। यस जगन्नाथ मन्दिरको अगाडि एक प्राचीन देवल पनि छ जहाँ प्राचीन कलात्मक प्रस्तरका विभिन्न देवी तथा देवताका मूर्तिहरू एकत्रित गरी राखिएका छन्। यी प्रस्तर मूर्तिहरूको निर्माण बाह्रौं शतीतिर भएको अनुमान हुन्छ।

उक्त दुबै देवलको शिरोभाग गजूरले शोभित छ। मन्दिरको वरिपरि पर्खाल लगाएको छ। यस मन्दिरको पश्चिम दिशामा रहेका चार मञ्चहरूमध्ये तीन भग्नावशेषको रूपमा रहेका छन भने एक धराशायी हुने अवस्थामा छ। यी मञ्चहरूको २० गज जति पर एक प्राचीन मगराहा पनि छ।

## ४ शिव मन्दिर

डडेलधुरा सदर मुकाम खलङ्गा बजारमा रहेको यस नवनिर्मित शिव मन्दिरमा शिवलिङ्गको स्थापना गरिएको छ। साथमा गणेश, सिंहवाहिनी भगवती, र अन्य देवताका धातुका मूर्तिहरू पनि छन्। यस मन्दिरको मुख्य द्वार पूर्व दिशाभिमुख छ। मन्दिरको अगाडि शिवको बाहन नन्दी र केही घण्ट पनि टाँगिएका छन्। शिवालयको पछाडि पट्टि शिवपार्वतीको सङ्गमर्मरको मूर्ति पनि राखिएको छ। शिवालय वृत्त भित्रै भैरवको स्थान छ।

## ५ उग्रतारा मन्दिर

डडेलधुरा पाटन बजारको पश्चिम दिशामा मूलबाटोको छेउमा रहेको यस नवनिर्मित मन्दिरभित्र उग्रतारादेवीको प्रतीक स्वरूप शिलाको स्थापना गरिएको छ। यहाँ नित्यपूजा हुन्छ र प्रतिवर्ष कार्तिक शुक्ल पूर्णिमाका दिन यहाँ जात्रा पनि हुने गर्दछ। यसको पूजा र अन्य व्यवस्थाको लागि श्री ५ को सरकारबाट अनुदान मिलेको थाहा भएको छ। यसको मुख्य द्वार पूर्व दक्षिण दिशाभिमुख छ। यस मन्दिरकै परिधिभित्र एक शिवालय पनि छ। यसका अतिरिक्त यस जिल्लाको राहूँ पञ्चायतको सहस्रलिङ्ग स्थान, सर्माली गाउँ पञ्चायतको समयनाथ, तल्लो स्वराडको मेलौनी देवीको स्थान, देवल पञ्चायत रूपालगाउँको भागेश्वर, रूवाखोला पञ्चायतको घण्टेश्वर, घटाल पञ्चायतको घटाल देवता र समयनाथ, घोड गाउँ पञ्चायतको दुर्गामन्दिर, चमडा पञ्चायतको वेतालको मन्दिर आदि प्रसिद्ध स्थलहरू हुन्।

## ८ डडेलधुरा गढी

डडेलधुरा सदर मुकाम खलाङ्ग बजार भित्र रहेको यो प्राचीन भव्य तथा आकर्षक गढीको निर्माण कसले कहिले गऱ्यो यस बारे कुनै प्रमाण पाउन सकिएको छैन । सुरक्षाको दृष्टिबाट अति महत्वपूर्ण भएको यस गढीको मुख्य द्वार उत्तरदिशाभिमुख छ । गढीको भित्री चोकमा भैरवको स्थान पनि छ ।

## ९ कञ्चनपुर जिल्ला

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलका अन्य जिल्ला जस्तै यो पनि एक प्रमुख जिल्ला हो । सन १८६० मा अंग्रेजबाट नेपालले फिर्ता लिएका क्षेत्रहरू मध्ये यो क्षेत्र पनि नयाँ मुलुकको नामले प्रख्यात छ । यस जिल्लाको पूर्वमा कैलाली जिल्ला, पश्चिम र दक्षिणमा भारत र उत्तरमा डडेलधुरा जिल्लाहरू पर्दछन् । केही वर्ष अगाडि यस जिल्लाले कालापानीको संज्ञा पनि पाएको थियो । चुरे पहाडी श्रृङ्खला र घना जङ्गलले घनीभूत भएको यस जिल्लाको भौगोलिक अवस्थिति ८०° ३' पूर्वदेखि ८०° ३३ पूर्व देशान्तर र २८° ३२ उत्तर देखि २९° ८ उत्तरी अक्षाँशमा पर्दछ (१) ।

यस जिल्लामा गुरूङ्ग, बाहुन, मगर, सार्की, छेत्री, कामी, थारू आदि विभिन्न जातिका मानिसहरू बसोबास गर्दछन् । यहाँका थारू जातिको आफ्नै किसिमको सभ्यता संस्कृति एवं रीति रिवाज चाल चलन छ भने अन्य जातिको आफ्नै किसिमको । शिक्षा, यातायात आदिको दृष्टिबाट अन्य जिल्ला भन्दा अगाडिदै गएको चुरे पर्वतीय श्रृङ्खला र तराइ प्रदेशको समष्टिबाट बनेको यस जिल्लाको सदर मुकाम महेन्द्रनगर महाकाली अञ्चल कै सदर मुकाम हो । साथै यो महेन्द्रनगर महाकाली अञ्चलको एक प्रमुख व्यापारको केन्द्र पनि हो । यस जिल्लाको नाम कञ्चनपुर बारे कुनै ऐतिहासिक आधार प्राप्त भएको छैन ।

**परिशिष्ट भाग**

### १ सिंहपुर दरबार

सदर मुकाम महेन्द्र नगरबाट २५ कि. मि. टाढा शाही संरक्षित वन भित्रको रानीतालको आसपासमा रहेको यस दरबारका भग्नावशेषहरू अद्यापि यत्रतत्र छरिएर रहेका छन् । आजभोलि जङ्गलले घेरिएको यस ठाउँलाई स्थानीय जनताहरू सिंहपुर नामले संबोधित गर्दछन् । साथै यस भग्नावशेष दरबारको निर्माताको रूपमा सिंहपाल राजाको नामलाई औंल्याउने गर्दछन् । वस्तुतः भग्नावशेषहरूको अध्ययन एवं अनुसन्धान नभए सम्म यसै हो भनी यकिन गर्न सकिदैन । तर पनि यस प्राचीन दरबारको ऐतिहासिक महत्व दिनानुदिन बढ्दै जाने कुरा निश्चित छ ।

### २ महाकालीको मन्दिर

सदर मुकाम महेन्द्र नगरको वृत्त भित्र रहेको नवनिर्मित यस मन्दिरमा चतुर्भुजा महाकालीको सङ्गमर्मरको कलात्मक मूर्ति स्थापित गरिएको छ । साथमा गणेशको सङ्गमर्मरको मूर्ति पनि छ । यसै मन्दिरको १०।१५ गज जति पर अग्लो आसन बनाई राखिएको एक पीतल ढलोटको मूर्ति छ । यसलाई स्थानीय जनताहरू घटालदेवताको नामले सम्बोधन गर्दछन् । वस्तुतः दाहिने हातमा तरबार र देब्रे हातमा ढाल लिएको हाँसिरहेको देखिने यस मूर्तिले कुनै महापुरूषको संस्मरण गराउँछ । यस्तै सदर मुकामको छेउमा रहेको गोवरैया भन्ने ठाउँमा पनि प्राचीन कलात्मक प्रस्तरको मूर्ति प्राप्त भएको छ । बस्तुतः यस प्रकारको मूर्ति अद्यावधि अन्यत्र कतै पनि देख्न पाइएको छैन । यसैले यो एक विलक्षण देखिन्छ ।

---

१ मेची-महाकाली भाग ४, पृष्ठ १११२

# ऐतिहासिक ताम्रपत्र रूक्का, लालमोहर र सनद एवं शिलाभिलेखहरू

क) ताम्रपत्रहरू कैलाली जिल्लाबाट

| | | |
|---|---|---|
| १. | रारा रैका विक्रमशाहको ताम्रपत्र | शाके– १५९९ |
| २. | माहाराजा रैका पाहाडी शाहीको ताम्रपत्र | ” १७२० |
| ३. | राजा निरैपालको ताम्रपत्र | ” १२७४ |
| ४. | राजाधिराज कीर्ति मल्लको ताम्रपत्र | ” १४०३ |
| ५. | महाराजाधिराज बिक्रम शाहीको ताम्रपत्र | ” १५९६ |
| ६. | कीर्ति मल्लको ताम्रपत्र | ” १४०४ |

ख) डोटी जिल्लाबाट

| | | |
|---|---|---|
| १. | माहाराजा रैका कृष्ण शाहीको ताम्रपत्र | शाके– १७०१ |
| २. | माहाराजा बिक्रम शाहीको ताम्रपत्र | ” १६०९ |
| ३. | माहाराजा रैका कृष्ण शाहीको ताम्रपत्र | ” १७०० |

ग) अछाम जिल्लाबाट

| | | |
|---|---|---|
| १. | राजा दलबहादुर शाहाको ताम्रपत्र | शाके– १८१४ |
| २. | श्री जयबर्मचन्द्रको ताम्रपत्र | ” १३५० |

घ) बाजुरा जिल्लाबाट

| | | |
|---|---|---|
| १. | अभय मल्लको ताम्रपत्र | शाके– १२९८ |
| २. | सुमती बर्माको ताम्रपत्र | ” १३४३ |

ङ) बझाङ्ग जिल्लाबाट

| | | |
|---|---|---|
| १. | पाटागाउँबाट प्राप्त अभय मल्लको ताम्रपत्र | शाके– १२९८ |

च) डडेलधुरा जिल्लाबाट

| | | |
|---|---|---|
| १. | मानधाता शाहीको ताम्रपत्र | शाके– १६२३ |
| २. | माहाराजा रैका विक्रम शाहीको ताम्रपत्र | ” १६०७ |
| ३. | राजा कल्याण चन्द्रदेवको ताम्रपत्र | ” १६५३ |
| ४. | मानधाता शाहीको ताम्रपत्र | ” १६३८ |
| ५. | माहाराजा रैका मानधाता शाहीको ताम्रपत्र | ” १६४१ |
| ६. | राजा राम शाहीको ताम्रपत्र | ” १५३६ |
| ७. | राजा मानधाता शाहीको ताम्रपत्र | ” १६१२ |
| ८. | राजा जिता सिंहको ताम्रपत्र | ” १५९६ |
| ९. | पहाडी शाहीको ताम्रपत्र | ” १५६८ |
| १०. | राजा विक्रम शाहीको ताम्रपत्र | ” १५९३ |
| ११. | राजा पहाडी शाहीको ताम्रपत्र | ” १५६४ |
| १२. | राजाको ताम्रपत्र | ” १५४४ |
| १३. | मानधाता शाहीको ताम्रपत्र | ” १६३९ |

(छ) अभिलेखहरू डोटी जिल्लाबाट

| | | |
|---|---|---|
| १. | शैलेश्वरी शिलालेख | शाके– १८२८ |
| २. | शैलेश्वरी मुक्तिपौवाको शिलालेख | " १६६३ |
| ३. | किर्तिखाम गाउँको बाटाको शिलालेख | " ---- |
| ४. | सिलगडी कोट ब्यारेकको शिलालेख | " १९०४ |
| ५. | दिपायल दिलीपेश्वर समाधिस्थलको शिलालेख | " १७६७ |
| ६. | दिलीपेश्वर मठमा रहेको ढलोटको भैरव मूर्त्यभिलेख | " १५१६ |
| ७. | दिलीपेश्वर मठको अभिलेख | " १५७० |
| ८. | दिलीपेश्वर मठ समाधिस्थलको शिलालेख | " १६८१ |
| ९. | पत्थरमा अङ्कित नागमल्लको छाप २ | " |
| १०. | जिजोडा नाउलीको शिलालेख (डडेलधुरा) | " १६२४ |

(ज) अछाम जिल्लाबाट

| | | |
|---|---|---|
| १. | विनायक देवलबाट प्राप्त शिलाभिलेख | शाके– १२०२ |

यो अभिलेखको आदिम पंक्ति संस्कृतमा छ र पनि जैराज प्रसाद करायो शाके १२०२ सुत्रधार नागदेव नाम कमायो भन्ने नेपाली शब्दको उल्लेख अन्त्यमा प्रष्ट देखिएकोले नेपाली साहित्यको क्षेत्रमा यसले नेपाली भाषाको प्राचीनतालाई औंल्याउँछ। यसरी हुँदा आजभोली नेपाली साहित्यमा आदिमरूप मानिएको आदित्य मल्लको सम्वत् १३७८ को अभिलेख भन्दा उक्त अभिलेख ४१ वर्ष अगाडिको देखा पर्छ। अर्थात उक्त शिलालेखको समय सम्वत् १३३७ हुन आउँछ। यसैले सम्वत् १३७८ को अभिलेख भन्दा यो अभिलेख ४१ वर्ष अगाडि भएकोले नेपाली भाषाको आदिमरूप आज यसैले लिएको छ। आशाछ– खोज गर्दै जाँदा यस भन्दा अगाडिको नेपाली भाषाको रूप फेला पर्न सक्ला।


३. डडेलधुरा जिल्लाबाट

| | | |
|---|---|---|
| १. | निरैपाल राजाको अजयमेरकोट देवलको शिलालेख | शाके– १३१५ |
| | (क) बीरखम्भाभिलेख | शाके– १३०९ |
| | (ख) बैठक अभिलेख | शाके– १६०६ |
| | (ग) विभिन्न जिल्लाबाटः– | |
| १. | श्री मन्महाराजाधिराजस्य रूक्का | सं. – १८९१ |
| २. | गुठी जग्गाको लालमोहर | सं. – १८६३ |
| ३. | लालमोहर | " – १८६९ |
| ४. | हस्तदल शाहको पत्र | " – १८७१ |
| ५. | रूक्कापत्र | " – १९३७ |
| ६. | सुरथजङ्ग राणाको पत्र | – १९३८ |


| | | |
|---|---|---|
| ७. | टोडी गोड्धुवातहसील अड्डाकस्य पत्रम् | ” – १९५४ |
| ८. | कर्णेलसाहवले जोगीलाई लेखेको कवोलपत्र | ” – १९२६ |
| ९. | जुद्ध शम्शेरको रूक्कापत्र | ” – १९९२ |
| १०. | रणउद्दीप सिंहको रूक्कापत्र | ” – १९३८ |
| ११. | वीर शम्शेरको रूक्का पत्र | ” – १९४६ |
| १२. | कर्णेल तेजबहादुर राणाकस्य रूक्का | ” – – |
| १३. | चौतरीया पुष्कर शाहकस्य रूक्का | ” – १८८८ |
| १४. | कर्णेल तेजबहादुर राणाकस्य पत्रम | ” – १९४३ |
| १५. | चौतरिया बबरजङ्ग शाहकस्य पत्रम् | ” – १८९९ |
| १६. | डोटी राजा पहाडी शाहीको स्यामोहर | शाके – १५७१ |
| १७. | राजा रघुनाथ शाहीले रणजित गोसाईलाई जग्गाबारे गरिदिएको प. | सं. – १८९० |
| १८. | राजा किर्तिबहादुर सिंहको कस्य रूक्का | सं. – १९४१ |
| १९. | कर्णेल प्रेमजङ्ग राणाबहादुरकस्य रूक्का | सं. – १९४१ |
| २०. | कर्णेल प्रेमजङ्ग राणाकस्यपत्रम् | ” – १९४२ |
| २१. | राजा किर्तिवहादुर सिंहकस्य रूक्का | ” – १९३? |
| २२. | मे. ज. कृष्णधोज कुवर राणाकस्य पत्रम् | ” – १९१८ |
| २३. | श्री मन्महाराजाधिराजस्य रूक्का (शिला देवीको लालमोहरको नकल) | ” – १९९३ |
| २४. | चौ. वमशाहकस्य पत्रम | ” – १८७६ |
| २५. | श्री मन्महाराजाधिराजस्य रूक्का | ” – १८९४ |
| २६. | सरदार कनकसिंह महतस्य पत्रम् | ” – १९०९ |
| २७. | चौ. पुष्कर शाहकस्य पत्रम् | ” – १८७९ |
| २८. | कांलीजुङ गुल्म संवन्धी पत्रहरू (डोटी) | × |
| २९. | जनरल उद्दीपसिह कुवर राणाकस्य पत्रम् | ” – १९२३ |
| ३०. | कर्णेल सुथजंग राणाकस्य पत्रम् | ” – १९३८ |
| ३१. | चौतरिया भीमबिक्रमशाहको पत्र | ” – १९०३ |
| ३२. | चौ. वबर जंग शाहको पत्र | ” – १८९३ |
| ३३. | पुष्कर शाहको पत्र | ” – १८८८ |
| ३४. | सरदार पूर्णशाह र भैरवसिहको पत्र | ” – १८५९ |
| ३५. | कप्तान प्रताप जंग वहादुरको सनद | ” – १९६३ |
| ३६. | जंग वहादुर राणाले गरिदिएको रूक्कापत्र | ” – १९३३ |
| ३७. | लालमोहर जोगराम जैसीलाई गरिदिएको | ” – १८८३ |
| ३८. | राजा जय पृथ्वी वहादुर सिह कस्य रूक्का | ” – १९५४ |
| ३९. | राजा सुदर्शन चक्रशाहले महेश्वरलाई गरिदिएको लालमोहर | ” × |
| ४०. | राजा विक्रम वहादुर सिंहकस्य रूक्का | ” – १९२३ |



महिषासूर मर्दिनी; सिमटोला गाउँको दोभानमा अवस्थित जगन्नाथ मन्दिरमा रहेको, डडेलधुरा



क. पञ्चदेवल, अजयमेरकोट, डडेलधुरा ।




ख. तलकोट राजाका हातहतियार, बझाङ ।

## निष्कर्ष

प्राचीन डोटी राज्यको ऐतिहासिक अध्ययनको सिलसिलामा मैले जे जस्ता ऐतिहासिक तथ्यहरू फेला पार्न सकें, तीनै तथ्यहरूको आधारमा यो लेख प्रस्तुत गरिएको छ । यस अनुसन्धानात्मक लेखमा विशेष गरेर पूर्व प्राचीन तथा प्राचीन शक्ति संपन्न डोटी राज्यको राजनैतिक एवं सांस्कृतिक परिचयका संस्मरणीय नमूनाहरूलाई अगाडि ल्याउने चेतना नै सर्वोपरि रहेको छ । हुन सक्तछ– मेरो अध्ययनमा कतिपय ऐतिहासिक त्रुटिहरू हुन सक्लान् र सबैतिरबाट यो संपूर्ण पनि बनेको नहोला तथापि मैले यस प्रयासलाई आफै भित्र संमेटेर राख्ने निर्णय गर्न सकिन । फलस्वरुप यो यस्तै रूपमा विद्वानहरूको सामु प्रस्तुत छ । यस लेखलाई प्रस्तुत गर्न पनि म माथि कतिपय बाधा अड्चनहरू परे अनि ती बाधाहरूलाई सक्दो मात्रामा पन्छाउने प्रयास पनि नगरेको होइन तर पनि म यस लेखमा पूरा ब्लक दिन असमर्थ भएँ । यसमा विद्वानहरूसंग क्षमा याचना गर्दछु । अन्त्यमा यस अनुसन्धानात्मक खोजमा हरतरहले सहयोग गर्नु हुने पुरातत्व विभागका निर्देशक श्री रमेशजंग थापाज्यू र नेपाली साहित्यका चिरपरिचित श्री जनकलाल शर्माज्यू दुबै धन्यवाद टक्र्याउँछु । साथै यस कार्यमा विशेष चाख लिनु हुने डा० साफल्य अमात्य प्रति विशेष आभार व्यक्त गर्दछु । अन्त्यमा– ती सबै व्यक्तिहरूलाई जसले मन्दिर एवं मूर्तिको तथ्याङ्क, ताम्रपत्र र अन्य कागजातको सुविधा प्रदान गरेका छन् ।

## सहयोगी पुस्तक पत्र पत्रिका अभिलेखहरू


- शैलेश्वरी खण्ड काव्य
१ इतिहास प्रकाश सन्धिपत्र संग्रह, भाग १
२ *An Account of the Kingdom of Nepal*
३ पूर्णिमा, वर्ष २, अङ्क २
४ कुमाउँ
५ गढवाल
६ उत्तराखण्डका राजनैतिक तथा सांस्कृतिक इतिहास
७ राम शाहको जीवन चरित्र
८ *Nepal Review, April 1969, Vol I, N.6*
९ प्राचीन नेपाल, संख्या २७ पुरातत्व विभागको मुखपत्र
१० कुमाउँ हिल (*Kumaun Hills*)
११ मान्धाता शाहीका ताम्रपत्रहरू
१२ अमर सिंह थापा
१३ डोटेली लोक साहित्य, एक अध्ययन
१४ हाम्रो देश दर्शन
१५ *The Rise of the House of Gorkha*
१६ मेची महाकाली, भाग ४
१७ अभयमल्लको ताम्रपत्र
१८ सुमति ब्रह्मको ताम्रपत्र
१९ इतिहास प्रकाश, भाग ३, अङ्क २
२० महिषासुर मर्दिनी पादपीठाभिलेख, सिरकोट अछाम
२१ विनायक पञ्चदेवलको अभिलेख– अछाम
२२ अन्य विविध पुस्तक पत्रपत्रिका र अभिलेख आदि
२३ वंशावलीहरू
२४ महाकाली अंचल दिग्दर्शन
२५ राष्ट्रभाषा
२६ राष्ट्रिय अभिलेखालयबाट प्राप्त अन्य ताम्रपत्र र ऐतिहासिक कागजातहरू
२७ माथि उल्लिखित ताम्रपत्र र कागजातहरू



# تاریخ سرمور

مشتملہ

حالات قدیم و حال ریاست سرمور مع حالات راجگان و مختصر تذکرہ

خاندان [illegible] نیز مختصر حالات نیپال [illegible]

مولفہ

کنور رنزور سنگھ صاحب رئیس

ناہن ریاست سرمور پنجاب

مطبوعہ انڈین پریس الہ آباد